गाउँ सभा / कार्यपालिका वैठकवाट स्वीकृत मिति २०८३/०३/ १०

# हाम्रो सिलीचोड

सिलीचोड गाउँपालिकाको स्थानीय पाठ्यक्रम




## सिलीचोड गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

तास्कु, सङ्खुवासभा, नेपाल

**शुभकामना**



देश विकासको मुख्य मेरुदण्ड  शिक्षा हो । नेपालको संविधान २०७२ को अनुसूची ८ मा आधारभूत र माध्यमिक तह सम्मको शिक्षा व्यवस्थापन गर्ने अधिकार स्थानीय तहलाई प्रत्यायोजन गरिसकेको अवस्था छ । संविधानबाट प्रदत्त अधिकार कार्यान्वयन गर्नु स्थानीय तहको कर्तव्य हो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११, २( ज) ले पनि स्थानीय तहको कार्यक्षेत्रभित्र विद्यालय शिक्षासम्बन्धी व्यवस्था गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले कक्षा १ देखि ८ सम्म नै पठनपाठन हुने गरी स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ । यसै आधारमा रही सिलीचोङ गाउँपालिकाले पनि स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वायन गर्न लागिरहेको छ । यसरी तयार गरिएको पाठ्यक्रमप्रति स्थानीय जनताको अपनत्व बढ्ने, पाठ्यक्रम विकास र कार्यान्वयनमा पहुँच तथा प्रभावकारिता अभिवृद्धि हुने, विद्यालय र समुदायको सम्बन्ध सुदृढ हुने, न्यून मूल्यका स्थानीय सामग्रीको प्रयोग हुने, पाठ्यक्रम समसामयिक, सान्दर्भिक, सन्तुलित, लोकतान्त्रिक र स्थानीय मूल्य मान्यता अनुरूपको हुनुका साथै समयको परिवर्तनसंगै परिवर्तित परिवेश समय सापेक्ष बनाइएको छ । यस स्थानीय पाठ्यक्रमबाट सिलीचोङ गाउँपालिकाको पहिचान स्थापित गर्न थप सहयोग पुऱ्याउने कुरामा म विश्वस्त छु । यो पाठ्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाई बालबालिकालाई गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने कार्यमा सम्बद्ध सबैबाट सक्रिय योगदानको अपेक्षा गर्दछु । स्थानीय पाठ्यक्रम छोटो समय र पहिलो प्रयासमा निर्माण भएकाले सबै विषय क्षेत्रहरू नसमेटिएका हुन सक्छन् जसका लागि निरन्तर सुधार र परिमार्जन लागि सम्बन्धित सबैबाट निरन्तर रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा गरेको छु । अन्तमा, यस पाठ्यक्रमको सफल कार्यान्वयनको शुभकामना व्यक्त गर्दै यो पाठ्यक्रमलाई मूर्तरूप प्रदान गर्नका लागि सहयोग गर्नुहुने सम्पूर्णमा कृतज्ञता ज्ञापन गर्दछु ।

भूपालराज मेवाहाङ<br>
अध्यक्ष<br>
सिलीचोङ गाउँपालिका

## शुभकामना



गुणस्तरिय शिक्षा आजको आवश्यकता हो। शिक्षालाई स्थानीय आवश्यकतासंग समय सापेक्ष सम्बोधन नगरी स्थानीय जनजीवनका विषयमा उठेका समस्याको उचित समाधान हुन सक्दैन्। भोलिका कर्णधार भनेर चिनिने आजका कलिला बालबालिकाले आफ्नै आवश्यकता अनुसारको शिक्षा लिन पाउनु उनीहरुको बाल अधिकारको क्षेत्र भित्र समेत पर्दछ । आफ्नै रुचि र आवश्यकता अनुसारको शिक्षा प्राप्तिको अवसर पाउदा विद्यार्थीवर्गमा खुसी र सिकाइप्रति उत्प्रेरित हुने वातावरण बन्दछ। शिक्षा सम्बन्धि कानुनहरुले स्थानीय आवश्यकतालाई पुरा गर्न स्थानीय पाठ्यक्रमको नीतिगत अधिकार स्थानीय तहलाई दिएपछि यतिबेला स्थानीय तहहरुले आफू अनुकुलका विषयवस्तु समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्दै आइरहेका छन्। यसै सन्दर्भमा हाम्रो सिलीचोङ गाउँपालिकाले पनि स्थानीय सरोकारवालहरुको सहभगितामा,विज्ञता र आवश्यकतामा आधारित भई **हाम्रो सिलीचोङ** नामक आधारभूत तह कक्षा (१-८) को पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्दै छ । यस पाठ्यक्रमको कार्यान्वयनसँगै लक्षित वर्गको आवश्यकता सम्बोधन हुने विश्वास लिएकी छु। सिलीचङको माटोसँग विद्यार्थीलाई परिचित गराउँदै श्रमसँग जोडि अभिभावकले खोजे जस्तो ज्ञान, सिप, प्रतिस्पर्धी र प्रविधियुक्त बालबालिका उत्पादनमा यो पाठ्यक्रम सक्षम हुने छ भन्ने विश्वास लिएको छु। यस स्थानीय पाठ्यक्रम निर्माणमा प्रत्यक्ष वा परोक्ष सहयोग गर्नुहुने सम्पूर्णप्रति आभारी छु। अन्त्यमा यो पाठ्यक्रम सफल होस् भन्ने शुभकामना व्यक्त गर्दछु।

देविता कुलुङ
उपाध्यक्ष
सिलीचोङ गाउँपालिका

## शुभकामना



वर्तमान शिक्षा प्रमाणीलाई थप परिष्कृत बनाउन स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वायन आजको आवश्यकता हो । स्थानीय पाठ्यक्रम शिक्षा समस्या समाधानको कडी हो, शिक्षा चुनौती कम गराउने साधन हो,व्यक्तिको जीवन सफल बनाउने साधन र साध्य दुवै हो । अतः स्थानीय पाठ्यक्रम शिक्षा जीवनसँग जोडिनु पर्छ । स्थानीय पाठ्यक्रमले व्यक्तिलाई जीवनोपयोगी व्यवहार कुशल सिप दिन सक्नुपर्छ । यो बालबालिकको प्रत्यक्ष दैनिकी र अभिभावकको गुजारासँग जोडिने भएकाले स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वायन आजको आवश्यकता हो । स्थानीयहरुकै मागमा आधारित शिक्षा दिन स्थानीय पाठ्यक्रमको जन्म भएको हो । यसको अभ्यास विश्वभरि गरिदै आइएको छ । यस गाउँपालिकाले पनि **हाम्रो सिलीचोङ** नामक स्थानीय पाठ्यक्रम तयार गरी कार्यान्वयनमा लगेको छ । यसको सफल कार्यान्वयन शिक्षक मित्रहरुको हातमा छ भने साथ र सहयोग अभिभावक तथा अन्य सरोकारवालाहरुको हातमा रहने छ । यो स्थानीय पाठ्यक्रमको सफल कार्यान्वयले राष्ट्रिय पाठ्यक्रमले सम्बोधन गर्न नसकेका तर स्थानीय विषयवस्तु र आवश्यकता पुरा गर्न सफल हुने छ भन्ने विश्वास लिएको छु । यसको सफल कार्यान्वय सँगै अपेक्षाकृत शैक्षिक सुधार होस् हार्दिक शुभकामना ।

प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत
सिलीचोङ गाउँपालिका संखुवासभा

**मन्तव्य**



शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो। आजको युगमा अध्ययनरत बालबालिकाहरुले विश्वपरिवेशसंगै स्थानीय परिवेशको पनि ज्ञान हासिल गर्नु अपरिहार्य छ। स्थानीय परिवेश, रहनसहन, प्राकृतिक, धार्मिक तथा सांस्कृतिक स्रोत साधनहरूको पहिचान गरी त्यसको महत्वलाई नबुझिकन शिक्षाको उद्देश्य पूरा हुन सक्दैन र तिनीहरूको दिगो संरक्षण पनि हुन सक्दैन। तसर्थ गाउँपालिकाको आफ्नै स्रोतसाधनको उपयोग गरी स्थानीय आवश्यकताका विषयवस्तुहरूलाई समेटेर स्थानीय विषयको पाठ्यक्रम **"हाम्रो सिलीचोङ"** आधारभूत तह (कक्षा १-८) - २०८३, निर्माण तथा प्रकाशनसँगै गाउँपालिकाका सम्पूर्ण विद्यालयहरूमा लागू गर्न लागेकोमा स्थानीय पाठ्यक्रम निर्माण कार्यदलको हैसियतमा मलाई अत्यन्तै खुसि लागेको छ। सिलीचोङ गाउँपालिकाभित्र रहेका विभिन्न शैक्षिक, धार्मिक, सांस्कृतिक धरोहरहरू, यसभित्र विद्यमान प्राकृतिक सम्पदा जस्ता पक्षहरूलाई समेटी बहुजातीय, बहुभाषिक र संस्कृति भएको यस गाउँपालिकाको पहिचानलाई औपचारिक शिक्षाको विद्यालय तहमा उजागर गरिएकाले यो पाठ्यक्रम महत्त्वपूर्ण रहेको छ। यसका लागि प्रत्येक वडामा पुगेर सम्बन्धित शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमि, बुद्धिजिवि, समुदाय र सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गरी स्थानीय सम्पदाको महत्त्वलाई शिक्षाको मूलधारमा ल्याउन गरिएको प्रयास उदाहरणीय रहेको छ।

यस पाठ्यक्रमले आधारभूत तह (कक्षा १-८) मा अध्ययनरत विद्यार्थीलगायत स्थानीय समुदायलाई समेत आफ्नो प्राकृतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा भाषिक सम्पदाहरूको संरक्षण र संवर्द्धनमा अभिप्रेरित गर्नेछ भन्ने मैले विश्वास लिएको छु। स्थानीय पेसा, प्रविधि तथा सम्पदाको आवश्यकता र महत्त्वलाई बुझेर यस पाठ्यक्रमको लेखन तथा सम्पादनमा सहयोग गर्नुहुने स्थानीय पाठ्यक्रम सल्लाहकार समिति, अनुगमन मूल्याङ्कन समिति र निर्माण समितिका सदस्यहरू, आफ्ना विषयगत क्षेत्रका अमूल्य सुझावहरू दिनुहुने व्यक्ति तथा विद्वत्वर्गमा हार्दिक आभार व्यक्त गर्दछु। यसैगरी अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष, कार्यपालिकाका सदस्य गाउँ शिक्षा समितिका पदाधिकारी, स्थानीय शिक्षाविद्, कर्मचारी, शिक्षाप्रेमी, अभिभावक, विद्यार्थी लगायत सम्पूर्ण महानुभावहरूले आ-आफ्नो क्षेत्रबाट पुऱ्याउनु भएको सहयोगप्रति आभार प्रकट गर्दछु। अन्त्यमा, यो पाठ्यक्रम छोटो समयमा तयार गरिएकोले यसमा कुनै त्रुटि देखिन आएमा विज्ञ तथा विद्वत्वर्गको सकरात्मक सुझावसहित आगामी दिनमा संशोधन तथा परिमार्जन गरिँदै लगिने तथा यो पाठ्यक्रम यस गाउँपालिकाको अविस्मरणीय कृतिका रूपमा रहदै यसको सफलता एवम् प्रभावकारी कार्यान्वयनको अपेक्षा गर्दछु।

रमेश कार्की
शिक्षा अधिकृत(अधिकृतस्तर सातौं)
सिलीचोङ गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा

## हाम्रो भनाइ

शिक्षालाई स्थानीय ज्ञान, जीवनोपयोगी सिप, स्रोत, कला, परम्परा र संस्कृतिसँग आबद्ध गर्ने सम्बाहकको रूपमा स्थानीय पाठ्यक्रम रहेको हुन्छ । स्थानीय पाठ्यक्रमको उद्देश्य स्थानीय परिवेश, आवश्यकता, व्यवसाय, परम्परा, संस्कार, भूगोल, विकास तथा प्रविधिको विकास तथा संरक्षण गर्नु रहेको हुन्छ । त्यसैगरी यसले विद्यार्थीहरूको स्थानीय कला तथा सौन्दर्यप्रतिको अनुराग, मानवीय मूल्य, मान्यता र आदर्शको संरक्षण र सम्बद्र्धन गर्ने भावनाको विकास गरी पाठ्पुस्तकको सहयोगले हजारौं वर्षमा प्राप्त भएका रैथाने ज्ञान, सिप, परम्परा र संस्कृतिलाई पहिचान गरी उजागर गर्नेदेखि संस्करण, सम्बद्र्धन र विकासका लागि भावना र तद्अनुकूलको व्यवहार निर्माणमा समेत अहम् भूमिका खेल्दछ । यसै परिपे्रक्ष्यमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार प्रयोग गरी स्थानीय पाठ्यक्रम विकास तथा निर्माण मार्गदर्शन, २०७६ अनुसार आधारभूत तहको कक्षा (१—८) सम्मको लागि सिलीचोङ गाउँपालिकाद्वारा ‘हाम्रो सिलीचोङ’ स्थानीय विषयमा पाठ्यक्रमको विकास गरिएको हो । पाठ्यक्रममा उल्लेखित सक्षमता र उद्देश्यहरू हासिल गर्न सहयोग पुग्ने गरी यो स्थानीय पाठ्यक्रम  विकासमा अमूल्य सल्लाह सुझावहरु प्रदान गर्नुहुने संरक्षक पालिका प्रमुख श्री भूपालराज मेवाहाङज्यू प्राविधिक तथा प्रशासनिक सहयोग प्रदान गर्न हुने सल्लाहकारद्वय उपप्रमुख श्री देवीता कुलुङ ज्यू र प्रमुख प्रशासकीय अधिकृत श्री प्रवीण राई साथै पाँचवटै वडाका वडा अध्यक्षज्यूहरु लगायत यस कार्यमा संलग्न सम्पूर्ण महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्दछौं । सिलीचोङ गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयहरूमा यो स्थानीय पाठ्यक्रम कार्यान्वयन गरिनेछ । यो पाठ्यक्रमका विषयवस्तुहरू कार्यान्वयन गर्न शिक्षण सिकाइ क्रियाकलाप महत्वपूर्ण हुन्छ । यसको लागि शिक्षकले स्थानीय ज्ञान, सिप, प्रविधि, विज्ञको अनुभव तथा सहयोग लिई कार्यान्वयन गर्न सक्नुपर्छ । यसैगरी पाठ्यपुस्तकको कार्यान्वयन प्रभावकारी बनाउन विद्यार्थी, शिक्षक, अभिभावकलगायत सम्पूर्ण सरोकारवालाहरूको भूमिका महत्वपूर्ण ठानिएको छ । अन्त्यमा आगामी दिनमा यस पाठ्यपुस्तकलाई अद्यावधिक र परिमार्जन गर्न सबै सरोकारवालाहरूबाट अमूल्य तथा रचनात्मक सुझावहरू प्राप्त हुने अपेक्षा गरिएको छ ।

स्थानीय पाठ्यक्रम लेखन कार्यदल
सिलीचोङ गाउँपालिका

**स्थानीय पाठ्यक्रम निर्माणका लागि कार्यपालिकाद्वारा गठित समितिहरुः**

**क) सल्लाहकार समितिः**

संयोजक/अध्यक्ष- श्री भूपाल राज मेवाहाङ

सदस्य- श्री देविता कुलुङ

सदस्य- श्री राम बहादुर कुलुङ

सदस्य- श्री गणेश कुलुङ

सदस्य- श्री मोहन शमसेर कुलुङ

सदस्य- श्री प्रताप सिंह तामाङ

सदस्य- श्री देबेन्द्र राई

सदस्य- श्री ईश्वर राई

सदस्य सचिव- श्री प्रविण राई

**ख) योजना अनुगमन मूल्याङ्कन समिति**

अध्यक्ष- गाउँपालिका अध्यक्ष

सदस्य- गाउँपालिका उपाध्यक्ष

सदस्य- सामाजिक विकास समितिको संयोजक

सदस्य सचिव- प्रमुख प्रशासकीय अधिकृत

**ग) योजना निर्माण कार्यदलः**

संयोजक/अध्यक्ष- श्री रमेश कार्की

सदस्य- श्री राजु विष्ट

सदस्य- श्री गणेश राई

सदस्य- श्री कर्णबहादुर राई

सदस्य- श्री कविराज राई

सदस्य- श्री अस्मिता राई

सदस्य सचिव- श्री बुद्धि कुमार राई

## स्थानीय पाठयक्रम कक्षा (१-३)

स्थानीय पाठ्यक्रम निर्माण गर्दा आवश्यकताको आधारमा निम्नानुसार विषयवस्तुलाई समेटिएको छ ।

### १. तहगत सक्षमता

आधारभूत तह (कक्षा १–३) को अन्तमा विद्यार्थीहरू निम्नलिखित सक्षमताहरू विकास भएका हुने छन् :

१. सिलीचोङ गाउँपालिका क्षेत्र भित्रको परिचयात्मक प्रस्तुति,
२. जातजाति, भाषा, धर्म र संस्कृतिको पहिचान, संरक्षण र संवर्द्धन तथा प्रेरक व्यक्तित्वहरूको पहिचान,
३. चाडपर्व, रीति रिवाज तथा चाल चलनको पहिचान, संरक्षण र संवर्द्धन,
४. सामाजिक मूल्य मान्यता तथा समस्याहरूको पहिचान र समाधानका उपायहरू,
५. कृषि व्यवसायको पहिचान तथा आवश्यक ज्ञान र सिपको व्यवहारमा प्रयोग,
६. पेशा, व्यवसाय, उद्योग र सिपहरूको पहिचान, संरक्षण तथा प्रवर्द्धन,
७. प्राकृतिक सम्पदा र वातावरणको पहिचान, सदुपयोग, संरक्षण र संवर्द्धन तथा विपद् व्यवस्थापन,
८. ग्रामीण विकास तथा स्वस्थ जीवनको ज्ञान र व्यवहारमा प्रयोग,
९. बाल⁄पोषणमैत्री स्थानीय शासनको पहिचान र घर, परिवार, विद्यालय तथा समुदायमा प्रयोग,
१०. सूचना तथा सञ्चार प्रविधिको आवश्यकता, प्रयोग र यसले पारेको प्रभाव,
११. पर्यटकीय स्थलको पहिचान, संरक्षण र संवर्द्धन ।

### २. विषय क्षेत्र र क्रम

यस पाठ्यक्रमका लागि निर्दिष्ट गरिएका विषय क्षेत्रहरू र तिनीहरूको क्रम देहाय अनुसार रहनेछन् :

१. सिलीचोङ गाउँपालिकाको परिचय,
२. जाती, भाषा, धर्म, संस्कृति तथा प्रेरक व्यक्तित्वहरू,
३. चाडपर्व, रीतिरिवाज तथा चालचलन,
४. सामाजिक मूल्य मान्यता तथा समस्या र समाधानहरू,
५. कृषि व्यवसाय,
६. पेशा, व्यवसाय, उद्योग र सिपहरूको पहिचान तथा प्रवर्द्धन,
७. प्राकृतिक सम्पदा तथा वातावरण संरक्षण र विपद् व्यवस्थापन,
८. ग्रामीण विकास, प्रदुषण तथा सरसफाइ,
९. बाल⁄पोषणमैत्री स्थानीय शासन,
१०. सूचना तथा सञ्चार प्रविधि,
११. पर्यटन प्रवर्द्धन ।

## ३. विषयवस्तुको क्षेत्र र क्रम

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| १. सिलीचोङ गाउँपालिकाको परिचय | आफ्नो टोल तथा गाउँको नाम | आफ्नो वडामा बसोबास गर्ने मुख्य जातजाती | आफ्ना वडाका अध्यक्ष र सदस्यहरूको नाम र संख्या |
| २. जाती, भाषा, धर्म, संस्कृति तथा प्रेरक व्यक्तित्वहरू | परिवार र समुदायका जाती, भाषा सदस्यहरू समक्ष आदर, सम्मान, माया, ममता | समुदायका अग्रज तथा सामाजिक व्यक्तित्वहरूको पहिचान र आदर सत्कार | समुदायका जातीले बोलिने भाषा, भेषभूषा, रहनसहन |
| ३. चाडपर्व, रीति रिवाज तथा चालचलन | आफ्नो घर तथा समुदायमा मनाइने चाडपर्वहरू | आफ्नो समुदायमा वसोवास गर्ने जातजातिहरूले मनाउने चाडपर्वहरू | गाउँपालिका क्षेत्रभित्र मनाइने चाडपर्वरू |
| ४. सामाजिक मूल्य मान्यता तथा समस्या र समाधान | अनुशासन र मर्यादा धुम्रपान/लागुपदार्थ | परिवार प्रतिको मर्यादा, असल व्यवहार र मध्यपान र धुम्रपानको असर | सामाजिक/नैतिक मूल्य मान्यता, सामाजिक नियमको पालना र लागु पदार्थले व्यक्तिमा पार्ने असर |
| ५. कृषि र पशुपालन व्यवसाय | आफ्नो घरमा उत्पादित तरकारी तथा फलफूल र घर पालुवा जनावर | आफ्नो समुदायमा उपलब्ध तरिकारी, फलफूल, खाद्यान्न बाली तरकारी, पशुपालन तथा फाइदा | स्थानीय र अन्य जतका फलफूल, तरकारी र खाद्यान्नको सुरक्षाका उपाय |
| ६. पेशा, व्यवसाय, उद्योग र सिपहरूको पहिचान तथा प्रवर्द्धन | आफ्नो घर तथा समुदायमा अपनाइएका पेशा | स्थानीय स्तरमा उपलब्ध पेशा र व्यवसायबाट उत्पादन हुने वस्तुहरू | स्थानीय व्यवसाय तथा प्रविधि |
| ७. प्राकृतिक सम्पदा तथा वातावरण संरक्षण र विपद् व्यवस्थापन | टोल वा गाउँमा पाइने बोट विरुवा र जनावरहरू | स्थानीय क्षेत्रमा पाइने जडिबुटीहरू तथा पानीको स्रोतहरू | स्थानीय क्षेत्रमा पाइने बोटविरुवा, वन्यजन्तु तथा जडिबुटीहरू र जलस्रोतको महत्व |
| ८. ग्रामीण विकास, प्रदुषण तथा सरसफाइ | आफ्नो टोल तथा गाउँमा भएका विकासका पूर्वाधारहरू | आफ्नो वडामा रहेका विकासका पूर्वाधाहरू, कोठा तथा घर वरिपरिको सरसफाइ | स्थानीय क्षेत्रभित्र रहेका विकासका पूर्वाधारहरू, आफ्नो गाउँ, टोल तथा विद्यालयको सरसफाइ |
| ९.बाल/पोषणमैत्री स्थानीय शासन | आफ्नो परिवारका सदस्यहरू र विद्यालयको नाम | आफूलाई मन पर्ने र मन नपर्ने व्यवहार | घर तथा विद्यालयमा आफू अनुकुल वातावरणको अवस्था |
| १०. सूचना तथा सञ्चार प्रविधि | सूचना तथा सञ्चार प्रविधिका साधनहरू | स्थानीय स्तरमा प्रयोगमा आएका सूचना तथा सञ्चार प्रविधिका साधनहरू | स्थानीय स्तरमा रेडियो, मोबाइल र टेलिभिजनको उपयोग |
| ११. पर्यटन प्रवर्द्धन | आफू बसेको टोल वा गाउँमा भएका पर्यटकीय स्थलहरू | आफ्नो वडा भित्रका पर्यटकीय स्थलहरू | गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरू |

## ४. कक्षागत सिकाइ उपलब्धि

यस पाठ्यक्रमको कार्यान्वयन पश्चात आधारभूत तह कक्षा (१–३) मा अध्ययनरत बालबालिकामा माथि उल्लेखित क्षेत्र र क्रम अनुसार देहाय अनुसारको सिकाइ उपलब्धिहरू हासिल हुनेछ ।

### १. सिलीचोङ गाउँपालिकाको परिचय

<u>कक्षा</u> <u>सिकाइ उपलब्धि</u>

१ आफू बसोवास गर्ने टोल तथा गाउँको नाम बताउन,

२ आफ्नो वडामा बसोबास गर्ने मुख्य जातजातिको सूचीकरण गर्न,

३ आफ्नो वडाका अध्यक्ष र सदस्यहरूको सङ्ख्या र नाम बताउन र लेख्न ।

### २. जाति, भाषा, धर्म, संस्कृति, र प्रेरक व्यक्तित्वहरूको पहिचान संरक्षण र संवर्द्धन

<u>कक्षा</u> <u>सिकाइ उपलब्धि</u>

१ परिवार र समुदाय समक्ष आदर, सम्मान, माया, ममता देखाउन,

२ समुदायका अग्रज र सामाजिक व्यक्तित्वको पहिचान र आदर सत्कार गर्न,

३ समुदायमा बोलिने जातिगत भाषा, भेषभुषा, रहनसहन तथा धर्महरूको नाम भन्न र सूची बनाउन ।

### ३. चाडपर्व, रीति रिवाज तथा चालचलनको पहिचान, संरक्षण र संवर्द्धन

<u>कक्षा</u> <u>सिकाइ उपलब्धि</u>

१ आफ्नो घर तथा समुदायमा मनाइने चाडपर्वको नाम भन्न,

२ आफ्नो समुदायमा बसोबास गर्ने जातजातिहरूले मनाउने चाडपर्वहरूका नाम बताउन,

३ गाउँपालिका क्षेत्रभित्र मनाइने चाड पर्वहरूको सूची तयार पार्न ।

**४. सामाजिक मूल्य,मान्यता तथा समस्या र समाधान**

कक्षा		सिकाइ उपलब्धि

१	अनुशासन र मर्यादाको सामान्य रुपमा आशय बताउन,  धुमपान/ लागुपदार्थको सामान्य पहिचान गर्न,

२	परिवारप्रतिको मर्यादा, असल व्यवहार, मध्यपान र धुमपानको असर थाहापाउन,

३	सामाजिक मूल्य मान्यताको पालना गर्न, लागुपदार्थले व्यक्तिमा पार्ने असर भन्न ।

**५. कृषि व्यवसाय**

कक्षा		सिकाइ उपलब्धि

१	आफ्नो घर तथा समुदायमा उत्पादित तरकारी तथा फलफूलको नाम र घर पालुवा जनावरको नाम बताउन,

२	आफ्नो समुदायमा उपलब्ध तरकारी, फलफूल, खाद्यान्न बालीको सूची तयार पार्न र ताजा तरकारीको फाइदा बताउन,

३	स्थानीय र अन्य जातका फलफूल, तरकारी, खाद्यान्नको सुरक्षाका उपायहरू बताउन ।

**६. पेशा, व्यवसाय, उद्योग र सिपहरूको पहिचान तथा प्रवर्द्धन**

कक्षा		सिकाइ उपलब्धि

१	आफ्नो घर तथा समुदायमा अपनाइएका पेसाहरूको नाम बताउन ,

२	स्थानीय स्तरमा उपलब्ध पेशा र व्यवसायको नाम बताउन र तिनबाट उत्पादन हुने वस्तुहरूको सूची बनाउन,

३	स्थानीय व्यवसाय तथा प्रविधिको पहिचान गर्न ।

**७. प्राकृतिक सम्पदा ताथ वातावरण संरक्षण र विपद् व्यवस्थापन**

कक्षा		सिकाइ उपलब्धि

१	टोल वा गाउँमा पाइने बोट बिरुवाहरू, जङ्गली जनावरहरू पहिचान गर्न,

२	स्थानीय क्षेत्रमा पाइने जडिबुटीहरूको नाम र पानीको स्रोतहरूको नाम बताउन,

३	स्थानीय क्षेत्रमा पाइने बोटविरुवा, जडिबुटी, जलस्रोत र वन्यजन्तुहरूको महत्व बताउन ।

**८.ग्रामीण विकास, प्रदुषण तथा सरसफाइ**

कक्षा		सिकाइ उपलब्धि

१	आफ्नो टोल तथा गाउँमा भएका विकासका पूर्वधारहरू पहिचान गर्न,

२	आफू बस्ने कोठा तथा आफ्ना वरिपरि सरसफाइ राख्न, फोहोरका स्रोतहरूको पहिचान गर्न र

वडाका मुख्य–मुख्य पूर्वाधाहरूको सूचीकरण गर्न,

३	स्थानीय क्षेत्रभित्र रहेका विकासका पूर्वधारहरू पहिचान गर्न, आफ्नो गाउँ, टोल तथा विद्यालयको सरसफाइ गर्न गराउन उत्प्रेरित गर्न ।

**९. बाल/पोषणमैत्री स्थानीय शासन**

कक्षा		सिकाइ उपलब्धि

१	आफू, आफ्नो परिवारका सदस्यहरू र विद्यालयको नाम बताउन,

२	आफूलाई मनपर्ने र मन नपर्ने व्यवहार बताउन, पोषणको सामान्य परिचय दिन ।

३	घर तथा विद्यालयमा आफूलाई अनुकूल वातावरणका अवस्था बताउन ।

**१०. सूचना तथा सञ्चार प्रविधि**

कक्षा		सिकाइ उपलब्धि

१	सूचना तथा सञ्चार प्रविधिका साधनहरूको नाम भन्न,

२	स्थानीय स्तरमा प्रयोगमा आएका सूचना तथा सञ्चार प्रविधिका साधनहरूको पहिचान गरी सूची तयार पार्न,

३	स्थानीय स्तरमा प्रयोगमा आएका रेडियो, मोबाइल र टेलिभिजनका उपयोगहरू बताउन ।

**११. पर्यटन प्रवर्द्धन**

कक्षा		सिकाइ उपलब्धि

१	आफू बसेको टोल वा गाउँमा भएका पर्यटकीय स्थलहरूको नाम बताउन,

२	आफ्ना वडाभित्रका पर्यटकीय स्थलहरूको सूची बनाउन,

३	गाउँपालिकाभित्र रहेका पर्यटकीय स्थलहरूको सूची बनाउन ।

## ५. विषयवस्तुको विस्तृतीकरण

विषयवस्तुको विस्तृतीकरण तालिकामा तपसिल बमोजिम कक्षागत रूपमा बालबालिकाले अध्ययन गर्ने विषयवस्तु, हाँसिल गर्ने सिकाइ उपलब्धि, उपलब्धि हाँसिल गर्नका लागि गरिने सहजीकरण कार्यकलाप तथा सोको लेखाजोखा लाई प्रस्तुत गरिएको छ ।

**कक्षा १**

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| १. सिलीचोङ गाउँपालिकाको परिचय | गाउँको चिनारी ( भौगोलिक अवस्था) | • आफू बसोवास गर्ने टोल तथा गाउँको नाम बताउन | • आफू बसेको गाउँ वा टोलको नाम<br>• साथीको टोल तथा गाउँको नाम<br>• आफ्नो गाउँ, टोल र समुदायको स्वतन्त्र रुपले नक्सा अभ्यास<br>• साथीको गाउँ/टोल र समुदायको स्वतन्त्र रुपले नक्सा अभ्यास | • विद्यार्थीलाई पालैपालो उनीहरूको गाउँ वा टोलको नाम भन्न लगाउने र कालोपाटी/सेतो पाटीमा टिपोट गर्दै जाने,<br>• कुनै टोल वा गाउँको अवलोकन, भ्रमण गराउने र गाउँको नाम भन्न लगाउने,<br>• कुनै गाउँ वा टोलको चित्र/नक्सा प्रदर्शन गरेर उक्त चित्रमा देखाइएको गाउँसँग विद्यार्थीको गाउँ वा टोलको भौगोलिक अवस्थाका बारेमा सामान्य तुलना गर्न लगाउने,<br>• विद्यार्थीलाई आ-आफ्नो गाउँको नक्सा कोर्न लगाउने र रङ भर्न लगाउने,<br>• कालोपाटी/सेतोपाटीमा टिपोट गरेका आ-आफ्ना गाउँका नाम पहिचान गर्न लगाउने,<br>• विद्यार्थी विद्यार्थी बिचमा आ-आफ्ना साथीका गाउँ वा टोलको नाम भन्न लगाउने र सबैभन्दा बढी भन्नेलाई स्याबासी दिने,<br>• विद्यार्थीलाई समूहमा विभाजन गरेर एक समूहका विद्यार्थीलाई अर्को समूहका विद्यार्थीको गाउँ वा टोलको नाम भन्न लगाउने र छलफल गराउने, | • गाउँ वा टोलको चित्र, नक्सा<br>• गाउँ वा टोलको नाम लेखेको कार्ड<br>• श्रव्यदृष्य सामग्री<br>• अभिलेख फाराम | • गृहकार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>• अभिनय र तत्परता<br>• परियोजना कार्य<br>• चित्र, नक्सा कार्य<br>• समूह छलफल<br>• अवलोकन<br>• अध्ययन प्रतिवेदन<br>• रुजु सूची, श्रेणी मापन<br>• प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>• अनुलेखन<br>• अभिभावक प्रतिक्रिया<br>• क्षेत्र भ्रमण<br><br>उदाहरण<br>• तिम्रो गाउँ/टोलको नाम के हो ?<br>• तिम्रो कुनै ५ जना साथीको गाउँ/टोलको नाम भन ।<br>• तिम्रा साथीहरूको गाउँ/टोलमध्ये सबै भन्दा मनपर्ने गाउँ/टोल कुन हो ?<br>• आफ्नो गाउँ/टोलको नक्सा बनाई रङ भर । | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | • विद्यार्थीको नाम र गाउँ/वा टोलको नामसँग जोडा मिलाई खेल खेलाउने | | • सबैभन्दा राम्रो गाउँ/टोल कस्को रहेछ ?<br>• साथीको नाम र गाउँको नाम जोडा मिलाऊ ।<br>जस्ता प्रश्नहरूको छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |
| २. सामाजिक संस्कार, जाती, भाषा, धर्म, संस्कृति तथा प्रेरक व्यक्तित्वहरू | मेरो आनी बानी | • परिवार र समुदायमा आदर, सम्मान, माया, ममता देखाउन | • आफू भन्दा ठूलालाई आदर-सम्मान<br>• आफू भन्दा सानालाई माया ममता<br>• परिवारका सदस्यहरूलाई सहयोग<br>• छरछिमेकी र समुदायका मानिसहरू सँग घुलमिल | • कक्षामा विद्यार्थी विद्यार्थी बिचमा आदर सम्मान वा माया ममता गरेका अभिनय गराउने,<br>• आदर सम्मान गरेको चित्र/पोष्टरबाट छलफल गराउने,<br>• घर परिवारमा कुन सदस्यले कसलाई कसरी सम्बोधन गर्छन, भन्ने कुरा बताइदिने,<br>• नाता र सम्बोधन गर्ने शब्द सम्बन्धी शब्दपत्ति/कार्ड निर्माण गरी जोडा मिलाउन लगाउने/खेल खेलाउने,<br>• कालोपाटी/सेतोपाटीमा परिवारका सदस्य वा छिमेकीको वा चिनजानका व्यक्तिको नाम र सम्बोधनमा प्रयोग हुने शब्द प्रयोग टिपोट गरी कसलाई कुन आदर, सम्मान वा माया ममताका शब्द प्रयोग गरिन्छ, भनी छलफल र प्रश्नोत्तर गर्ने/गराउने,<br>• विद्यार्थीलाई आदर, सम्मान तथा माया-ममता गरेका चित्र कोर्न अभिप्रेरित गर्ने,<br>• जेष्ठ नागरिक तथा स-साना बालबालिकालाई पालो दिने, सहयोग गर्ने कुरा छलफल गर्ने गराउने, | • आफू भन्दा ठूलालाई आदर सम्मान गरेको पोष्टर, चित्र, तस्विर<br>• आफूभन्दा सानालाई माया गरेको पोष्टर, चित्र, तस्विर<br>• श्रव्यदृष्य सामग्री<br>• अभिनयका लागि तयार पारेको लेख | • गृहकार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>• अभिनय र तत्परता<br>• परियोजना कार्य<br>• चित्र, तस्विर<br>• समूह छलफल<br>• अवलोकन<br>• अध्ययन प्रतिवेदन<br>• रुजु सूची, श्रेणी मापन<br>• प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>• अभिभावक प्रतिक्रिया<br><br>उदाहरण<br><br>• बुवा/आमा/दाजु/दिदीलाई कसरी सम्बोधन गर्छौ ?<br>• बुवालाई खाना खान बोलाउँला कसरी बोलाउँछौ ?<br>• भाइलाई कसरी बोलाउँछौ ?<br>• आमाको दाइलाई के भन्छौ ?<br>• तिमी बा आमालाई के के कुरामा सहयोग गर्छौ ?<br>• दिइएका नाता र सम्बोधन शब्दको जोडा मिलाऊ । | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रश्नहरूको छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |
| ३. चाडपर्व, रीति रिवाज तथा चालचलन | हाम्रा चाडपर्वहरू | • आफ्नो गाउँघर, टोल, छिमेकमा तथा समुदायमा मनाइने चाडपर्वहरूको नाम भन्न | • आफ्नो परिवार र छरछिमेक तथा समुदायमा मनाइने चाडपर्वहरू<br>• आफनो गाउँ/टोलमा मनाइने चाडपर्वहरू<br>• आफ्नो साथीको परिवार, समुदाय, गाउँ वा टोलमा मनाइने चाडपर्वहरू | • विद्यार्थीलाई पालैपालो उनीहरूको घर परिवारमा मनाइने चाडपर्वहरू सोधि सेतोपाटी/कालोपाटीमा टिपोट गर्ने,<br>• शिक्षकले विद्यालय वरपर मनाइने चाडपर्वहरूको सूची तयार पारी छलफल गर्ने/गराउने,<br>• समुदायमा बसोवास गर्ने जातजातिका नाम र उनीहरूले मनाउने चाडपर्वका नाम छलफल गर्ने/गराउने,<br>• स्थानीय समुदायका जातजाति र चाडपर्व झल्कने चित्र/पोष्टरबाट छलफल गर्ने गराउने,<br>• स्थानीय जातजाति र चाडपर्वका कार्डपत्ती तयार पारी जोडा मिलाउने खेल खेल खेलाउने,<br>• शिक्षकले चाडपर्व र जातजातिका नाम राम्ररी पढेर सँगसँगै पढ्न लगाउने र अन्तमा प्रत्येक विद्यार्थीलाई पालैपालो पढ्न लगाउने, | • स्थानीय समुदाय र चाडपर्वका नाम लेखिएको चित्र/पोष्टर/चार्ट<br>• चाडपर्वको शब्दपत्ती<br>• स्थानीय समुदायको नामका कार्ड/शब्दपत्ती<br>• विद्यार्थी स्वयम् | • गृह कार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>अभिनय र तत्परता<br>परियोजना कार्य<br>चित्र, तस्बिर<br>समूह छलफल<br>अवलोकन<br>अध्ययन प्रतिवेदन<br>रुजु सूची, श्रेणी मापन<br>प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>अभिभावक प्रतिक्रिया<br>क्षेत्र भ्रमण<br><br><u>उदाहरण</u><br>• तिम्रो परिवारमा कुन कुन चाडपर्व मनाउछौ ?<br>• तिम्रो छिमेकमा कुन कुन चाडपर्व मान्छन् ?<br>• तिम्रो गाउँ/टोलमा कुन कुन चाडपर्व मान्छन् ?<br>• यस कालोपाटी/सेतोपाटीमा लेखिएका चाडपर्वको नाम भन ।<br>• तिम्रो समुदायमा मनाइने चाडपर्वहरू परिवारका सदस्यलाई सोधेर आउनु ।<br>• तिम्रो गाउँ/टोलमा कुन कुन जातका मानिस बस्छन् र कुन कुन चाडपर्व मान्छन् ? सोधेर आउनु । | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रश्नहरूको छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |
| ४. सामाजिक मूल्य मान्यता तथा समस्या र समाधान | अनुशासन र मर्यादा<br><br>लागुपदार्थ र धुम्रपान | • अनुशासनको सामान्य आशय व्यक्त गर्न,<br>• मर्यादाको आशय बताउन,<br>• लागुपदार्थ तथा धुम्रपानको पहिचान गर्न | • अनुशासनको आशय र पालना<br>• मर्यादाको आशय<br>• लागु पदार्थको पहिचान<br>• धुम्रपानको पहिचान | • विद्यालय तथा गाउँ टोलमा गर्न हुने/नहुने कुरा कालोपाटी/सेतोपाटीमा टिपोट गर्ने,<br>• विद्यालय तथा गाउँ टोलमा मिलेर बस्ने कुराका बारेमा छलफल गर्ने गराउने,<br>• आफूभन्दा ठूला र सानाप्रति देखाउनुपर्ने/गर्नुपर्ने व्यवहार र आचरणका बारेमा जानकारी लिने/दिने,<br>• विद्यालय, घरपरिवार, छरछिमेक तथा गाउँ/टोलमा मिलेर बस्ने, सहयोग गर्ने, मिठो बोल्ने, समयको पालन गर्ने, अरुले भनेको मान्ने, विद्यालयको सामान्य आचारसंहिता पालन गर्ने, विद्यालय पोशाक लगाउने जस्ता कुराहरूका बारेमा छलफल गर्ने गराउने,<br>• विद्यालय तथा घर परिवार र गाउँ टोलमा प्रयोग भएका राम्रा काम, आचरण र व्यवहारको तस्विर/चार्ट/पोष्टरबाट छलफल गर्ने गराउने,<br>• अनुशासन तथा मर्यादा विषयमा संवाद गर्न लगाउने,<br>• अनुशासन र मर्यादाको सम्बन्धमा अभिनय वा शिक्षकद्वारा नमूना प्रदर्शन गर्ने गराउने,<br>• धुम्रपान/लागु पदार्थको बारेमा सामान्य जानकारी दिने, | • धुम्रपान/लागु पदार्थको चित्र/चार्ट/पोष्टर<br>• अनुशासनमा रहेको र मर्यादा पालन गरेको चित्र/चार्ट/पोष्टर<br>• विद्यालय, घर परिवार, गाउँ/टोलमा राम्रो व्यवहार, आचरण गरेको झल्काउने चित्र/तस्विर/पोष्टर<br>• धुम्रपान/लागु पदार्थका साधन/प्रकारको चित्र/पोष्टर<br>• धुम्रपान/लागु पदार्थको अडियो/भिडियो | • गृह कार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>अभिनय र तत्परता<br>परियोजना कार्य<br>चित्र, तस्विर<br>समूह छलफल<br>अवलोकन<br>अध्ययन प्रतिवेदन<br>रुजु सूची, श्रेणी मापन<br>प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>अभिभावक प्रतिक्रिया<br>विद्यार्थी पोर्टफोलियो<br>क्षेत्र भ्रमण<br><br><u>उदाहरण</u><br>• विद्यालयमा कति बजे आउनु पर्छ ?<br>• विद्यालय कति बजे छुट्टी हुन्छ ?<br>• विद्यालयमा आउँदा पोसाक लगाउँछौ की लगाउँदैनौ ?<br>• विद्यालयबाट भाग्ने गरेको छ की छैन ?<br>• कक्षाका साथीहरूसँग झगडा गर्ने गरेको छ की छैन ?<br>• बुबा आमाले भनेको मान्छौ कि मान्दैनौ ?<br>• कक्षाबाट बाहिर जाँदा कसलाई सोधेर जान्छौ ? | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | ● धुम्रपान/लागु पदार्थका प्रकारका बारेमा छलफल गर्ने गराउने,<br>● घर परिवार, टोल छिमेक तथा समुदायमा सेवन गरिने धुम्रपान तथा मध्यपानका बारेमा छलफल गर्ने गराउने,<br>● धुम्रपान/मध्यपान विषयमा नाटक प्रदर्शन गर्ने गराउने,<br>● धुम्रापन/लागु पदार्थका चित्र/पोष्टर/चार्टबाट छलफल गर्ने गराउने । | | ● घर परिवारमा कसैले चुरोट, सुर्ती, जाँड, रक्सी पिउनु हुन्छ कि हुन्न ?<br>● तिम्रो गाउँ/टोलमा क-कसले चुरोट, सुर्ती, जाँड, रक्सी सेवन गर्छन ?<br>● तिम्रो समुदाय, गाउँ/टोलमा सेवन गरिने धुम्रपान/लागु पदार्थको चित्र कोर । | |
| ५. कृषि तथा पशुपालन व्यवसाय | फलफुल खेती<br><br>तरकारी खेती<br><br>घरपालुवा जनावर | ● आफ्नो समुदाय, गाउँ/टोलमा उत्पादन हुने फलफूलहरू पहिचान गर्न,<br>● आफ्नो गाउँ/टोल वा समुदायमा उत्पादन हुने तारकारी खेतीको पहिचान गर्न,<br>● आफ्नो समुदाय, गाउँ/टोलमा पालिने जनावरहरू पहिचान गर्न । | ● आफ्नो खेतवारीमा उत्पादन हुने फलफूलहरूको पहिचान,<br>● आफ्नो गाउँ/टोल वा समुदायमा उत्पादन हुने फलफूलहरू,<br>● आफ्नो खेतवारीमा उत्पादन हुने तरकारीरू,<br>● आफ्नो गाउँ/टोल वा समुदायमा उत्पादन हुने तरकारीहरू,<br>● घरमा पालिने जनावरहरू<br>● समुदाय, गाउँ/टोलमा पालिने घरपालुवा जनावरहरू । | ● विद्यालय वरिपरि भ्रमण गराई त्यहाँ उत्पादित तरकारी तथा फलफूल र घर पालुवा जनावरका नाम पहिचान गर्न लगाउने/बताउने,<br>● विभिन्न तरिकारी तथा फलफूलका चित्र/तस्विर/पोष्टरमा रहेका तरकारी, फलफूल र घरपालुवा जनावर चिन्न लगाउने/बताउने,<br>● चित्र/तस्विर/पोष्टरमा भएका तरकारी, फलफूल र घरपालुवा जनावर देखाउँदै नाम पढ्न लगाउने/सहजीकरण गर्ने,<br>● स्थानीय गाउँ/टोलमा पाइने तरकारी/फलफूल/घरपालुवा जनावरका नाम सोधेर कालोपाटी/सेतोपाटीमा टिपोट गर्ने र संगसँगै उच्चारण गर्न लगाउने,<br>● प्रत्येक विद्यार्थीको गाउँ/टोलमा उत्पादन हुने तरिकारी, फलफूल र पालिने घरपालुवा जनावरका बारेमा छलफल गराउने, | ● फलफूल, तरकारी र घरपालुवा जनावरको चित्र/पोष्टर/चार्ट,<br>● विद्यालय वरपरको क्षेत्र, गोठ, खोर आदि,<br>● चित्रपत्ती, नामपत्ती<br>● तरकारी, फलफूलको नमूना,<br>● तरकारी, फलफूल, घरपालुवा जनावरको बारेमा तयार पारिएको अडियो/भिडियो | ● गृहकार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>अभिनय र तत्परता<br>परियोजना कार्य<br>चित्र, तस्बिर<br>समूह छलफल<br>अवलोकन<br>अध्ययन प्रतिवेदन<br>रुजु सूची, श्रेणी मापन<br>प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>अभिभावक प्रतिक्रिया<br>विद्यार्थी पोर्टफोलियो<br>क्षेत्र भ्रमण<br><br><u>उदाहरण</u><br>● हामीले भर्खरै हेरेको ठाउँमा कुन कुन तरकारी/फलफूल/घरपालुवा जनावर देख्यौ ? | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | • तरकारी, फलफूल र घरपालुवा जनावरका चित्र र नाम लेखिएका छुट्टाछुट्टै चित्रपत्ती र नामपत्ती तयार पारी जोडा मिलाउने खेल खेलाउने, | | • तिम्रो घरमा कुन कुन तरकारी, फलफूल छन् ? कुन कुन घरपालुवा जनावर पालिएका छन् ?<br>• तिम्रो घरमा नभएको तर तिम्रो गाउँमा पाइने तरकारी र फलफूलका नाम भन,<br>• तिम्रो घरमा नभएका तर तिम्रो गाउँमा पालिएका घरपालुवा जनावरहरू के के हुन ?<br>• तिमीलाई मनपर्ने/मीठो लाग्ने तरकारी र फलफूलको चित्र बनाऊ ।<br>• तिमीलाई मनपर्ने घरपालुवा जनावरको चित्र कोर ।<br>जस्ता प्रश्नहरूको छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |
| ६. पेशा, व्यवसाय, उद्योग र सिपहरूको पहिचान तथा प्रवर्द्धन | हाम्रा कामहरू | • आफ्नो घरमा गरिने कामहरू बताउन,<br>• परिवारका सदस्यले गर्ने छुट्टाछुट्टै कामहरू बताउन,<br>• छरछिमेकी/समुदाय/गाउँ/टोलमा गरिने कामहरू बताउन | • आफूले गर्ने कामहरू<br>• घरका सदस्यले गर्ने कामहरू,<br>• समुदाय/गाउँ/टोलमा गरिने कामहरू | • विद्यालय वरपर भइरहेका कामहरूको अवलोकन गराउने,<br>• फरक फरक काम भइरहेका चित्र/पोष्टर/चार्ट देखाउँदै काम चिनाउने, छलफल गर्ने/गराउने,<br>• विद्यार्थीको काम/परिवारका सदस्यको काम सोधेर रातोपाटी/कालोपाटीमा टिपोट गर्ने,<br>• विद्यार्थीको गाउँ/टोलका मानिसहरूले गर्ने कामहरू सोधेर टिपोट गर्ने, छलफल गराउने,<br>• फरक फरक काममा संलग्न व्यक्ति र कामको छुट्टाछुट्टै शब्दपत्ती/कार्डपत्ती/नामपत्ती बनाएर जोडा मिलाउने खेल खेलाउने, | • फरक फरक काम भइरहेको कामको चित्र/पोष्टर/चार्ट,<br>• विद्यालय वरपरको विभिन्न काम भइरहेको स्थान वा विद्यालय,<br>• चित्रपत्ती, नामपत्ती<br>• शिक्षक तथा विद्यार्थी स्वयम्<br>• विभिन्न कामका बारेमा तयार पारिएको अडियो/भिडियो | • गृकार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>अभिनय र तत्परता<br>परियोजना कार्य<br>चित्र, तस्विर<br>समूह छलफल<br>अवलोकन<br>अध्ययन प्रतिवेदन<br>रुजु सूची, श्रेणी मापन<br>प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>अभिभावक प्रतिक्रिया<br>विद्यार्थी पोर्टफोलियो<br>क्षेत्र भ्रमण | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | • प्रत्येक विद्यार्थीका परिवारका सदस्यले गर्ने कामहरूका बरेमा छलफल गर्ने/गराउने, | | उदाहरण<br>• तिमी के गर्छौ ?<br>• तिम्रो विद्यालयको सरले के के काम गर्नु हुन्छ ?<br>• तिम्रो बुबा, आमाले के के काम गर्नुहुन्छ ?<br>• तिमी घरमा कुनकुन काममा सहयोग गर्छौ ?<br>• खेतीपातीको काम कस्ले गर्छ ?<br>• सिकर्मीले के काम गर्छ ?<br>• घरको गारो कसले लगाउँछ ?<br>• तिमीलाई मन पर्ने शिक्षक/सरको चित्र बनाऊ,<br>जस्ता प्रश्नहरूको छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ। | |
| ७. प्राकृतिक सम्पदा ताथ वातावरण संरक्षण र विपद् व्यवस्थापन | बोटविरुवा<br><br>जङ्गली जनावरहरू | • आफ्नो टोल/गाउँमा पाइने बोटविरूवाको पहिचान गर्न,<br>• आफ्नो टोल/गाउँका जङ्गलमा पाइने जङ्गली जनावरहरूको पहिचान गर्न | • फूल फुल्ने बोटविरूवा<br>• फूल नफुल्ने बोटविरूवा<br>• रूख र बुट्यान<br>• झारपात<br>• कडा र नरम बोटविरूवा<br>• मासुखाने जङ्गली जनावर<br>• मासु नखाने जङ्गली जनावर | • विभिन्न प्रकारका बोटविरूवाहरु, झारपातको पहिचानका लागि विद्यालय वरपर भ्रमण गराउने,<br>• विद्यालय वरपरका ठूलाठूला रूख र साना बोटविरूवा छुट्टाछुट्टै पहिचान गराउने,<br>• विद्यालय वरपर नभएका तर गाउँ/टोलमा भएका बोट विरूवाहरु, झारपातको बारेमा सोधेर सेतोपाटी/कालोपाटीमा टिपोट गर्ने,<br>• सेतोपाटी/कालोपाटीमा टिपोट गरिएका बोटविरुवाहरूको वर्गीकरण गरी छलफल गर्ने/गराउने (फूल फुल्ने, फूल नफूल्ने, रुख, बुट्यान, झारपात, कडा र नरम बोटविरूवा)<br>• बोटविरुवाको चित्र/पोष्टरबाट छलफल गर्ने/गाउने, | • विभिन्न प्रकारका विरुवाका नमूना<br>• विद्यालय वरपरको बोटविरुवा भएको स्थान<br>• विभिन्न बोटविरुवा तथा जङ्गली जनावरहरुका चित्र/पोष्टर आदि<br>• चित्रपत्ती/नामपत्ती<br>• विभिन्न बोटविरुवा र जङ्गली जनावरका बारेमा तयार पारिएको अडियो/भिडियो | • गृहकार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>अभिनय र तत्परता<br>परियोजना कार्य<br>चित्र, तस्विर<br>समूह छलफल<br>अवलोकन<br>अध्ययन प्रतिवेदन<br>रुजु सूची, श्रेणी मापन<br>प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>अभिभावक प्रतिक्रिया<br>विद्यार्थी पोर्टफोलियो<br>क्षेत्र भ्रमण | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | • बोटविरुवाको नामपत्ती र चित्रपत्तीबाट खेल खेलाउँने,<br>• गाउँ/टोलका वन जङ्गलमा रहेका, देखिएका जङ्गली जनावरका बारेमा छलफल गर्ने/गराउने,<br>• जङ्गली जनावरको चित्र/पोष्टर देखाउँदै छलफल गर्ने गराउने,<br>• जङ्गली जनावरको चित्र बनाउन लगाउने, | | उदाहरण<br>• कुनै विरुवाको नमूना देखाएर चिन्न लगाउने<br>• विद्यालय वरपर रहेका तीनओटा झारपातका नाम भन,<br>• तिमीले देखेका कुनै पाँचओटा बोट विरुवाका नाम भन,<br>• कुन कुन विरुवामा फूल फुल्छन् ?<br>• फूल नफुल्ने विरुवाको नाम भन,<br>• झारपातभन्दा ठूलो रुखभन्दा सानो बोट विरुवालाई के भनिन्छ ?<br>• तिमीले बाघ देखेका छौ ?<br>• तिमीले कुन कुन जङ्गली जनावर देखेका छौ ?<br>• एउटा फूल फूल्ने र एउटा नफुल्ने विरुवाको चित्र बनाऊ ।<br>• कुनै जङ्गली जनावरको चित्र बनाऊ ।<br>जस्ता प्रश्नहरूको छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |
| ८. ग्रामीण विकास, प्रदूषण तथा सरसफाइ | हाम्रो गाउँघर र शहर | • आफू बसोवास गरेको गाउँको पहिचान गर्न<br>• गाउँ र शहरको सामान्य तुलना गर्न (विकास, सरसफाइ, प्रदूषणको बारेमा) | • आफ्नो गाउँघर<br>• साथीको गाउँघर<br>• गाउँका विशेषता<br>• शहरको विशेषता<br>• गाउँ र शहरको विशेषता वीच फरक | • गाउँ वा शहरको भ्रमण गराउने,<br>• गाउँ र शहरको चित्र/पोष्टर देखाउँदै छलफल गर्ने,<br>• गाउँका विशेषता झल्कने चित्र/पोष्टरबाट छलफल गराउने,<br>• शहरका विशेषता झल्काउने चित्र/पोष्टरबाट छलफल गराउने,<br>• सफा, सुन्दर र हरियाली गाउँ र शहरको चित्र/तस्विर छलफल गर्ने गराउने, | • गाउँ तथा शहरको नमूना चित्र/तस्विर/पोष्टर<br>• नजिकैको गाउँ तथा शहर<br>• गाउँ तथा शहरमा भएका विकास निर्माणका कामको तस्विर/चित्र/पोष्टर | • गृहकार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>अभिनय र तत्परता<br>परियोजना कार्य<br>चित्र, तस्विर<br>समूह छलफल<br>अवलोकन<br>अध्ययन प्रतिवेदन<br>रुजु सूची, श्रेणी मापन<br>प्रश्नोत्तर/छलफल (लिखित, मौखिक) | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | • गाउँ र शहरमा भएका विकास निर्माण, सरसफाईका काम/कुराहरु गराउने,<br>• बालबालिकालाई आ-आफ्नो गाउँ वा शहरको विकास तथा सरसफाईका बारेमा सोधेर छलफल गराउँदै आवश्यक पृष्ठपोषण दिने,<br>• सफा, स्वच्छ र हरियाली गाउँ/शहरको चित्र कोर्न र नाम लेख्न लगाउने,<br>• गाउँ र शहरमा हुने फरक फरक कामहरू वा सरसफाइका बारेमा चित्रपत्ती/शब्दपत्तीबाट खेल खेलाउने,<br>• गाउँ वा शहरमा भएका सुविधाका सम्बन्धमा तयार पारिएका अडियो/भिडियो सुनाउने/देखाउने र छलफल गराउने, | • गाउँ वा शहरमा सरसफाइ गरिरहेको चित्र/पोष्टर<br>• स्वच्छ सफा र हरियाली गाउँ र शहरका विषयमा तयार पारिएको अडियो/भिडियो | अभिभावक प्रतिक्रिया<br>विद्यार्थी पोर्टफोलियो<br>क्षेत्र भ्रमण<br><br><u>उदाहरण</u><br>• तिम्रो गाउँको नाम के हो ?<br>• तिमीले देखेको सुनेको शहरको नाम भन ।<br>• तिम्रो र साथीको गाउँ मध्ये कसको गाउँ ठूलो/सफा वा राम्रो छ ?<br>• तिम्रो गाउँ वा शहरमा के कस्ता कामहरू भइरहेका छन् ?<br>• तिम्रो गाउँ वा शहरमा मोटर बाटो बनेको छ कि छैन ?<br>• तिम्रो गाउँ वा शहरमा भएको फोहर मैलालाई के गर्ने गरिएको छ ?<br>• तिम्रो गाउँ वा शहरको सफा चित्र बनाऊ ।<br>जस्ता प्रश्नहरूको छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |
| ९.बाल/पोषण मैत्रीस्थानीय शासन | हाम्रो परिवार राम्रो परिवार,<br><br>हाम्रो विद्यालय राम्रो विद्यालय | • आफू र आफ्नो परिवारका सदस्यहरूको नाम बताउन,<br>• परिवारका सदस्यहरूको छोटो परिचय दिन,<br>• आफ्नो विद्यालयको नाम बताउन, | • आफू र आफ्नो परिवारको संख्या<br>• परिवारका सदस्यको नाम,<br>• परिवारका सदस्यको उमेर,<br>• परिवारका सदस्यको शिक्षा,<br>• विद्यालयको नाम<br>• विद्यालयको स्थापना मिति, | • बालबालिकालाई उनीहरू परिवारको सदस्य संख्या, परिवारका सदस्यहरूको नाम, उमेर, शिक्षा बारेमा सोधेर छलफल गराउने,<br>• एकल परिवार र संयुक्त परिवारको चित्र/पोष्टरबाट छलफल गराई आफ्नो परिवारसँग तुलना गर्न लगाउने,<br>• विद्यालयको नाम भन्न लगाउने, विद्यालयको नाम लेखिएको बोर्डमा अक्षर चिन्न र पढ्नका लागि उत्प्ररित गर्ने, | • एकल र संयुक्त परिवार झल्काउने चित्र/तस्विर/पोष्टर<br>• परिवारका सदस्यहरूबिचमा राम्रो व्यवहार झल्काउने चित्र/तस्विर/पोष्ट र/चार्ट<br>• कुनै परिवारका सदस्यको नाम र काम, उमेर, शिक्षा | • गृह कार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>अभिनय र तत्परता<br>परियोजना कार्य<br>चित्र, तस्विर<br>समूह छलफल<br>अवलोकन<br>अध्ययन प्रतिवेदन<br>रुजु सूची, श्रेणी मापन<br>प्रश्नोत्तर/छलफल (लिखित, मौखिक) | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | पोषणको सामान्य परिचय | • विद्यालयको छोटो परिचय दिन,<br>• पोषणको सामान्य परिचय दिन | • विद्यालयम सञ्चालित कक्षा<br>• शिक्षकको नाम,<br>• विद्यार्थी संख्या | • विद्यालयको स्थापना वर्ष/मिति बारे जानकारी गराउने,<br>• विद्यालयमा सञ्चालित जम्मा कक्षाका बारेमा जानकारी गराउने,<br>• आफ्नो कक्षाको विद्यार्थी संख्या बताउन लगाउने, विद्यालयको कुल विद्यार्थी संख्या भनिदिने र छलफल गराउने,<br>• राम्रो विद्यालय वा आफ्नै विद्यालयका बारेमा तयार पारिएको अडियो/भिडियोबाट छलफल गर्ने/गराउने,<br>• परिवारका सदस्यहरू तथा विद्यालयको चित्र बनाउन अभ्यास गराउने,<br>• पोषण सम्बन्धी विभिन्न कियाकलाप गरि विद्यार्थीलाइ जानकारी गराउने । | आदि लेखी तयार पारेका शब्दपत्ती/नामपत्ती<br>• परिवार तथा राम्रो विद्यालयका बारेमा तयार पारिएको अडियो/भिडियो | अभिभावक प्रतिक्रिया<br>विद्यार्थी पोर्टफोलियो<br>क्षेत्र भ्रमण<br><br>उदाहरण<br>• तिम्रो परिवारमा कति जना हुनुहुन्छ ?<br>• बुवा र आमाको नाम भन ।<br>• परिवारको सबैभन्दा जेठो सदस्यको हुनुहुन्छ ?<br>• दाजुभाइ तथा दिदी बहिनी कति जना हुनुहुन्छ ?<br>• परिवारको कान्छो सदस्य को हो ?<br>• बुबाले कति पढ्नु भएको छ ?<br>• आमा कति वर्षको हुनुहुन्छ ?<br>• तिम्रो विद्यालयको नाम के हो ?<br>• यो विद्यालय कहिले बनेको रहेछ ?<br>• तिम्रो कक्षामा जम्मा कति जना साथीहरू छन् ?<br>• तिम्रो कक्षामा छात्रा (केटी) को संख्या कति छ ?<br>• तिम्रो परिवारको चित्र बनाऊ ।<br>• तिम्रो विद्यालयको सफा चित्र बनाऊ ।<br>• गुणस्तरिय पोषणमा के के कुराहरु पर्दछन?जस्ता प्रश्नहरूको छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |
| १०. सूचना तथा सञ्चार प्रविधि | सूचना र सञ्चारका साधनहरू | • सूचना तथा सञ्चारका | • सूचना तथा सञ्चारका साधनहरू (रेडियो, टिभी, | • सूचना तथा सञ्चार प्रविधिका साधनहरूको अवलोकन र छलफल गराउने, | • विभिन्न सञ्चारका साधनहरूको चित्र/पोष्टर | • गृह कार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>अभिनय र तत्परता | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | साधनहरूको नाम बताउन,<br>● सूचना तथा सञ्चारका साधनको सामान्य प्रयोग बताउन,<br>● सूचना तथा सञ्चारका साधनहरूको सामान्य चित्र कोर्न, | मोबाइल, टेलिफोन, कम्प्यूटर, घडी)<br>● सूचना तथा सञ्चारका साधनको प्रयोग | ● सूचना तथा सञ्चारका साधनको चित्र/पोष्टरबाट छलफल गराउने,<br>● विद्यार्थीको घरमा भएका सूचना तथा सञ्चारका साधनहरू सोधी कालोपाटी/सेतोपाटीमा टिपेर समूहमा छलफल गराउने,<br>● सूचना तथा सञ्चारका साधनहरूको प्रयोग सम्बन्धमा जानकारी लिने र पृष्ठपोषण दिने,<br>● विद्यालयमा उपलब्ध सूचना तथा सञ्चारका साधनको प्रयोगबारे जानकारी दिने वा प्रयोग गर्ने सीप प्रदर्शन गर्ने,<br>● सूचना तथा सञ्चारका साधनको चित्र बनाउन अभ्यास गराउने,<br>● चित्रपत्ती/नामपत्तीबाट खेल खेलाउने,<br>● सुनेर, हेरेर, छोएर सञ्चारका साधनहरू चिन्ने खेल खेलाउने,<br>● सूचना तथा सञ्चारका साधनको बारेमा तयार पारेका अडियो/भिडियो सुनाउने/प्रदर्शन गराउने, | ● वास्तविक साधनहरू<br>● चित्रपत्ती/नामपत्ती<br>● सूचना तथा सञ्चारका साधन बारेमा तयार पारिएको अडियो/भिडियो | परियोजना कार्य<br>चित्र, तस्बिर<br>समूह छलफल<br>अवलोकन<br>अध्ययन प्रतिवेदन<br>रुजु सूची, श्रेणी मापन<br>प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>अभिभावक प्रतिक्रिया<br>विद्यार्थी पोर्टफोलियो<br>क्षेत्र भ्रमण<br><br>उदाहरण<br>● तिम्रो घरमा रेडियो र टि.भी. छ ?<br>● तिम्रो परिवारमा क-कसले मोबाइल फोन प्रयोग गर्नुहुन्छ ?<br>● तिमीलाई रेडियो बजाउन आउँछ ?<br>● तिमीले ल्यापटप देखेका छौ ?<br>● टेलिफोनको काम के हो ?<br>जस्ता प्रश्नहरूको छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ। | |
| ११. पर्यटन प्रवर्द्धन | हाम्रा पर्यटकीय स्थलहरू | ● आफ्नो गाउँ/टोलमा रहेका पर्यटकीय स्थलहरू पहिचान गर्न,<br>● पर्यटकीय स्थलहरूको सामान्य परिचय दिन | ● पर्यटकीय स्थलको पहिचान,<br>● पर्यटकीय स्थलको परिचय<br>● पर्यटकीय स्थलको विशेषता | ● स्थानीय पर्यटकीय स्थलहरूको अवलोकन र छलफल गराउने,<br>● पर्यटकीय स्थलहरूको चित्र/पोष्टरबाट छलफल गराउने,<br>● बालबालिकालाई आफ्नो वरिपरि रहेका पर्यटकीय स्थलहरू सोधी कालोपाटी/सेतोपाटीमा टिपेर समूहमा छलफल गराउने,<br>● बालबालिकालाई आफ्नो वरिपरि रहेका पर्यटकीय स्थलहरूको केही | ● स्थानीय पर्यटकीय स्थलहरूको चित्र/पोष्टर,<br>● स्थानीय पर्यटकीय स्थलहरू,<br>● चित्रपत्ती/नामपत्ती<br>● स्थानीय नक्सा<br>● स्थानीय पर्यटकीय स्थलका बारेमा | ● गृह कार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>अभिनय र तत्परता<br>परियोजना कार्य<br>चित्र, तस्बिर<br>समूह छलफल<br>अवलोकन<br>अध्ययन प्रतिवेदन<br>रुजु सूची, श्रेणी मापन | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | विशेषताहरू वा सेवा सुविधाको बारेमा जानकारी लिने, छलफल गराउन,<br>● पर्यटकीय स्थलको चित्र बनाउन अभ्यास गराउने,<br>● स्थानीय पर्यटकीय स्थल/विशेषताको चित्रपत्ती/नामपत्तीबाट खेल खेलाउने,<br>● पर्यटकीय स्थलका बारेमा तयार पारेका अडियो/भिडियो सुनाउने/प्रदर्शन गराउने, | तयार पारिएको अडियो/भिडियो | प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>अभिभावक प्रतिक्रिया<br>विद्यार्थी पोर्टफोलियो<br>क्षेत्र भ्रमण<br><br><u>उदाहरण</u><br>● तिम्रो गाउँ/टोलमा कुन कुन स्थान/ठाउँ हेर्न लायक/राम्रा छन् ?<br>● तिम्रो गाउँ/टोल वा वडाको कुन स्थान/ठाउँ हेर्न बढी मानिस आउँछन् ?<br>● तिम्रो गाउँ/टोलमा छहरा, खोला, रमाइला डाँडाकाँडा छन् कि छैनन् ?<br>● तिम्रो गाउँ/टोलमा रहेका रमाइला ठाउँ/स्थान हेर्न कहाँ कहाँबाट मानिसहरू आउने गर्छन् ?<br>● तिम्रो गाउँ/टोलको रमाइलो स्थान हेर्न आउने मानिस कति दिन बस्छन्, कि फर्किन्छन् ?<br>जस्ता प्रश्नहरूको छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |

## ६. विषयवस्तुको विस्तृतीकरण

विषयवस्तुको विस्तृतीकरण तालिकामा तपसिल बमोजिम कक्षागत रूपमा बालबालिकाले अध्ययन गर्ने विषयवस्तु, हाँसिल गर्ने सिकाइ उपलब्धि, उपलब्धि हाँसिल गर्नका लागि गरिने सहजीकरण कार्यकलाप तथा सोको लेखाजोखा लाई प्रस्तुत गरिएको छ ।

<u>कक्षा २</u>

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| १. सिलीचोङ गाउँपालिकाको परिचय | मुख्य जातजाति, भाषा | आफ्नो वडाभित्र वसोवास गर्ने, जाति र भाषाको सूचीकरण गर्न । | • आफ्नो गाउँ वा टोलमा वसोवास गर्ने जाति र भाषाको पहिचान,<br>• साथीको टोल तथा गाउँमा वसोवास गर्ने जाति र भाषाको पहिचान,<br>• आफ्नो वडाभित्र वसोवास गर्ने जाति र भाषाको सूचीकरण । | • कक्षामा अध्ययन गरिरहेका छात्र छात्रा कुन कुन जाति र भाषाका हुन् ? भनेर पहिचान गर्न लगाउने,<br>• विद्यार्थीलाई पालैपालो उनीहरूको गाउँ वा टोलमा वसोवास गर्ने जाति र भाषा भन्न लगाउने र कालोपाटी/सेतो पाटीमा टिपोट गर्दै जाने,<br>• आफू वा आफ्ना साथी वसोवास गरेको टोल वा गाउँ को अवलोकन, भ्रमण गराउने र जाति र भाषाको पहिचान गराउने,<br>• आफ्नो वडाभित्र वसोवास गर्ने जाति र भाषाको बारेमा सोधखोज गर्ने र छलफल गराउने,<br>• विद्यार्थीलाई आ-आफ्नो गाउँ वा टोल तथा वडामा वसोवास गर्ने जाति र भाषाका नाम लेख्न लगाउने,<br>• कालोपाटी/सेतोपाटीमा टिपोट गरेका जाति र भाषाको पहिचान गर्न लगाउने, | • गाउँ वा टोल वा वडामा वसोवास गर्ने जाति र भाषाको सूची विवरण,<br>• गाउँ वा टोल वा वडाको नाम र जाति र भाषा लेखिएको कार्ड<br>• श्रव्यदृष्य सामग्री<br>• अभिलेख फाराम<br>• पोष्टर तथा पम्प्लेट | • गृहकार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>• अभिनय र तत्परता<br>• परियोजना कार्य<br>• चित्र, नक्सा कार्य<br>• समूह छलफल<br>• अवलोकन<br>• अध्ययन प्रतिवेदन<br>• रुजु सूची, श्रेणी मापन<br>• प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>• अनुलेखन<br>• अभिभावक प्रतिक्रिया<br>• क्षेत्र भ्रमण<br><u>उदाहरण</u><br>• तिम्रो जात के हो ?<br>• तिम्रो भाषा के हो ?<br>• तिम्रो कक्षामा कुन कुन जातजाति भाषाका विद्यार्थीहरु अध्ययन गर्छन ?<br>• तिम्रो गाउँ/टोलमा वसोवास गर्ने तिम्रो जात के हो ? नाम बताऊ । | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | • विद्यार्थीलाई समूहमा विभाजन गरेर एक समूहका विद्यार्थीलाई अर्को समूहका विद्यार्थीको गाउँ वा टोल वा वडामा वसोवास गर्ने जाति र भाषाको सूचीकरण गर्न लगाउने र छलफल गराउने,<br>• टोल, गाउँ वा वडामा वसोवास गर्ने जाति र भाषाको बारेमा तयार पारिएको अडियो/भिडियो सुनाउने, प्रदर्शन गर्ने,<br>विद्यार्थीको गाउँ वा टोल वा वडा र जाति र भाषाको जोडा मिलाइ खेल खेलाउने | | • तिम्रो साथीको गाउँ वा टोलमा वसोवास गर्ने तिम्रो जात के हो ?<br>• नाम लेख ।<br>• तिम्रो वडामा वसोवास गर्ने जातहरुको सूची बनाऊ ।<br>• तिम्रो साथीको गाउँ वा टोलको नाम र तिम्रो जात के हो ?<br>• नाम जोडा मिलाऊ ।<br>जस्ता प्रश्नहरूको छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |
| २. सामाजिक संस्कार, धर्म, संस्कृति तथा प्रेरक व्यक्तित्वहरू | सामाजिक व्यक्तित्व र आदर सत्कार | समुदायका अग्रज र सामाजिक व्यक्तित्वको पहिचान, आदर सत्कार गर्न | • समुदायका अग्रज/समाजिक व्यक्तिहरुको पहिचान<br>• समुदायका अग्रज/सामाजिक व्यक्तिहरुको आदर सत्कार<br>• समुदायका अग्रज/समाजिक व्यक्तिहरुको योगदान | • विद्यार्थीहरुलाई पालैपालो आफ्नो समुदायका अग्रज व्यक्तिहरुको नाम बताउन लगाउने,<br>• विद्यार्थीहरुले पालैपालो बताएका अग्रज व्यक्ति वा सामाजिक व्यक्तिहरुको नाम कालो/सेतो पाटीमा टिपोट गर्दै जाने,<br>• विद्यार्थीहरुले पालैपालो बताएका अग्रज व्यक्ति वा सामाजिक व्यक्तिहरुको काम वा योगदानका बारेमा छलफल गर्ने गराउने,<br>• समुदायका अग्रज व्यक्तिहरुको आदर सत्कार कसरी गर्छौं ? भन्ने सम्बन्धमा पालैपालो छलफल गर्ने गराउने, | • समुदायका अग्रज/सामाजिक व्यक्तिको तस्विर, काम/योगदानको विवरण/सूची<br>• समुदायका अग्रज/सामाजिक व्यक्तिलाई आदर सम्मान गरेको पोष्टर, चित्र, तस्विर<br>• श्रव्यदृष्य सामग्री | • गृहकार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>• अभिनय र तत्परता<br>• परियोजना कार्य<br>• चित्र, तस्विर<br>• समूह छलफल<br>• अवलोकन<br>• अध्ययन प्रतिवेदन<br>• रुजु सूची, श्रेणी मापन<br>• प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>• अभिभावक प्रतिक्रिया<br><br>उदाहरण | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | • बालबालिकालाई तिमीहरु पनि त्यस्तै सामाजिक व्यक्ति वा अग्रज व्यक्ति बन्न के कस्ता काम गर्छौ ? भन्ने प्रश्न सोध्ने र छलफल गर्ने गराउने,<br>• समुदायका अग्रज/सामाजिक व्यक्तिको तस्बिर बनाउन लगाई काम/योगदान लेख्न लगाउने,<br>• समुदायका अग्रज वा सामाजिक व्यक्तिको बारेमा तयार पारिएको अडियो/भिडियो सुनाउने/प्रदर्शन गर्ने,<br>• समुदायका अग्रज/सामाजिक व्यक्तिको नाम र काम/योगदानका छुट्टाछुट्टै नामपत्ती/चित्रपत्तीबाटजोडा मिलाउने खेल खेलाउने,<br>समुदायका अग्रज वा सामाजिक व्यक्तिलाई आदर सत्कार गर्ने तरिका, प्रयोग गरिने शब्दका बारेमा छलफल गर्ने गराउने, | | • तिम्रो समुदायका अग्रज व्यक्तिको नाम भन ।<br>• तिम्रो समुदायका अग्रज व्यक्ति/सामाजिक व्यक्तिले गरेका कुनै २ ओटा राम्रा काम बताऊ ।<br>• समाजमा राम्रो/ठूलो मान्छे बन्न के कस्ता काम गर्नुपर्छ ?<br>• तिमी ठूलो भएपछि गाउँ/समुदायका लागि के के काम गर्छौ ?<br>• तिमी समुदायका अग्रज/ठूला/मान्यजन व्यक्तिलाई कसरी आदर सत्कार गर्छौ ?<br>दिइएका अग्रज व्यक्ति र तिनीहरुको कामको जोडा मिलाऊ, जस्ता प्रश्नहरूको छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |
| ९. बाल/पोषण मैत्री स्थानीय शासन | बालमैत्री वातारण<br><br>पोषणमैत्री वातावरण | ● आफ्नो घर परिवारमा बालबालिकालाई अनुकूल वातावरण बताउन,<br>● आफ्नो घर परिवारमा बालबालिकालाई अनुकूल वातावरण उपयोग गर्न,<br>● आफ्नो विद्यालयमा बालबालिकाका लागि अनुकुल/उपयुक्त वातावरण बताउन,<br>● आफ्नो विद्यालयमा बालबालिकाका लागि उपयुक्त वातावरण उपयोग गर्न, | ● घर तथा परिवारमा बालबालकिका लागि बाल/पोषण मैत्री वातावरण<br>● विद्यालयमा बालबालिकाका लागि बाल/पोषण मैत्री वातावरण | ● बालबालिकालाई आफ्नो घर परिवारमा उपयुक्त/ बाल/पोषण मैत्री वातावरण भए नभएको सोधखोज गरी टिपोट गर्ने,<br>● बालबालिकाले घर परिवारका सदस्य, शिक्षक तथा अन्य साथीहरूबाट कस्तो व्यवहार चाहन्छन् ? सोधखोज गरी छलफल गर्ने गराउने,<br>● बालबालिकाका लागि उपयुक्त/ बाल/पोषण मैत्री वातावरण झल्काउने पोष्टर/चित्र/तस्विर आदिबाट छलफल गर्ने गराउने,<br>● बालबालिकाका लागि घर परिवारमा बालमैत्री वातावरण सम्बन्धमा तयार पारिएका अडियो/भिडियो सुनाउने/देखाउने र छलफल गराउने,<br>● विद्यार्थीलाई घर परिवारबाट प्राप्त बालमैत्री वातावरणको सूची तयार गर्न लगाउने,<br>● बालबालिकालाई आफ्नो विद्यालयमा उपयुक्त | ● घर तथा विद्यालयमा बालमैत्री वातावरण झल्काउने चित्र/तस्विर/पोष्टर<br>● घर तथा विद्यालयमा बालमैत्री वातावरणका शब्दपत्ती/नामपत्ती<br>● घर तथा विद्यालयमा बालमैत्री वातावरणको सम्बन्धमा तयार पारिएको अडियो/भिडियो | ● गृहकार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>अभिनय र तत्परता<br>परियोजना कार्य<br>चित्र, तस्बिर<br>समूह छलफल<br>अवलोकन<br>अध्ययन प्रतिवेदन<br>रुजु सूची, श्रेणी मापन<br>प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>अभिभावक प्रतिक्रिया<br>विद्यार्थी पोर्टफोलियो<br>क्षेत्र भ्रमण<br><br><u>उदाहरण</u><br>● घर तथा परिवारमा बालमैत्री वातावरण छ कि छैन?<br>● घर तथा परिवारमा तिमीलाई के कस्तो बालमैत्री वातावरण छ?<br>● घर तथा परिवारबाट कस्तो व्यवहार चाहन्छौ? | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | बाल/पोषण मैत्री वातावरण भए नभएको सोधखोज गरी टिपोट गर्ने,<br>● बालबालिकाले विद्यालय शिक्षकबाट कस्तो व्यवहार चाहन्छन् ? सोधखोज गरी छलफल गर्ने गराउने,<br>● बालबालिकाका लागि उपयुक्त बाल/ पोषणमैत्री वातावरण झल्काउने पोष्टर/चित्र/तस्विर आदिबाट छलफल गर्ने गराउने,<br>● बालबालिकाका लागि घर परिवारमा बाल/पोषणमैत्री वातावरण सम्बन्धमा तयार पारिएका अडियो/भिडियो सुनाउने/देखाउने र छलफल गराउने,<br>● विद्यार्थीलाई विद्यालयबाट प्राप्त बाल/पोषणमैत्री वातावरणको सूची तयार गर्न लगाउने । | | ● विद्यालयमा बालमैत्री वातावरण छ कि छैन ?<br>● विद्यालयमा तिमीले पाएको बालमैत्री वातावरणको सूची तयार पार ।<br>● घर परिवारमा बालमैत्री बातावरण झल्काउने एउटा चित्र तयार पार ।<br>● विद्यालयमा बालमैत्री वातावरण झल्काउने एउटा चित्र बनाऊ ।<br>जस्ता प्रश्नहरूको छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |
| १०. सूचना तथा सञ्चार प्रविधि | सूचना र सञ्चारका साधनहरूको उपयोग | ● स्थानीय स्तरमा रेडियोको उपयोगिता बताउन,<br>● स्थानीय स्तरमा मोबाइलको उपयोगिता बताउन,<br>● स्थानीय स्तरमा टेलिभिजनको उपयोगिता बताउन, | ● रेडियोको उपयोगिता,<br>● मोबाइलको उपयोगिता,<br>● टेलिभिजनको उपयोगिता, | ● विद्यार्थीलाई रेडियो/मोबाइल/टिभीको उपयोगिता सोधी टिपोट गर्ने,<br>● विद्यार्थीलाई रेडियो/मोबाइल/टिभीको उपयोगिताको सूची देखाउँदै छलफल गर्ने, गराउने,<br>● विद्यार्थीलाई रेडियो/मोबाइल/टिभीको उपयोगिता सम्बन्धमा समूहमा छलफल गराई | ● रेडियो, मोबाइल र टिभीको नमूना<br>● रेडियो, मोबाइल र टिभीको उपयोगिताको सूची,<br>● रेडियो, मोबाइल, टिभीको उपयोगिता सम्बन्धमाम तयार पारिएको अडियो/भिडियो | ● गृहकार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>अभिनय र तत्परता<br>परियोजना कार्य<br>चित्र, तस्विर<br>समूह छलफल<br>अवलोकन<br>अध्ययन प्रतिवेदन<br>रुजु सूची, श्रेणी मापन<br>प्रश्नोत्तर/छलफल (लिखित, मौखिक) | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | आएको निष्कर्ष सहित पृष्ठपोषण दिने,<br>● विद्यार्थीलाई रेडियो/मोबाइल/टिभीको उपयोगिता सम्बन्धमा तयार पारिएको अडियो, भिडियो सुनाउने/प्रदर्शन गराउने र उपयोगिताको सूची बनाउन लगाउने,<br>● रेडियो, मोबाइल, टिभीको चित्रपत्ती/नामपत्तीबाट खेल खेलाउने, | | अभिभावक प्रतिक्रिया<br>विद्यार्थी पोर्टफोलियो<br>क्षेत्र भ्रमण<br><br>उदाहरण<br>● रेडियोको उपयोगिता बताऊ ।<br>● मोबाइलको उपयोगिताको सूची तयार पार ।<br>● टिभीको उपयोगिता लेख ।<br>● रेडियो, मोबाइल, टिभीको उपयोगिता सम्बन्धमा जोडा मिलाउने, खाली ठाउँ भर्ने, ठीक बेठीक छुट्याउने जस्ता प्रश्नहरूको छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |
| ११. पर्यटन प्रवर्द्धन | हाम्रा पर्यटकीय स्थलहरू | ● आफ्नो गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको सूची बनाउन | ● गाउँपालिका भित्रका पर्यटकीय स्थलहरू | ● गाउँपालिका भित्रका पर्यटकीय स्थलहरूको अवलोकन र छलफल गराउने,<br>● गाउँपालिका भित्रका पर्यटकीय स्थलहरूको चित्र/पोष्टरबाट छलफल गराउने,<br>● बालबालिकालाई आफ्नो गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरू सोधी कालोपाटी/सेतोपाटीमा टिपेर समूहमा छलफल गराउने,<br>● गाउँपालिका भित्रका पर्यटकीय स्थलको चित्र बनाउन अभ्यास गराउने, | ● गाउँपालिका भित्रका पर्यटकीय स्थलहरूको चित्र/पोष्टर,<br>● गाउँपालिका भित्रका पर्यटकीय स्थलहरू,<br>● गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको चित्रपत्ती/नामपत्ती<br>● पालिकाको नक्शा<br>● पालिका भित्रको पर्यटकीय स्थलहरूका बारेमा तयार पारिएको अडियो/भिडियो | ● गृह कार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>अभिनय र तत्परता<br>परियोजना कार्य<br>चित्र, तस्बिर<br>समूह छलफल<br>अवलोकन<br>अध्ययन प्रतिवेदन<br>रुजु सूची, श्रेणी मापन<br>प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>अभिभावक प्रतिक्रिया<br>विद्यार्थी पोर्टफोलियो<br>क्षेत्र भ्रमण | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | • गाउँपालिका भित्रका पर्यटीकीय स्थल/विशेषताको चित्रपत्ती/नामपत्तीबाट खेल खेलाउने,<br>• गाउँपालिका भित्रका पर्यटकीय स्थलका बारेमा तयार पारेका अडियो/भिडियो सुनाउने/प्रदर्शन गराउने, | | उदाहरण<br>• तिम्रो पालिकामा कुन कुन स्थान/ठाउँ हेर्न लायक/राम्रा छन् ?<br>• तिम्रो पालिकाको कुन स्थान/ठाउँ हेर्न बढी मानिस आउँछन् ?<br>• तिम्रो पालिका भित्र कुन कुन छहरा, छाँगा, हिमाल, पहाड, मठ मन्दिर, आदि छन् ?<br>• तिम्रो पालिका भित्र रहेका रमाइला ठाउँ/स्थान हेर्न कहाँ कहाँबाट मानिसहरू आउने गर्छन् ?<br>जस्ता प्रश्नहरूको छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |

## ८. स्थानीय पाठ्यक्रमको अङ्कभार र मूल्याङ्कन प्रकिया

### क) अङकभार र मूल्याङन प्रकिया

| क्र.सं. | विषय क्षेत्र | अङ्कभार |
|---|---|---|
| १ | सोधखोज गरी प्रतिवेदन तयारी तथा प्रविधि उपयोग सहितको प्रस्तुति | २४ |
| २ | प्रयोगात्मक कार्यको अभिलेख | १६ |
| ३ | स्थानीय ऐतिहासिक, भौगालिक,वातावरणीय लगायतका क्षेत्रका वस्तु सङ्कलन, अभिलेखिकरण | ८ |
| ४ | लघु परियोजना कार्य (योजनाको खाका निर्माण ) | ८ |
| ५ | मौखिक परीक्षा | ८ |
| ६ | चेतनामूलक कार्य सञ्चालन | ८ |
| ७ | शिष्टाचार,अनुशासन,सरसफाइ व्यवस्थापन, अभिनय लगायतका व्यक्तित्व विकासका कार्यमा गरेको सक्रिय सहभागिता र सो को अभिलेख | २० |
| ८ | सहपाठी तथा सिकाइ समूहबाट मूल्याङ्कन | ८ |
| | जम्मा | १०० |

## ९. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनोट गर्दा ध्यान दिनुपर्ने  पक्षहरू:

सम्बन्धित विषय क्षेत्रमा प्रयोग हुने शिक्षण विधि तथा प्रविधि चयन गर्दा ध्यान दिनुपर्ने केही महत्त्वपूर्ण पक्षहरू यहाँ उल्लेख गरिएका छन् :

**१. सक्षमता तथा सिकाइ उपलब्धिहरू** : पाठ्यक्रममा उल्लिखित लक्ष्य तथा उद्देश्यहरू अनुसारका सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने शिक्षण विधि छनोट गर्नुपर्छ ।

**२. विषयवस्तुको स्वरूप** : विषयवस्तुको स्वरूप अनुसार शिक्षण सिकाइका रणनीति, विधि तथा प्रक्रिया छनोट गर्नुपर्दछ।

**३. बाल मनोविज्ञान** : सिकारुको इच्छा, रुचि, क्षमता तथा योग्यता, प्रवृत्ति, पूर्वज्ञान आदिलाई ध्यान दिई शिक्षण विधि छनोट गर्नुपर्दछ । त्यस्ता विधिले विद्यार्थीलाई उत्प्रेरित गर्न सक्नुपर्छ ।

**४. स्रोत साधनहरूको उपलब्धता** : शिक्षण विधि तथा रणनीति आर्थिक, मानवीय, भौतिक आदि दृष्टिले उपयुक्त र स्थानीय स्रोत साधनको अधिकतम प्रयोग हुन सक्ने हुनुपर्छ ।

**५. विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थिति** : शिक्षण विधि तथा रणनीति छनोट गर्दा विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थितिसँग मेल खाने हुनुपर्दछ ।

**६. समय र विद्यार्थी सङ्ख्या** : उपलब्ध समय र विद्यार्थी सङ्ख्याले पनि शिक्षण विधि तथा रणनीति छनौटमा प्रभाव पार्दछ ।

## १०. शिक्षण सिकाइ क्रियाकलाप देहायका विविधता युक्त विधि तथा रणनीतिहरूको उपयोग गरी सञ्चालन गर्नुपर्दछ :

**१.कथाकथन एवम् गीत**: यस विधिमा विषयवस्तुलाई कथाको रूपमा प्रस्तुती तथा अवधारणालाई गीतका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ ।

**२.आगमन विधि**: यसमा सूचनाहरूको सङ्कलन, अवलोकन, विश्लेषण, अनुमान, पुष्टि तथा निष्कर्षको प्रक्रिया प्रयोग गरिन्छ ।

**३.भूमिका निर्वाह/अभिनय** : यसमा सन्दर्भ र भूमिकाको बारेमा छलफल तथा निर्धारण, भूमिका बहन, छलफल र निष्कर्ष निकाल्ने कार्य गरिन्छ ।

**४. निर्माणात्मक कक्षा**: यस विधिमा मष्तिस्क मन्थन, पाठसम्बन्धी पूर्वज्ञानको पहिचान, अन्तरक्रियात्मक कार्य (जस्तै : वैयक्तिक चिन्तन, समूहकार्य, प्रश्नोत्तर), आवश्यकता अनुसार टेवा प्रदान र विचार आदानप्रदान गरी निष्कर्ष निकालिन्छ ।

**५. सहयोगात्मक कक्षा**: यसमा सामान्यतया समूह विभाजन, समस्या र विषयवस्तु प्रस्तुति, समूहमा छलफल र निष्कर्ष वा समाधान निकालिन्छ ।

**६. परियोजना कार्य**: विद्यार्थीको उमेर र स्तर अनुसारका विभिन्न परियोजना कार्य दिई विद्यार्थीले आफैं खोज्ने तथा गरेर

सिक्ने अवस्था सिर्जना गर्न सकिन्छ ।

७. **छलफल र प्रश्नोत्तर**: यसमा शिक्षक विद्यार्थी, विद्यार्थी शिक्षक, विद्यार्थी विद्यार्थी बीचमा प्रश्न र उत्तर गर्न सकिन्छ । प्रश्नहरूले स्मरणको प्रत्याह्वान भन्दा पनि विद्यार्थीलाई सोच्न, कारण खोज्न, सिर्जनात्मक तथा रचनात्मक सोचाइलाई प्रोत्साहन गर्न सक्नुपर्छ । त्यसै गरी प्रश्नोत्तर र छलफलमा कक्षामा सबैका अगाडि प्रश्न सोध्ने, एकछिन पर्खने, कुनै पनि विद्यार्थीलाई तोकेर उत्तर दिन लगाउने, उत्तर राम्रोसँग सुन्न र अन्तमा छलफल र मूल्याङ्कन गर्ने प्रक्रिया प्रयोग गर्न सकिन्छ ।

८. **अन्वेषण, अनुसन्धान तथा खोज**: यसमा समस्या वा प्रश्नको प्रस्तुति, गर्नुपर्ने र खोज कार्य र तरिकाको बारेमा छलफल गरी विद्यार्थीहरूद्वारा खोज गरी निष्कर्ष प्रस्तुति र पृष्ठपोषण दिइन्छ ।

९. **प्रविधियुक्त कक्षा:** मोबाइल, कम्प्युटर, प्रोजेक्टर, मोबाइल, रेडियो आदिको उपयोग गरी धारणाहरूको दृश्याङ्कन गर्न सकिन्छ ।

१०. **सिर्जनात्मक कार्य**: यसमा चित्र निर्माण, रङ भर्ने, कागज काट्ने र पट्याउने, सम्बन्ध स्थापना जस्ता कार्यहरूद्वारा सिकाइ गर्न सकिन्छ ।

११. **समस्या समाधान विधि**: यस विधिमा समस्यालाई बुझ्ने, योजना निर्माण, योजना कार्यान्वयन, पछाडि फर्केर हेर्ने र परिणामलाई जाँच्ने प्रक्रियाद्वारा समस्या समाधान गरिन्छ ।

१२. **खेल विधि:** यसमा विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी अभ्यास गराइन्छ ।

१३. **प्रयोगात्मक विधि**: यसमा कक्षाकोठा भित्र र बाहिर प्रयोगात्मक कार्यका माध्यमबाट सिकाइ कार्य गराइन्छ ।

१४. **भ्रमण**: विभिन्न स्थानको भ्रमण गराई त्यहाँका अनुभव र सिकेको कुरा छलफल तथा प्रत्यावर्तन गराइन्छ।

१५. **प्रदर्शन विधि:** विषयवस्तुसँग सम्बन्धित तस्बिर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्री प्रदर्शन गरिन्छ ।

१६. **स्वाध्ययन तथा छलफल**: विभिन्न किसिमका सामग्रीका अध्ययनको माध्यमबाट सिकाइ गर्दा सामग्री छनोट, अध्ययन र धारणा वा विचार निर्माण गरिन्छ र यसलाई आवश्यकतानुसार विद्यार्थी बिच छलफल गराउन सकिन्छ ।

१७. **अन्तरक्रिया**: यसमा छलफलको योजना र तयारी, बृहत् समूहमा छलफल सञ्चालन वा समूह विभाजन, कार्यसूची बाँडफाँड तथा कार्य सञ्चालन, प्रस्तुतीकरण, तुलना, विश्लेषण तथा मूल्याङ्कन र निष्कर्ष निकालिन्छ ।

१८. **विद्यार्थीर्हहरूमा व्यवहार कुशल सिपहरूको प्रयोग**: जस्तै सहयोगी सिपहरू, वैयक्तिक सिपहरू, समालोचनात्मक तथा सिर्जनात्मक सोचाइ सिपहरू, नवप्रवर्तन र व्यवसायिक सिपहरूको विकासलाई प्राथमिकतामा राखी विभिन्न क्रियाकलापहरू निर्माण गरिनुपर्छ ।

## ११. शिक्षण सिकाइका क्रममा विद्यार्थीको नियमित मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरू निम्नअनुसार छन्:

१. **कक्षा सहभागिता:** नियमित रूपमा कक्षामा नआउँदा शिक्षण सिकाइकार्य कमजोर हुने भएकाले नियमित रूपमा हाजिरी र कक्षामा सहभगितामा पनि ध्यान दिनुपर्छ । विद्यार्थीको कक्षाकार्यमा सहभागिताको परीक्षण गर्ने विभिन्न साधनहरू तयार गरी विद्यार्थीको उपलब्धि र सक्षमताको मूल्याङ्कन गर्न सकिन्छ ।

२. **लिखित तथा मौौखिक कार्य**: अध्ययन अध्यापनका क्रममा कुराकानी तथा छलफल लगायत लिखित तथा मौखिक प्रश्नहरू गरेर पनि सिकाइ अवस्थाका बारेमा जानकारी लिन सकिन्छ । सबै कक्षामा छोटा छोटा कक्षा परीक्षा सञ्चालन गरी विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । यस्ता परीक्षाहरू औपचारिक किसिमका र लामा नभई अनौपचारिक स्वरूपका छोटा हुनु उपयुक्त हुन्छ । विषयवस्तुको स्वरूप तथा परीक्षण गरिने सिकाइ उपलब्धिलाई विचार गरेर लिखित वा मौखिक प्रतिक्रिया प्राप्त हुने परीक्षाहरू सञ्चालन गर्न सकिन्छ । त्यस्तै, कक्षामा गर्न दिएका कार्य नियमित रूपमा सक्रियतापूर्वक गरे नगरेका, यदि गरेको भए सही रूपमा गरे वा नगरेको हेरी विद्यार्थीको मूल्याङ्कन गर्नुपर्छ । विद्यार्थीले सही रूपमा कक्षाकार्य नगरेको भए आवश्यक पृष्ठपोषण दिनुपर्दछ । कक्षामा गर्न नसकिएका कार्यहरू र थप अभ्यास गर्न केही गृहकार्य पनि दिन सकिन्छ । गृहकार्य गराइको मूल्याङ्कन गरी थप पृष्ठपोषण दिन सकिन्छ ।

३. **परियोजना तथा प्रयोगात्मक कार्य**: विद्यार्थीको क्षमता, स्तर र पाठ्यवस्तुसँग मिल्दा परियोजनाकार्य गर्न दिनुपर्छ । यसमा चरणबद्ध र व्यवस्थित रूपमा पूरा कार्य गरे वा नगरेको अवलोकन तथा अध्ययन गरी आवश्यक भए थप सुझाव दिनुपर्दछ ।

४. **अवलोकन** : सिकेका कुरा व्यवहारमा प्रयोग गरे वा नगरेको, कार्यसम्पादन गर्न सके वा नसकेको अवलोकन गरी पृष्ठपोषण दिन सकिन्छ ।

५. **विद्यार्थीका कार्यको प्रदर्शन**: विद्यार्थीले गरेका कार्यहरूको प्रदर्शन गराई उनीहरूको कार्यको मूल्याङ्कन गर्न सकिन्छ । यसमा सिर्जनात्मक कार्य (कविता निबन्ध, कथा लेखन, चित्र बनाउने आदि)को प्रदर्शन पनि गराउन सकिन्छ ।

६. **घटनावृत्त अभिलेख :** विद्यार्थीले कुनै घटनामा प्रदर्शन गरेका व्यवहार तथा कार्यको विवरण सङ्कलन तथा व्याख्या गरी विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ ।

७. **छोटा परीक्षाः** कुनै विषयवस्तुको सिकाइपश्चात् विषयवस्तुको प्रकृतिअनुसार लिखित तथा मौखिक परीक्षाहरू सञ्चालन गर्न सकिन्छ । यस्ता परीक्षाहरू अनौपचारिक रूपमा सञ्चालन गर्नुपर्छ । यस्तो अनौपचारिक रूपमा सञ्चालन गरिने परीक्षाले विद्यार्थीहरूलाई परीक्षाको त्रासबाट मुक्त गर्न सहयोग पुग्नाका साथै सहज ढङ्गबाट सिकाइ मूल्याङ्कन गर्न सकिन्छ ।

८. **स्वपाठ र सहपाठी मूल्याङ्कनः** विद्यार्थीले आफूले के कति सिक्न सके भनी सिकाइसँग सम्बन्धित विभिन्न कार्य सम्पादन लगायत अन्य माध्यमबाट सिकाइ अवस्थाको मूल्याङ्कन गरी स्वःपृष्ठपोषण प्राप्त गरी सिकाइ सुधारको अवसर सिर्जना गर्न सकिन्छ । विद्यार्थीले आफ्नो सिकाइ तथा कार्यबाट अनुभव तथा सिकाइको प्रत्यावर्तन गर्ने विभिन्न नमुनाहरूमा विद्यार्थीलाई प्रत्यावर्तन लेख्न लगाई त्यसका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । त्यसैगरी कक्षामा सहपाठीहरूले एकअर्काका कार्यको मूल्याङ्कन गर्ने, सँगै बसेर गरिएका कार्यको मूल्याङ्कन गर्ने गरी पृष्ठपोषण प्राप्त गर्ने अवसर प्रदान गर्न सकिन्छ ।

९. **अभिभावकको प्रतिक्रियाः** विद्यार्थीले कार्यसम्पादन, व्यवहारमा भएको परिवर्तन र विशिष्ट तथा समग्र सिकाइका बारेमा अभिभावकको राय तथा प्रतिक्रियाबाट पनि विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । यसमा शिक्षक र अभिभावक छलफल गर्ने वाशिक्षक, अभिभावक र विद्यार्थीबिच छलफल गरेर विद्यार्थीलाई आवश्यक पृष्ठपोषण दिन सकिन्छ भने शिक्षकले पनि यसबाट शिक्षण सिकाइ प्रक्रियामा सुधारका लागि आधार पनि प्राप्त हुन सक्छ । विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने उल्लिखित कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखिकरण गरिनुपर्दछ । कक्षाकार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चिका तयार गरी विद्यार्थीको प्रगति के कतिमात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमी कमजोरी रहेका छन् र ती कमी कमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

## १२. विद्यार्थी मूल्याङ्कनको आवश्यक व्यवस्थाः

विद्यार्थी मूल्याङ्कनका सम्बन्धमा स्थानीय पाठ्यक्रम कक्षा (१–३) ले पोर्टफोलियोको आधारमा सिकाइ उपलब्धि संख्याका आधारमा अंकन गर्दै (**सिकाइका लागि सिकाइको मूल्याङ्कन**) जम्मा पूर्णाङ्क १०० मा कायम गर्ने हुने व्यवस्था गरिएको छ । विषय क्षेत्रको प्रकृति तथा सिकाइ उपलब्धिका आधारमा सहजीकरण तथा आन्तरिक मूल्ययांकनका लागि कार्य घण्टाको व्यवस्था गरिएको छ । प्रयोगात्मक कार्य घण्टाका लागि तोकिएको अवधिलाई विद्यार्थीहरूको गरेर सिक्ने र व्यवहारमा परिवर्तन ल्याउन अभ्यास गराउन उपयोग गर्नुपर्नेछ । यसरी तोकिएका प्रयोगात्मक कार्य घण्टालाई तोकिएका क्षेत्रका प्रयोगात्मक पक्षहरूको पहिचान गरी उपयोग गर्ने र (सम्भावना भएका अवस्थामा) सूचना प्रविधिको उच्चतम उपयोगमा विद्यार्थीहरूलाई अभ्यस्त गराउने गरी सम्वन्धित क्षेत्रको अध्ययनबाट विद्यार्थीहरूले गर्ने सिकाइको तथ्याङ्कहरू, प्रतिक्रियाहरू, प्रतिवेदनहरू, प्रस्तुतीहरू सम्बन्धी क्रियाकलापहरूलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

# सन्दर्भ सामागीहरू


कानुनी किताव व्यवस्था समिति(२०७२), नेपालको संविधान,बबरमल, काठमाण्डौः नेपाल सरकार

कानुनी किताव व्यवस्था समिति(२०७४), स्थानीय सरकार सञ्चालन ऐन ,बबरमल, काठमाण्डौ

पाविके (२०६२), प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ (कक्षा १–३), सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र

पाविके (२०६३), राष्टिय पाठ्यक्रम प्रारुप , २०६३ , सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र

पाविके (२०६५), प्राथमिक शिक्षा पाठ्यक्रम, २०६५, (कक्षा ४–५) सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र

पाविके (२०६९), आधारभुत तह पाठ्यक्रम, २०६९, (कक्षा ६–८), सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र

पाविके (२०७१), स्थानीय पाठ्यक्रम प्रारुप २०७१ , (कक्षा ६–८), सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र

पाविके (२०७६), राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ , (कक्षा ६–८), सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र

पाविके (२०७६), स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६, सानोठिमी भक्तपुर

विभिन्न स्थानीय पाठ्यकमका  नमूनाहरु

अनुसूची १

# स्थानीय पाठ्यक्रमको ढाँचा

१. स्थानीय पाठ्यक्रमको शीर्षकः **हाम्रो सिलीचोङ**
२. पाठ्यक्रमको प्रकृतिः सैद्धान्तिक र प्रयोगात्मक
३. तहः आधारभूत तह (कक्षा १–८)
४. साप्ताहिक कार्य घण्टा : क) कक्षा (१-३) मा ५ कार्य घण्टा
५. जम्मा कार्य घण्टा : क) कक्षा (१-३) मा वार्षिक १६० घण्टा

अनुसूची २

# प्रयोगात्मक मूल्याङ्कन फाराम

विषयको नाम : ................................ कक्षाः............ सेक्सन...........

| क्र. सं. | विद्यार्थीको नाम | मूल्याङ्कनका क्षेत्र | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रतिवेदन तथा प्रविधि सहितको प्रस्तुति | प्रयोगात्मक कार्यको अभिलेख | स्थानीय ऐतिहासिक, भौगालिक, वातावरणीय लगायतका क्षेत्रका वस्तु सङ्कलन, अभिलेखिकरण | लघु परियोजना कार्य (योजनाको खाका निर्माण) | मौखिक परीक्षा | चेतनामूलक कार्य सञ्चालन | शिष्टाचार,अनुशासन, सरसफाइ व्यवस्थापन, अभिनय लगायतका व्यक्तित्व विकासका कार्यमा गरेको सक्रिय सहभागिता र सोको अभिलेख | सहपाठी तथा सिकाइ समूहबाट मूल्याङ्कन | |
| | | २४ | ८ | ८ | ८ | ८ | ८ | २० | ८ | १०० |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| ६ | | | | | | | | | | |
| ७ | | | | | | | | | | |
| ८ | | | | | | | | | | |
| ९ | | | | | | | | | | |
| १० | | | | | | | | | | |

**शिक्षकको नाम :** **प्रअको नाम :**
**दस्तखतः** **दस्तखतः**

**मिति**

## स्थानीय पाठयक्रम कक्षा (४-५)

**स्थानीय पाठ्यक्रम निर्माण गर्दा आवश्यकताको आधारमा निम्नानुसार विषयवस्तुलाई समेटिएको छ ।**

### १. तहगत सक्षमता

आधारभूत तह कक्षा (४–५) को अन्तमा विद्यार्थीहरूमा निम्न लिखित सक्षमताहरू विकास भएका हुने छन् :

१. सिलीचोङ गाउँपालिका क्षेत्र भित्रको परिचयात्मक प्रस्तुति,
२. जाति,भाषा, धर्म र संस्कृतिको पहिचान, संरक्षण र संवर्द्धन तथा प्रेरक व्यक्तित्वहरूको पहिचान,
३. चाडपर्व, रीति रिवाज तथा चाल चलनको पहिचान, संरक्षण र संवर्द्धन,
४. सामाजिक मूल्य मान्यता तथा समस्याहरूको पहिचान र समाधानका उपायहरू,
५. कृषि व्यवसायको पहिचान तथा आवश्यक ज्ञान र सिपको व्यवहारमा प्रयोग,
६. पेशा, व्यवसाय, उद्योग र सिपहरूको पहिचान, संरक्षण तथा प्रवर्द्धन,
७. प्राकृतिक सम्पदा र वातावरणको पहिचान, सदुपयोग, संरक्षण र संवर्द्धन तथा विपद् व्यवस्थापन,
८. ग्रामीण विकास तथा स्वस्थ जीवनको ज्ञान र व्यवहारमा प्रयोग,
९. स्थानीय स्तरमा क्रियाशील सामाजिक संघ संस्थाहरूको पहिचान र योगदान,
१० बाल/ पोषणमैत्री स्थानीय शासनको पहिचान र घर, परिवार, विद्यालय तथा समुदायमा प्रयोग,
११. सूचना तथा सञ्चार प्रविधिको आवश्यकता, प्रयोग र यसले पारेको प्रभाव,
१२. पर्यटन स्थलको पहिचान, संरक्षण र संवर्द्धन ।

### २. विषय क्षेत्र र क्रम

यस पाठ्यक्रमका लागि निर्दिष्ट गरिएका विषय क्षेत्रहरू र तिनीहरूको क्रम देहाय अनुसार रहनेछन् :

१ .गाउँपालिकाको परिचय,
२ .जाति,भाषा, धर्म, संस्कृति तथा प्रेरक व्यक्तित्वहरू,
३ .चाडपर्व, रीतिरिवाज तथा चालचलन,
४ .सामाजिक मूल्य मान्यता तथा समस्या र समाधानहरू,
५ .कृषि व्यवसाय,
६ .पेशा, व्यवसाय, उद्योग र सिपहरूको पहिचान तथा प्रवर्द्धन,
७ .प्राकृतिक सम्पदा तथा वातावरण संरक्षण र विपद् व्यवस्थापन,
८ .ग्रामीण विकास, प्रदूषण तथा सरसफाइ,
९ .सामाजिक संघसंस्थाहरू,
१० .बाल/ पोषणमैत्री स्थानीय शासन,
११ .सूचना तथा सञ्चार प्रविधि,
१२ .पर्यटन प्रवर्द्धन ।

## ३. विषयवस्तुको क्षेत्र र क्रम

| क्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| १. सिलीचोङ गाउँपालिकाको परिचय | गाउँपालिकाको नाम, वडाको संख्या, भौगोलिक अवस्थाको सामान्य जानकारी, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षको नाम | वडा कार्यालयले प्रदान गर्ने सेवा सुविधा |
| २. जाति, भाषा, धर्म, संस्कृति तथा प्रेरक व्यक्तित्वहरू | आफ्नो समुदायमा रहेका जाति, भाषा, खेम्पालुङ, देवस्थल, गुम्बाहरु | जाति,आफ्नो स्थानीय भाषा तथा धर्मको तुलनात्मक अध्ययन |
| ३. चाडपर्व, रीति रिवाज तथा चालचलन | गाउँपालिका भित्र मनाइने मुख्य मुख्य जातिगत चाडपर्व तथा मनाउने समय | गाउँपालिका भित्र मनाइने प्रमुख चाडपर्वहरूमा गरिने क्रियाकलापहरू |
| ४. सामाजिक मूल्य मान्यता तथा समस्या र समाधान | समभाव र सहयोगी भावना विकास, दुर्व्यसनमा लागेको व्यक्तिले देखाउने व्यहार | स्व-अनुशासन, सन्तुलित भोजन, दुर्व्यसनले मानव स्वस्थ्यामा पार्ने असर, |
| ५. कृषि व्यवसाय | तरकारी र फलफूलको बेर्ना उमार्ने, सार्ने, रोगबाट जोगाउने र सुरक्षित भण्डारण | स्थानीय औषधिको उपयोगबाट हिउँदे/वर्षे तथा बेमौसमी तरकारी र फलफूलमा लाग्ने रोग र नियन्त्रणका उपाय |
| ६. पेसा, व्यवसाय, उद्योग र सिपहरूको पहिचान तथा प्रवर्द्धन | स्थानीय प्रविधिबाट उत्पादित वस्तुहरू | स्थानीय स्तरमा उपलब्ध सामग्रीको प्रयोग गरी सञ्चालनमा आएका उद्योगहरू |
| ७. प्राकृतिक सम्पदा तथा वातावरण संरक्षण र विपद् व्यवस्थापन | स्थानीय वनको प्रकार, जडिबुटी र जलस्रोतको घरायसी प्रयोग, गाउँपालिकामा पाइने वन्यजन्तु तथा तिनको संरक्षणका उपायहरू | स्थानीय वन क्षेत्रमा पाइने जडिबुटीको प्रयोगका तरिका र संरक्षणका उपायहरू, स्थानीय क्षेत्रमा भएका जलस्रोतको उपयोगको अवस्था |
| ८.ग्रामीण विकास, प्रदुषण तथा सरसफाइ | स्थानीय स्तरमा हुने प्रदुषणका किसिमहरू तथा स्रोतहरू | स्थानीय स्तरमा ग्रामिण विकासमा वातावरणले पारेको प्रभाव |
| ९.सामाजिक संघसंस्थाहरू | वडामा रहेका सामाजिक संघसंस्थाहरूको नाम र प्रदान गर्ने सेवा | गाउँपालिका भित्र रहेका सामाजिक संघसंस्थाहरुको पहिचान, कार्य तथा भूमिका |
| १०. बाल/पोषणमैत्री स्थानीय शासन | बाल अधिकार, पोषणको परिचय | बाल अधिकारका क्षेत्रहरू, पोषणको महत्व |
| ११. सूचना तथा सञ्चार प्रविधि | सूचना तथा सञ्चार प्रविधिको आवश्यकता | सूचना तथा सञ्चार प्रविधिका फाइदा |
| १२. पर्यटन प्रवर्द्धन | गाउंपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको गतिविधिहरू | गाउंपालिका भित्र रहेका मुख्य पर्यटकस्थलहरूबाट हुने फाइदा |

## ४. कक्षागत सिकाइ उपलब्धि

यस पाठ्यक्रमको कार्यान्वियन पश्चात आधारभूत तह कक्षा (४–५) मा अध्ययनरत बालबालिकामा माथि उल्लिेखित क्षेत्र र क्रम अनुसार देहाय अनुसारको सिकाइ उपलब्धिहरू हासिल हुनेछ ।

### १. सिलीचोङ गाउँपालिकाको परिचय

| कक्षा | सिकाइ उपलब्धि |
|---|---|
| ४ | गाउँपालिकाको नाम वडाको सङ्ख्या, भौगोलिक अवस्थाको सामान्य जानकारी, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षको नाम भन्न र लेख्न, |
| ५ | वडा कार्यालयले प्रदान गर्ने सेवा सुविधाका वारेमा लेख्न र बताउन । |

### २. धर्म, संस्कृति, र प्रेरक व्यक्तित्वहरूको पहिचान संरक्षण र संवर्द्धन

| कक्षा | सिकाइ उपलब्धि |
|---|---|
| ४ | आफ्नो समुदायमा परम्परा देखि निमार्ण भएका खेम्पालुङ, देवस्थल, गुम्बाहरुको पहिचान गर्न, |
| ५ | आफ्नो स्थानीय भाषा, धर्म, रहनसहन, प्रचलनको तुलनात्मक अध्ययन गर्न । |

### ३. चाडपर्व, रीति रिवाज तथा चालचलनको पहिचान,संरक्षण र संबर्द्धन

| कक्षा | सिकाइ उपलब्धि |
|---|---|
| ४ | गाउँपालिकाभित्र मनाइने मुख्य मुख्य जातिगत चाडपर्व र मनाउने समय बताउन, |
| ५ | गाउँपालिका भित्र मनाइने प्रमुख चाडपर्वहरूमा गरिने क्रियाकलापहरूको वर्णन गर्न । |

### ४.सामाजिक मूल्य,मान्यता तथा समस्या र समाधान

| कक्षा | सिकाइ उपलब्धि |
|---|---|
| ४ | समभाव र सहयोगी भावनाको विकास गर्न, दुर्व्यसनमा लागेको व्यक्तिले देखाउने व्यवहारमा परिचित हुन |

५	स्व:अनुशासन, सन्तुलित भोजन, दुर्व्यसनले मानव स्वास्थ्यमा पार्ने असर बताउन ।

### ५. कृषि व्यवसाय

कक्षा	सिकाइ उपलब्धि

४	तरकारी र फलफूलका बेर्ना उमार्ने, सार्ने, रोगबाट जोगाउने र सुरक्षित भण्डारण गर्ने तरिका बताउन,

५	स्थानीय औषधिको उपयोगबाट हिउँदे, वर्षे तथा बेमौसमी तरकारी र फलफूलमा लाग्ने रोग र नियन्त्रणको उपायहरू बताउन ।

### ६. पेशा, व्यवसाय, उद्योग र सिपहरूको पहिचान तथा प्रवर्द्धन

कक्षा	सिकाइ उपलब्धि

४	स्थानीय प्रविधिबाट उत्पादित वस्तुहरूको सूची तयार पार्न,

५	स्थानीय स्तरमा उपलब्ध सामग्रीको प्रयोग गरी सञ्चालनमा आएका उद्योगहरूको सूची बनाउन ।

### ७. प्राकृतिक सम्पदा ताथ वातावरण संरक्षण र विपद् व्यवस्थापन

कक्षा	सिकाइ उपलब्धि

४	स्थानीय बनको प्रकार, जडिबुटी र जलस्रोतको घरायसी प्रयोगर गाउँपालिकाभित्र पाइने वन्यजन्तुहरू तथा तिनको संरक्षणका उपायहरू बताउन,

५	स्थानीय वन क्षेत्रमा पाइने जडिबुटीको प्रयोगका तरिका तथा संरक्षणका उपायहरू बताउन र स्थानीय क्षेत्रमा भएका जलस्रोतको उपयोगको अवस्था वर्णन गर्न ।

### ८.ग्रामीण विकास, प्रदुषण तथा सरसफाइ

कक्षा	सिकाइ उपलब्धि

४	स्थानीय स्तरमा हुने प्रदुषणका किसिमहरु तथा स्रोतहरुको पहिचान गर्न,

५	स्थानीय स्तरको विकासमा वातावरणले पारेका प्रभावहरु पहिचान गर्न ।

### ९.सामाजिक संघ संस्थाहरू

कक्षा	सिकाइ उपलब्धि

४	वडामा रहेको सामाजिक संघसंस्थाहरुको नाम र ती संस्थाबाट प्रदान गर्ने सेवा बताउन,

५	गाउँपालिकाभित्र रहेका सामाजिक संघसंस्थाहरूको पहिचान, कार्य तथा भूमिका बताउन ।

### १०. बालमैत्री स्थानीय शासन

कक्षा	सिकाइ उपलब्धि

४	बाल अधिकार र पोषणको परिचय दिन,

५	बाल अधिकारका क्षेत्रहरूको पहिचान गर्न र पोषणको महत्व वताउन ।

### ११. सूचना तथा सञ्चार प्रविधि

कक्षा	सिकाइ उपलब्धि

४	सूचना तथा सञ्चार प्रविधिका आवश्यकता बताउन,

५	सूचना तथा सञ्चार प्रविधिका प्रयोगबाट हुने फाइदाहरूको वर्णन गर्न

### १२. पर्यटन प्रवर्द्धन

कक्षा	सिकाइ उपलब्धि

४	गाउँपालिकाभित्र रहेका पर्यटकीय स्थलहरूको गतिविधिहरुको वर्णन गर्न,

५	गाउँपालिकाभित्र रहेका पर्यटकीय स्थलहरूबाट हुने फाइदाहरुको वर्णन गर्न ।

## ५. विषयवस्तुको विस्तृतीकरण

विषयवस्तुको विस्तृतीकरण तालिकामा तपसिल बमोजिम कक्षागत रूपमा बालबालिकाले अध्ययन गर्ने विषयवस्तु, हाँसिल गर्ने सिकाइ उपलब्धि, उपलब्धि हाँसिल गर्नका लागि गरिने सहजीकरण कार्यकलाप तथा सोको लेखाजोखा लाई प्रस्तुत गरिएको छ ।

**कक्षा ४**

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| १. सिलीचोङ गाउँपालिकाको परिचय | गाउँको चिनारी (भौगोलिक अवस्था) | • गाउँपालिकाको नाम तथा वडाको संख्या बताउन,<br>• गाउँपालिकाको भौगोलिक अवस्थाको जानकारी दिन,<br>• गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्षको नाम भन्न र लेख्न । | • गाउँपालिकाको नाम,<br>• गाउँपालिका भित्रका वडाहरू,<br>• गाउँपालिकाको भौगोलिक अवस्था,<br>• गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्षको नाम | • विद्यार्थीलाई पालैपालो उनीहरूको गाउँपालिकाको नाम भन्न लगाउने र कालोपाटी/सेतो पाटीमा टिपोट गर्ने,<br>• गाउँपालिकाको वडाहरुको अवलोकन, भ्रमण गराउने र वडा संख्या बताउन लगाउने,<br>• गाउँपालिकाको नक्सा प्रदर्शन गरेर भौगोलिक अवस्थाका बारेमा जानकारी लिने तथा जानकारी गराउने,<br>• विद्यार्थीलाई आ-आफ्नो पालिकाको नक्सा कोर्न लगाई वडाहरू छुट्याउन लगाउने,<br>• गाउँपालिका भित्रका वडाहरुको सूची तयार गर्न लगाउने,<br>• विद्यार्थीलाई समूहमा विभाजन गरेर प्रत्येक समूहलाई वडाको नाम राखेर वडामा भएका भौगोलिक विशेषता समूह (वडाको नाम अनुसार) बताउन लगाउने,<br>• गाउँपालिका भित्रको भौगोलिक अवस्थाको र विशेषताको बारेमा छलफल गर्ने गराउने,<br>• गाउँपालिकाको नाम, वडा संख्या, भौगोलिक विशेषता आदिका सम्बन्धमा तयार पारिएका अडियो, भिडियोबाट छलफल गर्ने गराउने, | • गाउँपालिका र वडाहरूको नक्सा,<br>• गाउँपालिका तथा वडाहरू लेखिएको चार्ट, पोष्टर,<br>• गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षको नाम र तस्बिर,<br>• श्रव्यदृष्य सामग्री,<br>• अभिलेख फाराम । | • गृहकार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता,<br>• अभिनय र तत्परता,<br>• परियोजना कार्य,<br>• चित्र, नक्सा कार्य,<br>• समूह छलफल,<br>• अवलोकन,<br>• अध्ययन प्रतिवेदन,<br>• रुजु सूची, श्रेणी मापन,<br>• प्रश्नोत्तर/छलफल (लिखित, मौखिक),<br>• अभिभावक प्रतिक्रिया,<br>• क्षेत्र भ्रमण ।<br><br><u>उदाहरण</u><br>• तिम्रो गाउँपालिकाको नाम के हो ?<br>• विद्यालय रहेको गाउँपालिकाको नाम के हो ?<br>• यो गाउँपालिकामा कति ओटा वडाहरू छन् ?<br>• गाउँपालिकाको नक्सा बनाई रङ् भर ।<br>• गाउँपालिका वडाहरू छुट्टयाई रङ भर ।<br>• गाउँपालिकाको भौगोलिक अवस्था देखाउने नक्सा तयार पार । | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | • विद्यार्थीलाई गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षको नाम सोध्ने र विद्यार्थीले भन्न नसकेमा आफूले बताइ दिने । | | • गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षको नाम लेख । जस्ता प्रश्नहरूको छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |
| २. सामाजिक संस्कार, जाति, भाषा, धर्म, संस्कृति तथा प्रेरक व्यक्तित्वहरू | जाति,भाषा, परम्परागत धार्मिक स्थलहरू कुलुङ मेवाहाङ तामाङ लगायत अन्य भाषाहरुको चिनारी | • जाति,भाषा, आफ्नो समुदायका देविथान गुम्बा तथा खेम्पालुङको पहिचान गर्न<br>• कुलुङ मेवाहाङ तामाङ लगायत अन्य भाषाहरुको चिनारी सम्बन्धी सामान्य ज्ञान हासिल गर्न । | • जाति,भाषा, परम्परागत धार्मिक तथा सांस्कृतिक स्थलहरू | • जाति,भाषा, विद्यालय वरपरको समुदाय तथा गाउँपालिका भित्र रहेका खेम्पालुङ, गुम्बाहरु तथा देवालयहरूको अवलोकन भ्रमण गराउने,<br>• विद्यार्थीहरूलाई विद्यालय वरपरको समुदाय तथा गाउँपालिका भित्र रहेका गुम्बा तथा देवालयहरूको सोधखोज गरी सूची तयार गर्न लगाउने,<br>• विद्यालय वरपरको समुदाय तथा गाउँपालिका भित्र रहेका देविथान गुम्बा तथा देवालयहरुको चित्र/पोष्टरबाट छलफल गराउने,<br>• आफ्नो समुदायका जातजाति तथा सोसँग सम्बन्धित धार्मिक स्थालहरूको शब्दपत्ति/कार्ड निर्माण गरी जोडा मिलाउन लगाउने/खेल खेलाउने,<br>• आफ्नो समुदाय तथा गाउँपालिका भित्र रहेका खेम्पालुङ, देवस्थल, गुम्बाहरुको बारेमा तयार पारिएको अडियो सुनाउने तथा भिडियो प्रदर्शन गराउँदै छलफल गर्ने गराउने,<br>• विद्यार्थीहरूलाई आफ्नो समुदाय तथा पालिका भित्रका देविथान गुम्बा तथा देवालयहरूको सूची तयार गर्न लगाउने ।<br>• कुलुङ मेवाहाङ तामाङ लगायत अन्य भाषाहरुको चिनारीका लागि आवश्यक कार्यहरु गर्ने । | • जाति,भाषा , आफ्नो समुदायका देविथान गुम्बा तथा खेम्पालुङको तस्बिर, चित्र, पोष्टर<br>• आफ्नो समुदाय तथा पालिका भित्रका देविथान गुम्बा तथा खेम्पालुङ<br>• श्रव्यदृष्य सामग्री<br>• देविथान गुम्बा तथा खेम्पालुङका लेख/अभिलेख<br>• देविथान गुम्बा तथा खेम्पालुङका | गृह कार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>• अभिनय र तत्परता<br>• परियोजना कार्य<br>• चित्र, तस्बिर<br>• समूह छलफल<br>• अवलोकन<br>• अध्ययन प्रतिवेदन<br>• रुजु सूची, श्रेणी मापन<br>• प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>• अभिभावक प्रतिक्रिया<br>• भ्रमण<br><br><u>उदाहरण</u><br>• तिम्रो समुदायमा कुन कुन मठमन्दिर छन् ?<br>• तिम्रो समुदायमा भएको खेम्पालुङ, देवस्थल, गुम्बाहरु बनाएर रङ भर ।<br>• तिम्रो पालिका भित्र रहेका खेम्पालुङ, देवस्थल, गुम्बाहरुको सूची तयार पार ।<br>• तिम्रो समुदायभित्र तथा पालिका भित्र कुन कुन खेम्पालुङ रहेका छन् ? लेख ।<br>• तिम्रो समुदाय वा पालिका भित्र रहेका देवालयहरूको चित्र बनाई रङ भर । | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | | शब्दपत्ती/ चित्रपत्ती | ● समुदाय वा पालिका भित्र रहेका देविथान गुम्बा तथा खेम्पालुङका सम्बन्धमा जोडा मिलाउने, खाली ठाउँ भर्ने, ठिक बेठिक छुट्ट्याउने जस्ता प्रश्नहरू तयार पारी छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |
| ३. चाडपर्व, रीति रिवाज तथा चालचलन | हाम्रा चाडपर्वहरू | ● गाउँपालिका भित्र विभिन्न जातजातिले मनाउने चाडपर्वहरुको पहिचान गर्न,<br>● गाउँपालिका भित्र बसोवास गर्ने जातजातिले मनाउने चाडपर्वहरुको समय तालिका तयार पार्न, | ● गाउँपालिका भित्र बसोवास गर्ने जातजातिहरुले मनाउने चाडपर्वहरू<br>● गाउँपालिका भित्र बसोवास गर्ने जातजातिले मनाउने चाडपर्वको समय तालिका | ● विद्यार्थीलाई गाउँपालिका भित्र बसोवास गर्ने जातिहरूको सूची तयार पार्न लगाउने,<br>● गाउँपालिका भित्र बसोवास गर्ने जातजातिले मनाउने चाडपर्वहरुको अवलोकन/भ्रमण वा पहिचान गर्न लगाई टिपोट गर्ने,<br>● गाउँपालिका भित्र बसोवास गर्ने जातजाति तथा चाडपर्वको चित्र/पोष्टर/चार्ट आदिबाट छलफल गर्ने गराउने,<br>● गाउँपालिका भित्र बसोवास गर्ने जातजाति र चाडपर्वका कार्डपत्ती/चित्रपत्ती/शब्दपत्तीतयार पारी जोडा मिलाउने खेल खेलाउने,<br>● गाउँपालिका भित्र बसोवास गर्ने जातजाति तथा मनाइने चाडपर्वहरूका सम्बन्धमा तयार पारिएका अडियो, भिडियो आदि सुनाइ/प्रदर्शन गराई छलफल गर्ने गराउने,<br>● विद्यार्थीलाई पालिका भित्र बसोवास गर्ने जातजाति तथा मनाइने चाडपर्वको सूची तयार गरी पृष्ठपोषण दिने,<br>● बिद्यार्थीहरुलाई गाउँपालिका भित्र मनाइने विभिन्न चाडपर्वहरुको समय तालिका तयार पार्न लगाउने (तिथि, मिति सहित) | ● गाउँपालिका भित्र बसोवास गर्ने जातजाति र चाडपर्वका नाम लेखिएको चित्र/पोष्टर/चार्ट,<br>● जातजाति र चाडपर्वको शब्दपत्ती/चित्रपत्ती/नाम पत्ती,<br>● विद्यार्थी स्वयम्<br>● जातजाति तथा चाडपर्वका सम्बन्धमा तयार पारिएका अडियो, भिडियो<br>● नेपाली पात्रो । | ● गृह कार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>● अभिनय र तत्परता<br>● परियोजना कार्य<br>● चित्र, तस्बिर<br>● समूह छलफल<br>● अवलोकन<br>● अध्ययन प्रतिवेदन<br>● रुजु सूची, श्रेणी मापन<br>● प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>● अभिभावक प्रतिक्रिया<br><br>उदाहरण<br>● गाउँपालिका भित्र कुन कुन जातजाति बसोवास गर्छन् ?<br>● गाउँपालिका भित्र वसोवास गर्ने तामाङ जातिले कुन पर्व मान्छन् ?<br>● चाक्चाकुर कहिले मनाइन्छ ?<br>● ल्होसार पर्व कुन जातिले मनाउँछन् ?<br>● उँधौली उभौली पर्व कुन जातिले कहिले मनाउँछन् ?<br>● गाउँपालिका भित्र बसोवास गर्ने जातजाति, मनाइने चाडपर्व र तिथि, मितिका सम्बन्धमा जोडा मिलाउने, खालीठाउँ भर्ने, ठिक बेठिक छुट्ट्याउने जस्ता प्रश्नहरु तयार पारी छलफल | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | • शिक्षकले तयार पारेका चाडपर्व र मनाउने समयको चार्ट वा अन्य सामग्रीको माध्यमबाट छलफल गराई पृष्ठपोषण दिने । | | गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |
| ४. सामाजिक मूल्य मान्यता तथा समस्या र समाधान | समभाव र सहयोगी भावना<br><br>दुर्व्यसनीको व्यवहार | • समभाव र सहयोगी भावनाको विकास गर्न,<br>• दुर्व्यसनीले देखाउने व्यवहार पहिचान गर्न, | • समभाव र सहयोगी भावना<br>• दुर्व्यसनीको व्यवहार | • विद्यार्थीलाई समभावको परिचय सोधी छलफल गर्ने गराउने,<br>• समभाव सम्बन्धमा शिक्षकले तयार पारेको तालिका वा चार्टबाट छलफल गर्ने गराउने,<br>• घर, परिवार तथा समुदायमा गर्नुपर्ने सहयोगको बारेमा छलफल गर्ने गराउने,<br>• समभाव देखाइएको र सहयोग गरिरहेको चित्र/पोष्टर आदि अध्ययन गर्न लगाई छलफल गर्ने गराउने,<br>• समुदाय, घरपरिवार, छरछिमेक तथा गाउँ/टोलमा सबैलाई समान व्यवहार गरेको चित्र/पोष्टर आदिबाट छलफल गर्ने गराउने,<br>• विद्यालय तथा घर परिवार र गाउँ टोलमा गरिएको सहयोगी भावनाको तस्विर/चार्ट/पोष्टरबाट छलफल गर्ने गराउने,<br>• दुर्व्यसनीले देखाउने व्यवहारको अवलोकन गराई छलफल गर्ने गराउने,<br>• दुर्व्यसनीले देखाउने व्यवहारको चित्र, पोष्टर आदिबाट छलफल गराई टिपोट गनै लगाउने,<br>• आफ्नो गाउँघरमा दुर्व्यसनीको अवस्थाको बारेमा छोटो जानकारी लेख्न लगाई छलफल गर्ने गराउने । | • समभाव वा सहयोगी भावनाको, चित्र/चार्ट/पोष्टर<br>• विद्यालय, घर परिवार, गाउँ/टोलमा समभाव वा सहयोगी भावना जागृत गराउने खालका सन्दर्भ सामग्री,<br>• समभाव तथा सहयोगी भावना सम्बन्धमा तयार पारिएका अडियो, भिडियो,<br>• चित्रपत्ती, शब्दपत्ती । | • गृह कार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता,<br>• अभिनय र तत्परता,<br>• परियोजना कार्य,<br>• चित्र, तस्बिर,<br>• समूह छलफल,<br>• अवलोकन,<br>• अध्ययन प्रतिवेदन,<br>• रुजु सूची, श्रेणी मापन,<br>• प्रश्नोत्तर/छलफल (लिखित, मौखिक),<br>• अभिभावक प्रतिक्रिया ।<br><br><u>उदाहरण</u><br>• समभाव भनेको के हो ?<br>• तिमीले आफ्नो घर परिवारमा के के सहयोग गर्छौ ?<br>• कस्ता व्यक्तिलाई सहयोग गर्नुपर्छ ?<br>• दुर्व्यसनीबाट किन टाढा हुनुपर्छ ?<br>• तिम्रो गाउँमा दुर्व्यसनीमा लागेका व्यक्ति कति छन् ?<br>• दुर्व्यसनीका कारण समाजमा के कस्तो समस्या सृजना भएको छ ?<br>• "एकले थुकी सुकी सबैले थुकी नदी" भन्ने भनाइको तात्पर्य के हो ?<br>• दुर्व्यसनीबाट हुने असरहरुको सूची तयार पार ।<br>• समभाव, सहयोगी भावना, दुर्व्यसनीको व्यवहार जोडा मिलाउने, खालीठाउँ | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | भर्ने, ठिक बेठिक छुट्टयाउने जस्ता प्रश्नहरु तयार पारी छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ। | |
| ५. कृषि व्यवसाय तथा पशुपालन | तरकारी खेती<br><br>फलफूल खेती<br><br>पशुपालन | • तरकारी खेतीको बेर्ना उमार्ने, सार्ने, रोगबाट संरक्षण, सुरक्षित भण्डारण गर्ने तरिका बताउन,<br>• फलफूल खेतीको बेर्ना उमार्ने, सार्ने, रोगबाट संरक्षण, सरक्षित गर्ने, भण्डारण गर्ने तरिका बताउन,<br>• सिलीचोङ गाउँपालिकामा पालिने पशुपंक्षिहरुको नाम भन्न | • तरकारी बालीको बेर्ना उमार्ने,<br>• तरकारीको बेर्ना तयारी<br>• तरकारी बालीको बेर्ना रोप्ने,<br>• रोगबाट संरक्षण,<br>• सुरक्षित भण्डारण,<br>• फलफूलको बेर्ना तयारी<br>• फलफूलको बेर्ना रोप्ने,<br>• रोगबाट संरक्षण,<br>• सुरक्षित भण्डारण,<br>• विभिन्न पशुपंक्षिहरु | • तरकारी तथा फलफूलका नर्सरीको अवलोकन भ्रमण गराई अध्ययन गर्न लगाउने,<br>• तरकारी तथा फलफूल नर्सरीमा काम गर्ने व्यक्तिसँग बेर्ना उमार्ने, सार्ने, रोगबाट संरक्षण गर्ने तरिका सोधखोज गरी बुँदागत रुपमा लेख्न लगाउने,<br>• रोगबाट संरक्षण गर्ने तरिका सोधखोज गरी टिपोट गर्न लगाउने,<br>• तरकारी तथा फलफूलको बेर्ना उत्पादन गरेको, रोपेको, संरक्षण गरेको, सुरक्षित भण्डारण गरेका चित्र/पोष्टर आदिबाट छलफल गर्ने गराउने,<br>• विद्यालयमा तरकारी तथा फलफूलको बेर्नाको लागि सानो नर्सरी स्थापना गर्न लगाउने,<br>• तरकारी तथा फलफूलको बेर्ना उमार्ने, रोप्ने, संरक्षण गर्ने तथा सुरक्षित भण्डारण कार्यसँग सम्बन्धित अडियो, भिडियोको माध्यमबाट छलफल गर्ने गराउने,<br>• तरकारी तथा फलफूलको बेर्ना उमार्ने, रोप्ने, संरक्षण गर्ने तथा सुरक्षित भण्डारणका उपायहरु लेख्न लगाई आवश्यक पृष्ठपोषण दिने,<br>• सिलीचोङ गाउँपालिकामा पालिने पशुपंक्षिहरुको नाम बताउने, | • तरकारी तथा फलफूलको नर्सरी<br>• तरकारी तथा फलफूलको बेर्ना उमारेको, सारेको, संरक्षण गरेको तथा सुरक्षित भण्डारण गरेको चित्र/पोष्टर आदि,<br>• कृषि प्राविधिक,<br>• चित्रपत्ती, नामपत्ती,<br>• तरकारी, फलफूलको बेर्ना उमार्ने, सार्ने, संरक्षण गर्ने तथा भण्डारण गर्ने तरिकासँग सम्बन्धित अडियो, भिडियो आदि, | • गृहकार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>• अभिनय र तत्परता<br>• परियोजना कार्य<br>• चित्र, तस्बिर<br>• समूह छलफल<br>• अवलोकन<br>• अध्ययन प्रतिवेदन<br>• रुजु सूची, श्रेणी मापन<br>• प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>• अभिभावक प्रतिक्रिया<br>• क्षेत्र भ्रमण<br><br><u>उदाहरण</u><br>• तरकारीको बेर्ना उमार्ने कुनै दुई तरिका लेख।<br>• फलफूलको बेर्ना संरक्षण कसरी गर्न सकिन्छ ?<br>• तरकारी तथा फलफूलको सुरक्षित भण्डारण गर्ने कुनै तीन उपाय लेख।<br>• तरकारी तथा फलफूलको नर्सरीको चित्र बनाऊ।<br>• तरकारी तथा फलफूलको बेर्ना उमार्ने, सार्ने वा रोप्ने, संरक्षण गर्ने र सुरक्षिण भण्डारण गर्ने कार्य र पशु पक्षीसँग सम्बन्धित जोडा मिलाउने, ठिक बेठिक छुट्टयाउने, खाली ठाउँ भर्ने, आदि प्रश्नहरू तयार पारी पारी छलफल | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | | • चित्रपत्ती, नामपत्ती | गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ। | |
| ६. पेसा, व्यवसाय, उद्योग र सिपहरूको पहिचान तथा प्रवर्द्धन | स्थानीय प्रविधि र उत्पादन | • स्थानीय प्रविधिबाट उत्पादित वस्तुहरुको सूची तयार पार्न, | • स्थानीय प्रविधि<br>• स्थानीय उत्पादन | • विद्यालयको रहेको समुदाय वा पालिका भित्र अवलोकन गराई स्थानीय प्रविधिको जानकारी गराउने,<br>• स्थानीय प्रविधिबाट उत्पादित वस्तुहरुको सूची तयार गर्न लगाउने,<br>• स्थानीय प्रविधिको प्रयोग र उत्पादित वस्तुहरुको चित्र/तस्बिर आदिबाट छलफल गर्ने गराउने,<br>• विद्यार्थीलाई उनीहरुको घरमा प्रयोग हुने स्थानीय प्रविधि तथा त्यसबाट उत्पादिन वस्तुको बारेमा पालैपालो भन्न लगाई टिपोट गर्ने गराउने,<br>• स्थानीय प्रविधि र उत्पादित वस्तुको सूची तयार पार्न लगाउने,<br>• स्थानीय प्रविधि र उत्पादित वस्तुको चित्र कोर्न लगाउने,<br>• स्थानीय प्रविधि र उत्पादित वस्तुका सन्दर्भमा तयार पारिएको अडियो, भिडियोबाट छलफल गर्ने गराउने,<br>• आवश्यकता अनुसार शिक्षकले पृष्ठपोषण दिने, | • स्थानीय प्रविधिको चित्र/पोष्टर/चार्ट,<br>• स्थानीय प्रविधिबाट उत्पादित वस्तुहरुको चार्ट, तस्बिर, सूची आदि<br>• चित्रपत्ती, नामपत्ती<br>• स्थानीय प्रविधिसँग सम्बन्धित व्यक्ति,<br>• विभिन्न कामका बारेमा तयार पारिएको अडियो/भिडियो | • गृह कार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>• अभिनय र तत्परता<br>• परियोजना कार्य<br>• चित्र, तस्बिर<br>• समूह छलफल<br>• अवलोकन<br>• अध्ययन प्रतिवेदन<br>• रुजु सूची, श्रेणी मापन<br>• प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>• अभिभावक प्रतिक्रिया<br>• क्षेत्र भ्रमण<br><br><u>उदाहरण</u><br>• तिम्रो घरमा तेल पेल्ने कोल छ कि छैन ?<br>• स्थानीय ढिकी जाँतो के का लागि प्रयोग गरिन्छ ?<br>• धान कुट्न प्रयोग गरिने साधन/प्रविधि कुन हो ?<br>• स्थानीय प्रविधिका कुनै तीन ओटा चित्र कोर।<br>• स्थानीय प्रविधि र उत्पादित वस्तुहरुसँग सम्बन्धित जोडा मिलाउने, ठिक बेठिक छुट्ट्याउने, खाली ठाउँ भर्ने, आदि प्रश्नहरू तयार पारी पारी छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ। | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| ७. प्राकृतिक सम्पदा तथा वातावरण संरक्षण र विपद् व्यवस्थापन | हाम्रो धन स्थानीय वन,<br><br>जडीबुटीको उपयोग,<br><br>जलस्रोतको उपयोग<br><br>वन्यजन्तुको संरक्षण | • स्थानीय वनको प्रकार बताउन,<br>• जडीबुटी र जलस्रोतको घरायसी प्रयोग बताउन,<br>• गाउँपालिका भित्र पाइने वन्यजन्तुहरूको सूची तयार पार्न,<br>• गाउँपालिका भित्र पाइने वन्यजन्तुहरूको संरक्षणका उपाय बताउन, | • स्थानीय वनको प्रकार<br>• जडीबुटीको घरायसी प्रयोग,<br>• स्थानीय जलस्रोतको उपयोग<br>• गाउँपालिका भित्र पाइने वनयजन्तु हरू<br>• वन्यजन्तुको संरक्षणका उपायहरू | • स्थानीय वनको भ्रमण गराई वनका प्रकार सम्बन्धमा छलफल गर्ने गराउने,<br>• वनका प्रकारको चित्र/पोष्टर आदिबाट छलफल गर्ने गराउने,<br>• वनका प्रकार सम्बन्धमा तयार पारिएका अडियो, भिडियोको माध्यमबाट छलफल गर्ने गराउने,<br>• बनका प्रकार सम्बन्धमा तयार पारिएको चार्ट, पोष्टर आदिबाट छलफल गराई आवश्यक पृष्ठपोषण दिने,<br>• वनका प्रकारको सूची तयार पार्न लगाउने,<br>• वनका प्रकारको चित्र कोर्न लगाउने,<br>• विद्यार्थीहरुलाई पालैपालो स्थानीय जडीबुटीको नाम र प्रयोग सोधी टिपोट गर्ने,<br>• स्थानीय जडीबुटीको प्रयोगका सम्बन्धमा तयार पारिएको चार्ट, तस्बिर आदिबाट छलफल गर्ने गराउने,<br>• स्थानीय जडिबुटीको नाम र काम लेखिएको चार्ट देखाई छलफल गर्ने गराउने,<br>• स्थानीय जडीबुटीको नमूना देखाई उपयोगिता बारे छलफल गर्ने गराउने,<br>• स्थानीय जडीबुटीको उपयोगिताको सम्बन्धमा तयार पारिएको अडियो, भिडियो बाट छलफल गर्ने गराउने,<br>• स्थानीय जडीबुटीको उपयोगिताको सूची तयार पार्न लगाउने,<br>• स्थानीय जडीबुटीको चित्र कोर्न लगाई उपयोगिता लेख्न लगाउने, | • स्थानीय वन<br>• स्थानीय जडिबुटीको नमूना<br>• स्थानीय वन, जडिबुटी, जलस्रोत तथा वन्यजन्तको चित्र/पोष्टर आदि<br>• स्थानीय वनको प्रकार, जडीबुटी र जलस्रोतको उपयोगिताको चार्ट, पोष्टर,<br>• वन्यजन्तुको संरक्षणका उपायहरुको चार्ट, पोष्टर,<br>• चित्रपत्ती/नामपत्ती<br>• स्थानीय वनको प्रकार, जडीबुटी र जलस्रोतको उपयोगिता तथा वन्यजन्तुको संरक्षणका बारेमा तयार | • गृहकार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>• अभिनय र तत्परता<br>• परियोजना कार्य<br>• चित्र, तस्बिर<br>• समूह छलफल<br>• अवलोकन<br>• अध्ययन प्रतिवेदन<br>• रुजु सूची, श्रेणी मापन<br>• प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>• अभिभावक प्रतिक्रिया<br>• क्षेत्र भ्रमण<br><br>उदाहरण<br>• हाम्रो गाउँपालिकामा कति प्रकारका वन पाइन्छन् ?<br>• कस्तो वनलाई सदावहार बन भनिन्छ ?<br>• हाम्रो गाउँपालिकाको कुन ठाउँमा कोणधारी वन पाइन्छ ?<br>• पतझर वनको कुनै दुई ओटा विशेषता भन ।<br>• हाम्रो गाउँपालिका भित्र पाइने कुनै दुई ओटा जडीबुटीको नाम भन ।<br>• स्थानीय जडीबुटीका कुनै तीन ओटा फाइदा भन ।<br>• जलस्रोतको तीन ओटा उपयोगिता लेख ।<br>• गाउँपालिका भित्रका वन्यजन्तुहरु संरक्षण गर्ने उपायहरुको सूची तयार पार । | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | ● जलस्रोतको उपयोगिताका सम्बन्धमा जलस्रोतको प्रयोग भएको स्थानको भ्रमण गराई अवलोकन गर्न लगाउने,<br>● विद्यार्थीहरुलाई पालैपालो स्थानीय जलस्रोतको उपयोगिता सोधी टिपोट गर्ने,<br>● स्थानीय जालस्रोतको उपयोगिता सम्बन्धमा तयार पारिएको चार्ट, तस्बिर आदिबाट छलफल गर्ने गराउने,<br>● स्थानीय जलस्रोतको उपयोगिता लेखिएको चार्ट देखाई छलफल गर्ने गराउने,<br>● स्थानीय जलस्रोतको उपयोगिताको सम्बन्धमा तयार पारिएको अडियो, भिडियो बाट छलफल गर्ने गराउने,<br>● स्थानीय जलस्रोतको उपयोगिताको सूची तयार पार्न लगाउने,<br>● स्थानीय जलस्रोत प्रयोग भएको स्थानको चित्र कोर्न लगाई उपयोगिता लेख्न लगाउने,<br>● गाउँपालिका भित्र रहेका वन्यजन्तुको सूची तयार गर्न लगाउने,<br>● स्थानीय वन्यजन्तुको संरक्षण गरिएका चित्र, पोष्टर आदिबाट छलफल गर्ने गराउने,<br>● विद्यार्थीलाई पालैपालो स्थानीय वन्यजन्तुको संरक्षणका उपायहरु सोधी टिपोट गर्ने,<br>● स्थानीय वन्यजन्तुको संरक्षणका उपायहरु लेखिएको चार्ट, पोष्टर आदिबाट छलफल गर्ने गराउने,<br>● स्थानीय वन्यजन्तुको संरक्षण सम्बन्धमा तयार पारिएको अडियो, भिडियोबाट छलफल गर्ने गराउने, | पारिएको अडियो/भिडियो | ● हाम्रो गाउँपालिकामा मिनी चिडियाखाना वा संरक्षण क्षेत्र छ की छैन, छ भने कुन ठाउँमा छ ?<br>● वनका प्रकार, जडीबुटी तथा जलस्रोतको उपयोगिता, वन्यजन्तुको संरक्षणका उपायहरु बारेमा जोडा मिलाउने, ठिक बेठिक छुट्टयाउने, खाली ठाउँ भर्ने, आदि प्रश्नहरू तयार पारी पारी छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | • स्थानीय स्तरमा रहेको मिनी चिडियाखाना, संरक्षण क्षेत्र आदिको भ्रमण गराई संरक्षणका उपायहरू टिपोट गर्न लगाउने,<br>• शिक्षकले आवश्यकता अनुसार पृष्ठपोषण दिने, | | | |
| ८. ग्रामीण विकास, प्रदुषण तथा सरसफाइ | विकास र वातारण<br><br>सरसफाइ व्यवस्थापन | • विकास र वातावरणको अन्तरसम्बन्ध बताउन,<br>• गाउँपालिकाले सरसफाई व्यवस्थापनका लागि गरेको कार्य बताउन, | • विकास र वातावरणको अन्तरसम्बन्ध<br>• सरसफाइ व्यवस्थापन कार्य | • विभिन्न विकास निर्माण कार्य भइरहेको स्थानको भ्रमण गराई त्यसबाट वातावरणमा परेको प्रभाव जानकारी गराउने,<br>• विकास निर्माण कार्यबाट वातावरणमा परेको सकारात्मक तथा नकारात्मक प्रभाव बारे छलफल गर्ने गराउने,<br>• विकास निर्माण कार्यबाट वातावरणमा परेको सकारात्मक प्रभाव र नकारात्मक प्रभावको छुट्टाछुट्टै चित्र, पोष्टर बाट छलफल गर्ने गराउने,<br>• विकासले वातावरण विनास गर्ने कुरा विभिन्न सन्दर्भ सामग्री मार्फत छलफल गराई वातावरण संरक्षण गर्ने गरी विकास गर्नुपर्ने कुरा छलफल गर्ने गराउने,<br>• विकास र वातावरणको अन्तरसम्बन्धका बारेमा तयार पारिएको अडियो, भिडियो मार्फत छलफल गर्ने गराउने,<br>• विकासले वातावरणमा कसरी प्रभाव पार्छ भन्ने सन्दर्भमा बाढी, पहिरो, भूक्षय, अल्पबृष्टि, अतिबृष्टि, आदिको समस्याका बारेमा छलफल गर्ने गराउने,<br>• दिगो विकास र वातावरण सम्बन्धमा चित्र कोर्न लगाउने, | • विकास निर्माण कार्य भइरहेका स्थान,<br>• विकास निर्माण कार्यले वातावरणमा परेको सकारात्मक तथा नकारात्मक प्रभावको चित्र, पोष्टर आदि<br>• दिगो विकासले वातावरणमा पारेको सकारात्मक प्रभावको पोष्टर, चित्र,<br>• गाउँपालिकाले सरसफाई व्यवस्थापनमा गरेको कार्य वा प्रयासको | • गृह कार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>• अभिनय र तत्परता<br>• परियोजना कार्य<br>• चित्र, तस्बिर<br>• समूह छलफल<br>• अवलोकन<br>• अध्ययन प्रतिवेदन<br>• रुजु सूची, श्रेणी मापन<br>• प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>• अभिभावक प्रतिक्रिया<br>• क्षेत्र भ्रमण<br><br>उदाहरण<br>• विकासले वातावरणमा कसरी असर गर्छ ?<br>• जथाभावी सडक खन्नाले वातावरणमा कस्तो प्रभाव परेको छ ?<br>• वातावरण संरक्षण गर्न के गर्नुपर्छ ?<br>• विकास र वातावरणको अन्तर सम्बन्ध लेख ।<br>• गाउँपालिकाले सरसफाई व्यवस्थापनमा गरेका कार्यहरुको सूची तयार पार ।<br>• विकास र वातावरणको अन्तरसम्बन्ध तथा गाउँपालिकाले सरसफाई व्यवस्थापनमा गरेका कार्यहरु सम्बन्धमा | ४+५ |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
**३. परियोजना तथा प्रयोगात्मक कार्य**: विद्यार्थीको क्षमता, स्तर र पाठ्यवस्तुसँग मिल्दा परियोजनाकार्य गर्न दिनुपर्छ । यसमा चरणबद्ध र व्यवस्थित रूपमा पूरा कार्य गरे वा नगरेको अवलोकन तथा अध्ययन गरी आवश्यक भए थप सुझाव दिनुपर्दछ ।

**४. अवलोकन**: सिकेका कुरा व्यवहारमा प्रयोग गरे वा नगरेको, कार्यसम्पादन गर्न सके वा नसकेको अवलोकन गरी पृष्ठपोषण दिन सकिन्छ ।

**५. विद्यार्थीका कार्यको प्रदर्शन**: विद्यार्थीले गरेका कार्यहरूको प्रदर्शन गराई उनीहरूको कार्यको मूल्याङ्कन गर्न सकिन्छ । यसमा सिर्जनात्मक कार्य (कविता निबन्ध, कथा लेखन, चित्र बनाउने आदि)को प्रदर्शन पनि गराउन सकिन्छ ।

**६. घटनावृत्त अभिलेखः** विद्यार्थीले कुनै घटनामा प्रदर्शन गरेका व्यवहार तथा कार्यको विवरण सङ्कलन तथा व्याख्या गरी विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ ।

**७. छोटा परीक्षाः** कुनै विषयवस्तुको सिकाइ पश्चात् विषयवस्तुको प्रकृति अनुसार लिखित तथा मौखिक परीक्षाहरू सञ्चालन गर्न सकिन्छ । यस्ता परीक्षाहरू अनौपचारिक रूपमा सञ्चालन गर्नुपर्छ । यस्तो अनौपचारिक रूपमा सञ्चालन गरिने परीक्षाले विद्यार्थीहरूलाई परीक्षाको त्रासबाट मुक्त गर्न सहयोग पुग्नाका साथै सहज ढङ्गबाट सिकाइ मूल्याङ्कन गर्न सकिन्छ ।

**८. स्वपाठ र सहपाठी मूल्याङ्कनः** विद्यार्थीले आफूले के कति सिक्न सके भनी, सिकाइसँग सम्बन्धित विभिन्न कार्य सम्पादन लगायत अन्य माध्यमबाट सिकाइ अवस्थाको मूल्याङ्कन गरी स्वःपृष्ठपोषण प्राप्त गरी सिकाइ सुधारको अवसर सिर्जना गर्न सकिन्छ । विद्यार्थीले आफ्नो सिकाइ तथा कार्यबाट अनुभव तथा सिकाइको प्रत्यावर्तन गर्ने विभिन्न नमुनाहरूमा विद्यार्थीलाई प्रत्यावर्तन लेख्न लगाई त्यसका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । त्यसैगरी कक्षामा सहपाठीहरूले एकअर्काका कार्यको मूल्याङ्कन गर्ने, सँगै बसेर गरिएका कार्यका मूल्याङ्कन गर्ने गरी पृष्ठपोषण प्राप्त गर्ने अवसर प्रदान गर्न सकिन्छ ।

**९. अभिभावकको प्रतिक्रियाः**विद्यार्थीले कार्यसम्पादन, व्यवहारमा भएको परिवर्तन र विशिष्ट तथा समग्र सिकाइका बारेमा अभिभावकको राय तथा प्रतिक्रियाबाट पनि विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । यसमा शिक्षक र अभिभावक छलफल गर्ने वाशिक्षक, अभिभावक र विद्यार्थीबिच छलफल गरेर विद्यार्थीलाई आवश्यक पृष्ठपोषण दिन सकिन्छ भने शिक्षकले पनि यसबाट शिक्षण सिकाइ प्रक्रियामा सुधारका लागि आधार पनि प्राप्त हुन सक्छ । विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने उल्लिखित कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखिकरण गरिनुपर्दछ । कक्षाकार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धि सहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चिका तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमी कमजोरी रहेका छन् र ती कमी कमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने
कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

## ११. विद्यार्थी मूल्याङ्कनको आवश्यक व्यवस्थाः

विद्यार्थी मूल्याङ्कनका सम्बन्धमा स्थानीय पाठ्यक्रम कक्षा ४–५ ले जम्मा पूर्णाङ्क १०० मध्ये ५० प्रतिशत सैद्धान्तिक र ५० प्रतिशत प्रयोगात्मक हुने व्यवस्था गरिएको छ । विषय क्षेत्रको प्रकृति तथा सिकाइ उपलब्धिका आधारमा सैद्धान्तिक र प्रयोगात्मक कार्य घण्टाको व्यवस्था गरिएको छ । प्रयोगात्मक कार्य घण्टाका लागि तोकिएको अवधिलाई विद्यार्थीहरूको गरेर सिक्ने र व्यवहारमा परिवर्तन ल्याउन अभ्यास गराउन उपयोग गर्नुपर्ने छ । यसरी तोकिएका प्रयोगात्मक कार्य घण्टालाई तोकिएका क्षेत्रका प्रयोगात्मक पक्षहरूको पहिचान गरी उपयोग गर्ने र ( सम्भावना भएका अवस्थामा) सूचना प्रविधिको उच्चतम उपयोगमा विद्यार्थीहरूलाई अभ्यस्त गराउने गरी सम्वन्धित क्षेत्रको अध्ययनबाट विद्यार्थीहरूले गर्ने सिकाइको तथ्याङ्कहरू, प्रतिक्रियाहरू, प्रतिवेदनहरू, प्रस्तुतीहरू सम्बन्धी क्रियाकलापहरूलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

## सन्दर्भ सामागीहरू

कानुनी किताव व्यवस्था समिति(२०७२), नेपालको संविधान,बबरमल, काठमाण्डौः नेपाल सरकार
कानुनी किताव व्यवस्था समिति(२०७४), स्थानीय सरकार सञ्चालन ऐन ,बबरमल, काठमाण्डौ
पाविके (२०६२), प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ (कक्षा १–३), सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र
पाविके (२०६३), राष्टिय पाठ्यक्रम प्रारुप, २०६३, सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र
पाविके (२०६५), प्राथमिक शिक्षा पाठ्यक्रम, २०६५, (कक्षा ४–५) सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र
पाविके (२०६९), आधारभुत तह पाठ्यक्रम, २०६९, (कक्षा ६–८), सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र
पाविके (२०७१), स्थानीय पाठ्यक्रम प्रारुप, २०७१, (कक्षा ६–८), सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र
पाविके (२०७६), राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६, (कक्षा ६–८), सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र
पाविके (२०७६), स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६, सानोठिमी भक्तपुर
स्थानीय पाठ्यक्रम : बिभिन्न स्थानीय तहका पाठ्यक्रमहरु

अनुसूची १

# स्थानीय पाठ्यक्रमको ढाँचा

१. स्थानीय पाठ्यक्रमको शीर्षक: **हाम्रो सिलीचोङ**
२. पाठ्यक्रमको प्रकृति: सैद्धान्तिक र प्रयोगात्मक
३. तह: आधारभूत तह: (कक्षा ४–५)
४. साप्ताहिक कार्य घण्टा: कक्षा ४-५ मा ४ कार्य घण्टा
५. जम्मा कार्य घण्टा:  कक्षा ४-५ मा वार्षिक १२८ घण्टा

अनुसूची २

# प्रयोगात्मक मूल्याङ्कन फाराम

विषयको नाम : ................................ कक्षाः............

| क्र. सं. | विद्यार्थीको नाम | मूल्याङ्कनका क्षेत्र | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रतिवेदन तथा प्रविधि सहितको प्रस्तुति | प्रयोगात्मक कार्यको अभिलेख | स्थानीय ऐतिहासिक, भौगालिक, वातावरणीय लगायतका क्षेत्रका वस्तु सङ्कलन, अभिलेखिकरण | लघु परियोजना कार्य (योजनाको खाका निर्माण) | मौखिक परीक्षा | चेतनामूलक कार्य सञ्चालन | शिष्टाचार,अनुशासन, सरसफाइ व्यवस्थापन, अभिनय लगायतका व्यक्तित्व विकासका कार्यमा गरेको सक्रिय सहभागिता र सोको अभिलेख | सहपाठी तथा सिकाइ समूहबाट मूल्याङ्कन | |
| | | १२ | ८ | ४ | ४ | ४ | ४ | १० | ४ | ५० |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| ६ | | | | | | | | | | |
| ७ | | | | | | | | | | |
| ८ | | | | | | | | | | |
| ९ | | | | | | | | | | |
| १० | | | | | | | | | | |

**शिक्षकको नाम :** **प्रअको नाम :**
**दस्तखतः** **दस्तखतः**

**मिति**

## स्थानीय पाठयक्रम कक्षा (६-८)

**स्थानीय पाठ्यक्रम निर्माण गर्दा आवश्यकताको आधारमा निम्नानुसार विषयवस्तुलाई समेटिएको छ ।**

### १. तहगत सक्षमता

आधारभूत तह (कक्षा ६–८) को अन्तमा विद्यार्थीहरूमा निम्नलिखित सक्षमताहरू विकास भएका हुने छन् :

१. सिलीचोङ गाउँपालिका क्षेत्रभित्रको परिचयात्मक प्रस्तुति,
२. जाति, भाषा, धर्म र संस्कृतिको पहिचान, संरक्षण र संवर्द्धन तथा प्रेरक व्यक्तित्वहरूको पहिचान,
३. चाडपर्व, रीति रिवाज तथा चालचलनको पहिचान, संरक्षण र संवर्द्धन,
४. सामाजिक मूल्य मान्यता तथा समस्याहरूको पहिचान र समाधानका उपायहरू,
५. कृषि व्यवसायको पहिचान तथा आवश्यक ज्ञान र सीपको व्यवहारमा प्रयोग,
६. पेशा, व्यवसाय, उद्योग र सीपहरूको पहिचान, संरक्षण तथा प्रवर्द्धन,
७. प्राकृतिक सम्पदा र वातावरणको पहिचान, सदुपायोग, संरक्षण र संवर्द्धन तथा विपद् व्यवस्थापन,
८. ग्रामिण विकास तथा स्वस्थ जीवनको ज्ञान र व्यवहारमा प्रयोग,
९. स्थानीय स्तरमा क्रियाशील सामाजिक संघसंस्थाहरूको पहिचान र योगदान,
१०. बाल/पोषणमैत्री स्थानीय शासनको पहिचान र घर, परिवार, विद्यालय तथा समुदायमा प्रयोग,
११. सूचना तथा सञ्चार प्रविधिको आवश्यकता, प्रयोग र यसले पारेको प्रभाव,
१२. पर्यटन स्थलको पहिचान, संरक्षण र संवर्द्धन ।

### २. विषय क्षेत्र र क्रम

यस पाठ्यक्रमका लागि निर्दिष्ट गरिएका विषय क्षेत्रहरू र तिनीहरूको क्रम देहायअनुसार रहनेछन् :

१. सिलीचोङ गाउँपालिकाको परिचय,
२. धर्म, संस्कृति तथा प्रेरक व्यक्तित्वहरू,
३. चाडपर्व, रीति रिवाज तथा चालचलन,
४. सामाजिक मूल्य मान्यता तथा समस्या र समाधानहरू,
५. कृषि व्यवसाय,
६. पेशा, व्यवसाय, उद्योग र सीपहरूको पहिचान तथा प्रवर्द्धन,
७. प्राकृतिक सम्पदा ताथ वातावरण संरक्षण र विपद् व्यवस्थापन,
८. ग्रामीण विकास, प्रदुषण तथा सरसफाइ,
९. सामाजिक संघसंस्थाहरू,
१०. बाल/पोषणमैत्री स्थानीय शासन,
११. सूचना तथा सञ्चार प्रविधि,
१२. पर्यटन प्रवर्द्धन ।

## ३. विषयवस्तुको क्षेत्र र क्रम

| क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| १.सिलीचोङ गाउँपालिकाको परिचय | गाउँपालिकाको सिमाना, क्षेत्रफल, जनसंख्याको बनावट र वितरण | गाउंपालिकाबाट उपलब्ध सेवा, सुविधा र जनसंख्या व्यवस्थापनका उपायहरू | गाउँपालिकाको भौगोलिक, मौसमी, स्वास्थ्य र शैक्षिक अवस्था |
| २. जाति,भाषा, धर्म, संस्कृति तथा प्रेरक व्यक्तित्वहरू कुलुङ, मेवाहाङ तामाङ लगायत अन्य भाषको चिनारी | जाति,भाषा, गाउँपालिकाको धार्मिक तथा सांस्कृतिक सम्पदा र त्यस्ता स्थलहरूको संरक्षण | जाति,भाषा, गाउँपालिका भित्रका समुदाय प्रति समभावको व्यवहार, सहिष्णुता प्रदर्शन र कला संस्कृतिको सम्मान | जाति,भाषा, गाउँपालिकाको मौलिकता झल्काउने ऐतिहासिक विशेष क्षेत्रको संरक्षण र संवर्द्धन तथा प्रेरक व्यक्तित्वहरूको योगदान |
| ३. चाडपर्व, रीति रिवाज तथा चालचलन | गाउँपालिका भित्र विभिन्न समुदायले मनाउने चाडपर्वहरूको तुलनात्मक बर्णन र उत्साहपूर्वक सहभागिता | आ-आफ्नो रीति रिवाज अनुसारका स्थानीय चाडपर्वका असल अभ्यास तथा तरिकाहरू | स्थानीय तहका जातजाति अनुसारका रीति रिवाज, संस्कार र चालचलन तथा जात्रा |
| ४. सामाजिक मूल्य मान्यता तथा समस्या र समाधान | अनुशासन, प्रणायाम तथा ध्यानको अवधारणा, मद्यपान/धुम्रपान तथा लागु पदार्थबाट जोगिन अपनाउनु पर्ने उपायहरू, सामान्य योग अभ्यास | व्यक्तिगत, पारिवारिक र सामुदायिक विकासमा अनुशासनको भूमिका, मद्यपान/धुम्रपान तथा लागुपदार्थले समाजमा पार्ने प्रभाव | असल नागरिकको भूमिका, योग र मानव स्वास्थ्यको अन्तर सम्बन्ध, दुर्व्यसन निराकरणका उपायहरू |
| ५. कृषि तथा पशुपालन व्यवसाय | स्थानीय स्तरमा अलैंची, रुद्राक्ष, किवी, आलु खेतीगर्न अनुकुल वातावरण | स्थानीय स्तरमा पशुपन्छी पालन, मत्स्य पालनको सम्भावना | कृषि व्यवसायका लागि लगानीका स्रोतहरू पहिचान तथा कृषि बजारीकरणका उपायहरू |
| ६. पेशा, व्यवसाय, उद्योग र सीपहरूको पहिचान तथा प्रवर्द्धन | आफ्नो परिवेशमा सञ्चालनमा रहेका उद्योगहरूको प्रवर्द्धनमा स्थानीय सरकारको भूमिका | कृषिमा आधारित उद्योगले जन जीवनमा पारेको प्रभाव | स्थानीय तहको आर्थिक विकासमा उपलब्ध व्यवसाय र प्रविधिले पारेको प्रभाव |
| ७. प्राकृतिक सम्पदा ताथ वातावरण संरक्षण र विपद् व्यवस्थापन | स्थानीय क्षेत्रमा पाइने प्राकृतिक वस्तुहरू (ढुङ्गा, माटो, बालुवा, गिटी, चुनढुङ्गा) पाइने स्थान, स्थानीय स्तरमा हुने विपद्हरू | स्थानीय क्षेत्रमा पाइने जडिबुटीहरूको प्रशोधन प्रक्रिया, जनावरबीचको अन्तर सम्बन्ध, समस्या र समाधानका उपायहरू, विपद् न्यूनिकरणका उपायहरू | स्थानीय क्षेत्रमा पाइने जङ्गली जनावरहरूको महत्व र संरक्षणका उपायहरू, स्थानीय क्षेत्रमा पाइने प्राकृतिक वस्तुहरू (ढुङ्गा, माटो, बालुवा, गिटी, चुनढुङ्गा) को उपयोग र व्यवस्थापनका उपायहरू, स्थानीय क्षेत्रभित्र हुने विपद् न्यूनिकरणका उपायहरूको पहिचान र अभ्यास |
| ८.ग्रामिण विकास, प्रदुषण तथा सरसफाइ | स्थानीय सरसफाई व्यवस्थापनमा नागरिकको दायित्व तथा भूमिका र सचेतना | फोहोरको पुनः प्रयोगका फाइदा, फोहोर व्यवस्थापनमा स्थानीय तहले गरेका कार्य | स्थानीय तहले ग्रामिण विकास तथा सरसफाइमा खेलेको भूमिका |
| ९.सामाजिक संघसंस्थाहरू | गाउँपालिका भित्र रहेका बालबालिकासँग सम्बन्धित संस्थाहरूको कार्यक्षेत्र तथा भूमिका | गाउंपालिकामा रहेका क्रियाशील सामाजिक संघसंस्थाहरूले सञ्चालन गर्ने कार्यमा स्थानीय तह तथा सरोकारवालाहरूको भूमिका | गाउँपालिका भित्र क्रियाशील सामाजिक संघसंस्थाहरूसँग समन्वय र सहकार्य तथा प्रक्रिया |
| १०. बालमैत्री/पोषणमैत्री स्थानीय शासन | बालमैत्री/पोषणमैत्री विद्यालय र समुदाय | बालमैत्री/पोषणमैत्री शासन (बालक्लब) तथा बाल अधिकार सम्बन्धी कानुनी दस्तावेजहरू | बालमैत्री/पोषणमैत्री शासनका तत्वहरु, स्थानीय तहको भूमिका र चुनौति |
| ११. सूचना तथा सञ्चार प्रविधि | कम्प्युटरको परिचय, आवश्यता र अभ्यास (Microsoft Word) | काम्प्यूटर तथा इन्टरनेटको परिचय, प्रयोग र अभ्यास (Microsoft Excel) | कम्प्यूटर, इन्टरनेट, स्मार्टबोर्ड र प्रोजेक्टरको प्रयोग र अभ्यास (Powerpoint presentation) |
| १२. पर्यटन प्रवर्द्धन | गाउँपालिका भित्रका पर्यटकीय स्थलहरूको संरक्षणमा स्थानीय समुदायको भूमिका र सहभागिता | गाउँपालिका भित्रका पर्यटकीय स्थलहरूको संरक्षणमा स्थानीय तहको भूमिका, प्रचार प्रसार र सहभागिता | पर्यटन व्यवसायका लागि आवश्यक सीप तथा व्यवस्थापकीय कार्य र संरक्षण तथा संवर्द्धन |

## ४. कक्षागत सिकाइ उपलब्धि

यस पाठ्यक्रमको कार्यान्वयन पश्चात आधारभूत तह कक्षा (६–८) मा अध्ययनरत बालबालिकामा माथि उल्लिखित क्षेत्र र क्रम अनुसार देहाय अनुसारको सिकाइ उपलब्धिहरू हासिल हुनेछ ।

### १. सिलीचोङ गाउँपालिकाको परिचय

| कक्षा | सिकाइ उपलब्धि |
|---|---|
| ६ | गाउँपालिकाको सिमाना, क्षेत्रफल, जनसङ्ख्याको बनौट र वितरणको अवस्था बताउन, |
| ७ | गाउँपालिकाको कार्यालयबाट प्राप्त हुने सेवा र सुविधा बताउन र जनसङ्ख्या व्यवस्थापनका उपायहरू सूचीकरण गर्न, |
| ८ | गाउँपालिकाका भौगोलिक,मौसमी, शैक्षिक र स्वास्थ्य अवस्थाको सामान्य विश्लेषण गर्न । |

### २. जाति, भाषा, धर्म, संस्कृति र प्रेरक व्यक्तित्वहरुको पहिचान संरक्षण र संवर्द्धन

| कक्षा | सिकाइ उपलब्धि |
|---|---|
| ६ | गाउँपालिकाको जाति, भाषा, धर्म, सांस्कृतिक तथा धार्मिक सम्पदा पहिचान र त्यस्ता स्थलहरूको संरक्षण गर्ने कार्यमा सहयोग पुऱ्याउन, |
| ७ | गाउँपालिका भित्रका समुदायप्रति समभावको व्यवहार तथा सहिष्णुता प्रदर्शन गर्न र कला, संस्कृतिको सम्मान गर्न, |
| ८ | गाउँपालिकाको मौलिकता झल्काउने ऐतिहासिक तथा विशेष क्षेत्रको व्यवस्थापन र संवर्द्धनको बारे वर्णन गर्न र प्रेरक व्यकितत्वहरुको योगदानको चर्चा गर्न । |

### ३. चाडपर्व, रीति रिवाज तथा चालचलनको पहिचान, संरक्षण र संबर्द्धन

| कक्षा | सिकाइ उपलब्धि |
|---|---|
| ६ | गाउँपालिकाभित्र विभिन्न समुदायहरूले मनाउने चाडपर्वहरूको तुलनात्मक वर्णन गर्न र त्यस्ता चाडपर्वहरूमा उत्साहित भई सरिक हुन, |
| ७ | आ-आफ्ना रीति रिवाज अनुसारका स्थानीय चाडपर्वका असल अभ्यास तथा तरिकाहरुको वर्णन गर्न, |
| ८ | स्थानीय तहका जातजाति अनुसारका रीति रिवाज, संस्कार र चालचलन तथा जात्राको खोज, संरक्षण र संवर्द्धन गर्न । |

### ४.सामाजिक मूल्य,मान्यता तथा समस्या र समाधान

| कक्षा | सिकाइ उपलब्धि |
|---|---|
| ६ | मद्यपान/धुम्रपान तथा लागुपदार्थबाट जोगिन अपनाउनुपर्ने उपायहरु, |
| ७ | व्यक्तिगत, पारिवारिक र सामुदायिक विकासमा अनुशासनको भूमिका र महत्त्वमा प्रकाश पार्न र मद्यपान/धुम्रपान तथा लागुपदार्थले समाजमा पार्ने प्रभावको वर्णन गर्न, |
| ८ | असल नागरिकको भूमिका प्रस्तुत गर्न, दुर्व्यसन निराकरणका उपायहरूको सूची तयार गर्न । |

### ५. कृषि व्यवसाय

| कक्षा | सिकाइ उपलब्धि |
|---|---|
| ६ | स्थानीय स्तरमा अलैची, रुद्राक्ष तथा आलु खेती गर्न अनुकुल वातावरण तथा खेती गर्ने तरिका बताउन, |
| ७ | स्थानीय स्तरमा पशुपन्छीपालन र मत्स्यपालनको सम्भावना खोजी गर्न, |
| ८ | कृषि व्यवसायका लागि लगानीका स्रोतहरू पहिचान तथा कृषि बजारीकरणको उपायहरूको सूची तयार गर्न । |

### ६. पेशा, व्यवसाय, उद्योग र सीपहरूको पहिचान तथा प्रवर्द्धन

| कक्षा | सिकाइ उपलब्धि |
|---|---|
| ६ | आफ्नो परिवेशमा सञ्चालनमा रहेको  उद्योगहरूको प्रबर्द्धनमा स्थानीय सरकारको भूमिका बताउन, |
| ७ | कृषिमा आधारित उद्योगले जनजीवनमा पारेको प्रभाव बताउन, |
| ८ | स्थानीय तहको आर्थिक विकासमा उपलब्ध व्यवसाय र प्रविधिले पारेको प्रभावहरूको विश्लेषण गर्न । |

### ७. प्राकृतिक सम्पदा तथा वातावरण संरक्षण र विपद् व्यवस्थापन

| कक्षा | सिकाइ उपलब्धि |
|---|---|
| ६ | स्थानीय क्षेत्रमा रहेका प्राकृतिक वस्तुहरू (ढुङ्गा, माटो, बालुवा, गिट्टी) पाइने स्थानको पहिचान र स्थनीयस्तरमा हुने गरेका विपदका क्षेत्रहरुको पहिचान गर्न, |
| ७ | स्थानीय वनमा पाइने जडिबुटीको प्रशोधन प्रक्रिया पहिचान गर्न जनावर र मानवबीचको अन्तरसम्बन्ध, उत्पन्न समस्या र समाधानका उपायहरू बताउन र स्थानीयस्तरमा हुन जाने विपद् न्यूनीकरणका उपायहरु बताउन, |

८ स्थानीय क्षेत्रमा पाइने जङ्गली जनावरहरूको महत्त्व र संरक्षणका उपायहरू बताउन, स्थानीय क्षेत्रमा पाइने प्राकृतिक वस्तुहरू (ढुङ्गा,माटो,बालुवा,गिट्टी,चुनढुङ्गा) को उपयोग र व्यवस्थापनका उपायहरू बताउन तथा गाउँपालिका भित्र हुन जाने विपदका घटनाहरुको अभ्यास गर्न ।

## ८. ग्रामीण विकास, प्रदुषण तथा सरसफाइ

| कक्षा | सिकाइ उपलब्धि |
|---|---|
| ६ | स्थानीय सरसफाइ व्यवस्थापनमा नागरिकको दायित्व, भूमिका र सचेतनामा जागरुक हुन, |
| ७ | सरसफाइ व्यवस्थापनमा गाउँपालिकाले गरेको कार्य वर्णन गर्न र फोहोरमैलाको पुनः प्रयोगबाट हुने फाइदाहरू बताउन, |
| ८ | गाउँपालिकाले ग्रामिण विकास तथा सरसफाइ व्यवस्थापनमा खेलेको भूमिका बताउन । |

## ९. सामाजिक संघसंस्थाहरू

| कक्षा | सिकाइ उपलब्धि |
|---|---|
| ६ | गाउापालिकाभित्र रहेका बालबालिकासंग सम्बन्धित संस्थाहरूको कार्यक्षेत्र तथा भूमिका वर्णन गर्न, |
| ७ | गाउँपालिका भित्र क्रियाशील सामाजिक सङ्घ संस्थाहरूले सञ्चालन गर्ने कार्यमा स्थानीय तह तथा सरोकारवालाहरूको भूमिका वर्णन गर्न, |
| ८ | गाउँपालिकाभित्र क्रियाशील सामाजिक सङ्घ संस्थाहरूसंग समन्वय र सहकार्यको प्रक्रिय वर्णन गर्न । |

## १०. बालमैत्री स्थानीय शासन

| कक्षा | सिकाइ उपलब्धि |
|---|---|
| ६ | बालमैत्री/पोषणमैत्री विद्यालयको अवधारणा बताउन र समुदायसंगको सुमधुर सम्बन्ध बताउन, |
| ७ | बालमैत्री/पोषणमैत्री स्थानीय शासन (बालक्लब)को अवधारणा र बाल अधिकार सम्बन्धी कानून तथा दस्तावेजहरूको वर्णन गर्न, |
| ८ | बालमैत्री स्थानीय तत्वहरूको पहिचान र स्थानीय निकायको कार्यान्वयनमा भूमिका तथा चुनौतिहरु वर्णन गर्न । |

## ११. सूचना तथा सञ्चार प्रविधि

| कक्षा | सिकाइ उपलब्धि |
|---|---|
| ६ | कम्प्युटरको परिचय, आवश्यकता र Microsoft word को अभ्यास गर्न, |
| ७ | कम्प्युटर सहित इन्टरनेटको परिचय र Microsoft excel को अभ्यास गर्न, |
| ८ | कम्प्युटर, इन्टरनेट, स्मार्टबोर्ड र प्रोजेक्टरसहित Power point presentation को अभ्यास गर्न । |

## १२. पर्यटन प्रवर्द्धन

| कक्षा | सिकाइ उपलब्धि |
|---|---|
| ६ | गाउँपालिकाभित्रका पर्यटकीय स्थलहरूको संरक्षणमा स्थानीय समुदायको भूमिका र सहभागिताको अवस्था बताउन, |
| ७ | गाउँपालिकाभित्रका पर्यटकीय स्थलहरूको संरक्षणमा स्थानीय तहको भूमिका, प्रचारप्रसार र सहभागिताको अवस्था बताउन, |
| ८ | पर्यटन व्यवसायका लागि आवश्यक सीप तथा व्यवस्थापकीय कार्य, संरक्षण र संवर्द्धनका सूची बनाउन । |

## ५. विषयवस्तुको विस्तृतीकरण

विषयवस्तुको विस्तृतीकरण तालिकामा तपसिल बमोजिम कक्षागत रूपमा बालबालिकाले अध्ययन गर्ने विषयवस्तु, हाँसिल गर्ने सिकाइ उपलब्धि, उपलब्धि हाँसिल गर्नका लागि गरिने सहजिकरण कार्यकलाप तथा सोको लेखाजोखालाई प्रस्तुत गरिएको छ ।

**कक्षा ६**

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| १. सिलीचोङ गाउँपालिकाको परिचय | भौगोलिक अवस्था जनसंख्याको बनोट तथा वितरण | • गाउँपालिकाको सिमाना तथा क्षेत्रफल बताउन,<br>• गाउँपालिका भित्रको जनसंख्याको बनोट र वितरण उल्लेख गर्न | • गाउँपालिकाको सिमाना,<br>• गाउँपालिकाको क्षेत्रफल,<br>• गाउँपालिका भित्रको जनसंख्याको बनोट,<br>• गाउँपालिका भित्रको जनसंख्याको वितरण । | • विद्यार्थीलाई पालैपालो उनीहरूको गाउँपालिकाको सिमाना भन्न लगाउने र कालोपाटी/सेतो पाटीमा टिपोट गर्ने,<br>• गाउँपालिकाको सिमाना रहेको स्थानको अवलोकन गरी टिपोट गर्ने गर्न लगाउने,<br>• गाउँपालिकाको नक्सा देखाई छलफल गर्ने र सिमानको एकिन गर्न लगाउने,<br>• गाउँपालिकाको सिमानाको चार्टबाट छलफल गर्ने गराउने,<br>• गाउँपालिकाको सिमाना लेख्न लगाउने,<br>• गाउँपालिकाको सिमाना सम्बन्धमा तयार पारिएका अडियो, भिडियोबाट छलफल गर्ने गराउने,<br>• गाउँपालिका कार्यालयको अवलोकन गराई गाउँपालिकाको सिमाना र क्षेत्रफल टिपोट गर्न लगाउने, | • गाउँपालिका र वडाहरूको नक्सा,<br>• गाउँपालिका तथा वडाहरू क्षेत्रफल भएको चार्ट, पोष्टर,<br>• गाउँपालिका र वडा कार्यालय,<br>• जनसंख्याको बनोट र वितरणको चार्ट, पोष्टर, आदि,<br>• गाउँपालिकाको सिमाना, क्षेत्रफल, जनसंख्याको बनोट र वितरण सम्बन्धी अडियो, भिडियो,<br>• अभिलेख फाराम | • गृहकार्य तथा कक्षाकार्यमा सक्रियता तथा सहभागिता<br>• अभिनय र तत्परता<br>• परियोजना कार्य<br>• चित्र, नक्साकार्य<br>• समूह छलफल<br>• अवलोकन<br>• अध्ययन प्रतिवेदन<br>• रुजु सूची, श्रेणी मापन<br>• प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>• अभिभावक प्रतिक्रिया<br>• क्षेत्र भ्रमण<br><br>उदाहरण<br>• तिम्रो गाउँपालिकाको चार सिमाना लेख ।<br>• गाउँपालिकाको चार सिमाना खुल्ने गरी नक्सा तयार पार ।<br>• गाउँपालिकाको पूर्वी सिमाना कुन हो ?<br>• जनसंख्या बनोटका आधारहरु के के हुन् ?<br>• गाउँपालिका भित्रको जातिगत जनसंख्या लेख । | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | ● गाउँपालिकाको क्षेत्रफलको चित्र, नक्सा, पोष्टर आदिबाट छलफल गर्ने गराउने,<br>● गाउँपालिकाको क्षेत्रफलको चार्ट तयार पारी छलफल गर्ने गराउने,<br>● गाउँपालिकाको सिमाना खुल्ने गरी नक्सा तयार गर्न लगाउने,<br>● गाउँपालिकाको क्षेत्रफल लेख्न लगाउने,<br>● गाउँपालिका कार्यालय वा जनसंख्यासँग सम्बन्धित शाखाबाट गाउँपालिकाको जनसंख्या टिपोट गर्न लगाउने,<br>● गाउँपालिका वा जनसंख्यासँग सम्बन्धित शाखामा समन्वय गरी भौगोलिक, धार्मिक, जातीय, भाषिक तथा उमेरगत आधारमा छुट्टाछुट्टै जनसंख्या टिपोट गर्ने,<br>● जनसंख्याको बनोट सम्बन्धी चार्ट, चित्र, पोष्टर आदिबाट जनसंख्याको बनोट र वितरण बारे छलफल गर्ने गराउने,<br>● गाउँपालिकाका वडाहरुबाट समेत जनसंख्याको बनोट र वितरणको तथ्याङ्क | | ● गाउँपालिका भित्र किरात धर्म मान्ने जनसंख्या कति छ ?<br>● गाउँपालिका भित्र बुद्ध धर्म मान्ने जनसंख्या लेख ।<br>● गाउँपालिका भित्र सबैभन्दा बढी कुन धर्म मान्ने मानिस रहेका छन् ?<br>● गाउँपालिका भित्र बसोबास गर्ने मानिसको जातिगत, भाषागत, धार्मिक तथा भौगोलिक वितरणको स्तम्भचित्र, वृतचित्र आदि तयार पार ।<br>● गाउँपालिकाको सिमाना, क्षेत्रफल, जनसंख्याको बनोट र वितरण सम्बन्धमा जोडा मिलाउने, खालीठाउँ भर्ने, ठिक बेठिक छुट्टयाउने जस्ता प्रश्नहरु तयार पारी छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्कलन गरी छलफल गर्ने गराउने,<br>● जनसंख्याको बनोट र वितरण सम्बन्धी तयार पारिएका अडियो, भिडियोबाट छलफल गर्ने गराउने,<br>● विद्यार्थीलाई जनसंख्या बनोट र वितरणका आधारहरु (भौगोलिक, जातीय, उमेरगत, धार्मिक आदि) मा विद्यार्थीलाई जनसंख्याको बनोट र वितरणको अवस्था बताउन र लेख्न लगाउने,<br>● शिक्षकले अवश्यकता अनुसार जनसंख्याको बनोट र वितरणसँग सम्बन्धी आवश्यक पृष्ठपोषण दिने, | | | |
| २. सामाजिक संस्कार, जाति,भाषा, धर्म, संस्कृति तथा प्रेरक व्यक्तित्वहरू | जाति,भाषा, सांस्कृतिक तथा धार्मिक सम्पदाहरू | ● गाउँपालिका भित्रको सांस्कृतिक तथा धार्मिक सम्पदाहरूको पहिचान गर्न,<br>● धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणका उपाय बताउन र सरिक हुन | ● सांस्कृतिक तथा धार्मिक सम्पदाको पहिचान,<br>● धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षणका उपायहरू,<br>● धार्मिक तथा सांस्कृतिक सम्पदा संरक्षणमा सहयोग । | ● गाउँपालिका भित्र रहेका देवस्थल, गुम्बाहरूको अवलोकन भ्रमण गराउने,<br>● विद्यार्थीलाई गाउँपालिका भित्र रहेका मठमन्दिर, देवस्थल, गुम्बाहरूको सोधखोज गरी सूची तयार गर्न लगाउने,<br>● गाउँपालिका भित्र रहेका मठमन्दिर, देवस्थल, गुम्बाहरूको चित्र/पोष्टरबाट छलफल गराउने,<br>● गाउँपालिका भित्र रहेका सांस्कृतिक तथा धार्मिक | ● गाउँपालिका भित्रका सांस्कृतिक तथा धार्मिक सम्पदाहरूको तस्विर, चित्र, पोष्टर<br>● गाउँपालिका भित्रका सांस्कृतिक तथा धार्मिक सम्पदाहरूका परिचय, संरक्षणका उपायहरू खुल्ने चार्ट,<br>● गाउँपालिका भित्रका सांस्कृतिक तथा धार्मिक | ● गृहकार्य तथा कक्षाकार्यमा सक्रियता तथा सहभागिता,<br>● अभिनय र तत्परता,<br>● परियोजना कार्य,<br>● चित्र, तस्वीर,<br>● समूह छलफल,<br>● अवलोकन,<br>● अध्ययन प्रतिवेदन,<br>● रुजु सूची, श्रेणी मापन,<br>● प्रश्नोत्तर/छलफल (लिखित, मौखिक),<br>● अभिभावक प्रतिक्रिया<br>● भ्रमण । | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | सम्पदाहरुको शब्दपत्ति/कार्ड निर्माण गरी जोडा मिलाउन लगाउने/खेल खेलाउने,<br>● गाउँपालिका भित्र रहेका सांस्कृतिक तथा धार्मिक सम्पदाका बारेमा तयार पारिएको अडियो सुनाउने तथा भिडिया प्रदर्शन गराउँदै छलफल गर्ने गराउने,<br>● सांस्कृतिक तथा धार्मिक सम्पदाहरूको परिचय तथा सम्पदाहरूको चार्ट, चित्र, पोष्टर, आदिबाट छलफल गर्ने गराउने,<br>● विद्यार्थीहरूलाई सांस्कृतिक तथा धार्मिक सम्पदाको परिचय लेख्न लगाई गाउँपालिका भित्रका सांस्कृतिक तथा धार्मिक सम्पदाको बारेमा छोटो-छोटो विवरण लेख्न लगाउने,<br>● गाउँपालिका भित्रका सांस्कृतिक तथा धार्मिक सम्पदाहरुको संरक्षणका उपायहरुको चार्ट, पोष्टर आदिबाट छलफल गर्ने गराउने,<br>● गाउँपालिका भित्रका सांस्कृतिक तथा धार्मिक सम्पदाहरुको संरक्षणका उपायहरुको सूचीबाट छलफल गर्ने गराउने,<br>● गाउँपालिका भित्रका सांस्कृतिक तथा धार्मिक | सम्पदाहरूको परिचय, सूची तथा संरक्षणका उपायहरुको लेख/अभिलेख<br>● गाउँपालिका भित्रका सांस्कृतिक तथा धार्मिक सम्पदाहरूको परिचय र संरक्षणका उपायहरुको शब्दपत्ती/चित्रपत्ती<br>● गाउँपालिका भित्रका सांस्कृतिक तथा धार्मिक सम्पदाहरूको परिचय, सूची तथा संरक्षणका उपायहरूका बारेमा तयार पारिएको अडियो, भिडियो, आदि,<br>● वडा कार्यालयहरू, गाउँपालिका,<br>● संरक्षणमा संलग्न व्यक्तिहरू । | उदाहरण<br>● सांस्कृतिक तथा धार्मिक सम्पदाको परिचय देऊ ।<br>● गाउँपालिका भित्र रहेका सांस्कृतिक तथा धार्मिक सम्पदाहरूको सूची तयार पार ।<br>● सांस्कृतिक तथा धार्मिक सम्पदाको संरक्षणका उपायहरु लेख ।<br>● गाउँपालिका भित्रका सांस्कृतिक तथा धार्मिक सम्पदाहरुको चित्र कोरी रङ भर ।<br>● गाउँपालिका भित्रको कुनै एक सांस्कृतिक तथा धार्मिक सम्पदाको सरस्फाई र संरक्षका लागि तिमीले के गर्न सक्छौ ?<br>● गाउँपालिका भित्र रहेका सांस्कृतिक तथा धार्मिक सम्पदा, संरक्षणका उपायहरु आदिका सम्बन्धमा जोडा मिलाउने, खालीठाउँ भर्ने, ठिक बेठिक छुट्टयाउने जस्ता प्रश्नहरु तयार पारी छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | सम्पदाहरुको संरक्षणका उपायहरु लेख्न लगाउने,<br>● गाउँपालिका भित्रका सांस्कृतिक तथा धार्मिक सम्पदाहरुको संरक्षणमा आफ्नो भूमिका के हुनसक्छ ? भनी सोधखोज गरी आवश्यक पृष्ठपोषण दिने । | | | |
| ३. चाडपर्व, रीति रिवाज तथा चालचलन | हाम्रा चाडपर्वहरू | ● गाउँपालिका भित्र विभिन्न समुदायले मनाउने चाडपर्वहरुको तुलना गर्न,<br>● गाउँपालिका भित्र विभिन्न समुदायले मनाउने चाडपर्वहरुमा सरिक हुन, | ● गाउँपालिका भित्रका समुदायले मनाउने चाडपर्वको तुलना,<br>● विभिन्न समुदायले मनाउने चाडपर्वमा सरिक हुन, | ● विद्यार्थीलाई गाउँपालिका भित्र बसोवास गर्ने फरक फरक समुदायले मान्ने चाडपर्वहरुको सूची तयार पार्न लगाउने,<br>● गाउँपालिका भित्र विभिन्न समुदायमा मनाउने चाडपर्वहरुको अवलोकन/भ्रमण वा पहिचान गर्न लगाई टिपोट गर्ने,<br>● गाउँपालिका भित्रका विभिन्न समुदायमा मनाइने चाडपर्वको चित्र/पोष्टर/चार्ट आदिबाट छलफल गर्ने गराउने,<br>● गाउँपालिका भित्र विभिन्न समुदायका चाडपर्वका कार्डपत्ती/चित्रपत्ती/शब्दपत्ती तयार पारी जोडा मिलाउने खेल खेल खेलाउने,<br>● गाउँपालिका भित्रका विभिन्न तथा मनाइने चाडपर्वहरुका सम्बन्धमा तयार पारिएका अडियो, भिडियो आदि | ● गाउँपालिका भित्र मनाइने विभिन्न चाडपर्वका नाम लेखिएको चित्र/पोष्टर/चार्ट<br>● विभिन्न चाडपर्वहरुमा गरिने क्रियाकलापहरुको तालिका,<br>● फरक फरक समुदायले मान्ने चाडपर्व र क्रियाकलापका शब्दपत्ती/चित्रपत्ती/नामपत्ती,<br>● विद्यार्थी स्वयम्<br>● गाउँपालिका भित्र मनाइने चाडपर्वका सम्बन्धमा तयार पारिएका अडियो, भिडियो,<br>● गाउँपालिका भित्र विभिन्न मितिमा मनाइने चाडपर्वहरु र क्रियाकलापहरूका स्थल । | ● गृहकार्य तथा कक्षाकार्यमा सक्रियता तथा सहभागिता,<br>● अभिनय र तत्परता,<br>● परियोजना कार्य,<br>● चित्र, तस्वीर,<br>● समूह छलफल,<br>● अवलोकन,<br>● अध्ययन प्रतिवेदन,<br>● रुजु सूची, श्रेणी मापन,<br>● प्रश्नोत्तर/छलफल (लिखित, मौखिक),<br>● अभिभावक प्रतिक्रिया ।<br>उदाहरण<br>● गाउँपालिका भित्र मनाइने कुनै दुई चाडपर्वहरुबीच तुलना गर्नुहोस् ।<br>● ल्होसार र उघौली उभौली चाडपर्वबीच के फरक छ ?<br>● गाउँपालिका भित्र मनाइने विभिन्न चाडपर्वहरु सम्बन्धमा जोडा मिलाउने, खालीठाउँ भर्ने, ठिक बेठिक छुट्टयाउने जस्ता प्रश्नहरु तयार | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | सुनाइ/प्रदर्शन गराई छलफल गर्ने गराउने,<br>● गाउँपालिका भित्रका विभिन्न समुदायले मनाउने चाडपर्वमा सरिक गराई चाडपर्वमा गरिने क्रियाकलापहरूको टिपोट गर्ने, छलफल गर्ने गराउने,<br>● विद्यार्थीहरूलाई फरक फरक समुदायले मनाउने फरक फरक चाडपर्वमा गरिने क्रियाकलापहरूको तुलना गरी लेख्न लगाउने,<br>● विद्यार्थीहरूलाई गाउँपालिका भित्र मनाइने विभिन्न चाडपर्वहरूको तुलनात्मक तालिका तयार पार्न लगाउने,<br>● शिक्षकले तयार पारेका गाउँपालिका भित्र मनाइने चाडपर्व र क्रियाकलापको सन्दर्भ सामग्रीका माध्यमबाट छलफल गराई पृष्ठपोषण दिने । | | पारी छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |
| ४. सामाजिक मूल्य मान्यता तथा समस्या र समाधान | धुम्रपान, मद्यपान र लागुपदार्थ | ● धुम्रपान, मद्यपान र लागुपदार्थबाट जोगिने उपायहरु बताउन, | ● धुम्रपान, मद्यपान र लागुपदार्थबाट जोगिने उपायहरु, | ● विद्यार्थीलाई धुम्रपान, मद्यपान र लागु पदार्थबाट बच्ने उपायहरु सोधी कालोपाटी/सेतोपाटीमा टिपोट गर्दै जाने,<br>● धुम्रपान, मद्यपान र लागुपदार्थबाट जोगिने उपाय सम्बन्धी चार्ट, पोष्टर, आदिबाट छलफल गर्ने गराउने,<br>● धुम्रपान, मद्यपान र लागुपदार्थबाट बच्ने उपाय सम्बन्धमा तयार पारिएको | ● धुम्रपान, मद्यपान र लागु पदार्थबाट बच्ने उपायको चित्र/चार्ट/पोष्टर<br>● धुम्रपान, मद्यपान र लागुपदार्थबाट बच्ने उपायको अडियो, भिडियो,<br>● धुम्रपान, मद्यपान र लागुपदार्थबाट बच्ने उपायको शब्दपत्ती/वाक्यपत्ती | ● गृहकार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता,<br>● अभिनय र तत्परता,<br>● परियोजना कार्य,<br>● चित्र, तस्वीर,<br>● समूह छलफल,<br>● अवलोकन,<br>● अध्ययन प्रतिवेदन,<br>● रुजु सूची, श्रेणी मापन,<br>● प्रश्नोत्तर/छलफल (लिखित, मौखिक), | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | अडियो, भिडियोबाट छलफल गर्ने गराउने,<br>● शिक्षकले विभिन्न सन्दर्भ सामग्रीबाट तयार पारेको चार्ट वा अन्य सामग्रीका माध्यमबाट धुम्रपान, मद्यपान र लागुपदार्थबाट बच्ने उपाय बारे प्रष्ट पार्ने,<br>● विद्यार्थीलाई धुम्रपान, मद्यपान र लागुपदार्थबाट बच्ने उपायको बर्णन गर्न लगाउने । | ● धुम्रपान, मद्यपान, लागुपदार्थको कुलतमा फसेर पनि सुधिएका व्यक्तिहरू । | ● अभिभावक प्रतिक्रिया ।<br>उदाहरण<br>● धुम्रपान, मध्यपान र लाग ुपदार्थबाट बच्ने कुनै तीन ओटा उपाय लेख ।<br>● मद्यपान, धुम्रपान र लागुपदार्थबाट बच्ने उपाय, तथा सो को अवधारणासम्बन्धी जोडा मिलाउने, खालीठाउँ भर्ने, ठिक बेठिक छुट्टयाउने जस्ता प्रश्नहरु तयार पारी छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |
| ५. कृषि व्यवसाय | अलैंची खेती<br><br>किवी खेती<br><br>आलु खेती<br><br>रुद्राक्ष खेती | ● रुद्राक्ष, अलैंची खेतीका लागि अनुकुल वातारण तथा खेती गर्ने तरिका बताउन,<br>● किवी खेतीका लागि अनुकुल वातारण तथा खेती गर्ने तरिका उल्लेख गर्न,<br>● आलु खेतीका लागि अनुकुल वातारण तथा खेती गर्ने तरिका उल्लेख गर्न, | ● रुद्राक्ष, अलैंची खेतीका लागि अनुकुल वातावरण,<br>● अलैंची खेती गर्ने तरिका,<br>● किवी खेतीका लागि अनुकुल वातावरण,<br>● किवी खेती गर्ने तरिका,<br>● आलु खेतीका लागि अनुकुल वातावरण,<br>● आलु खेती गर्ने तरिका, | ● व्यवसायिक रुपमा अलैंची खेती, किवी खेती तथा आलु खेती गरिएको स्थानको अवलोकन गर्ने गराउने,<br>● व्यवसायिक रुपमा अलैंची खेती, किवी खेती तथा आलु खेती गरिरहेका व्यक्तिहरुसँग छलफल गर्ने गराउने,<br>● अलैंची खेती, किवी खेती तथा आलु खेती गरिएको चित्र, पोष्टर आदिबाट छलफल गर्ने गराउने,<br>● शिक्षकले अलैंची खेती, किवी खेती तथा आलु खेतीका लागि अनुकुल वातावरण र खेती गर्ने तरिकाको चार्ट वा अन्य सन्दर्भ सामग्रीबाट छलफल गर्ने गराउने, | ● व्यवसायिक रुपमा रुद्राक्ष, अलैंची, किवी तथा आलु खेती गरिएको स्थान,<br>● व्यवसायिक रुपमा अलैंची, किवी तथा आलु खेती गरिएको चित्र, पोष्टर, आदि,<br>● व्यवसायिक रुपमा अलैंची, किवी तथा आलु खेती गर्ने व्यक्तिहरु,<br>● अलैंची, किवी तथा आलु खेतीसँग सम्बन्धित प्राविधिक,<br>● अलैंची, किवी तथा आलु खेती सम्बन्धी चित्रपत्ती, नामपत्ती,<br>● अलैंची, किवी तथा आलु खेतीसँग | ● गृहकार्य तथा कक्षाकार्यमा सक्रियता तथा सहभागिता<br>● अभिनय र तत्परता<br>● परियोजना कार्य<br>● चित्र, तस्वीर,<br>● समूह छलफल<br>● अवलोकन<br>● अध्ययन प्रतिवेदन<br>● रुजु सूची, श्रेणी मापन<br>● प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>● अभिभावक प्रतिक्रिया<br>● क्षेत्र भ्रमण<br><br>उदाहरण<br>● अलैंची खेतीका लागि उपयुक्त वातावरण लेख । | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | ● अलैंची खेती, किवी खेती तथा आलु खेतीका सम्बन्धमा तयार पारिएको अडियो भिडियो मार्फत छलफल गर्ने गराउने,<br>● अलैंची खेती, किवी खेती तथा आलु खेतीसँग सम्बन्धित प्राविधिकसँग छलफल गरी खेतीका लागि अनुकुल वातावरण तथा खेती गर्ने तरिकाका बारेमा सोधपुछ र छलफल गर्ने गराउने,<br>● अलैंची खेती, किवी खेती तथा आलु खेतीको लागि अनुकुल वातावरण तथा खेती गर्ने तरिका लेख्न लगाउने । | सम्बन्धित अडियो, भिडियो आदि, | ● किवी खेती गर्ने तरिका उल्लेख गर ।<br>● आलु खेतीका लागि कस्तो वातावरण आवश्यक पर्छ ?<br>● अलैंची खेती, किवी खेती, आलु खेतीसँग सम्बन्धित जोडा मिलाउने, ठिक बेठिक छुट्टयाउने, खाली ठाउँ भर्ने, आदि प्रश्नहरू तयार पारी पारी छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |
| ६. पेशा, व्यवसाय, उद्योग र सीपहरूको पहिचान तथा प्रवर्द्धन | उद्योगको प्रवर्द्धन | ● स्थानीय उद्योगको प्रवर्द्धनमा स्थानीय सरकारको भूमिका बताउन, | ● स्थानीय उद्योगको प्रवर्द्धनमा स्थानीय सरकारको भूमिका | ● विद्यार्थीहरुलाई स्थानीय उद्योगहरुको अवलोकन, भ्रमण गराई आवश्यक छलफल गर्ने गराउने,<br>● स्थानीय उद्योगीहरुसँग उद्योग प्रबर्द्धनका लागि स्थानीय सरकारले गरेको सहयोग वा खेलेको भूमिका सम्बन्धमा छलफल गर्ने, गराउने,<br>● स्थानीय वडा तथा पालिकासँग समन्वय गरी स्थानीय उद्योगको प्रबर्द्धनका लागि स्थानीय सरकारले गर्ने सहयोग वा खेलेको भूमिका<br>● विद्यार्थीलाई उनीहरुको घरमा प्रयोग हुने स्थानीय प्रविधि तथा त्यसबाट | ● स्थानीय प्रविधिको चित्र/पोष्टर/चार्ट,<br>● स्थानीय प्रविधिबाट उत्पादित वस्तुहरुको चार्ट, तस्बिर, सूची आदि<br>● चित्रपत्ती, नामपत्ती<br>● स्थानीय प्रविधिसँग सम्बन्धित व्यक्ति,<br>● विभिन्न कामका बारेमा तयार पारिएको अडियो/भिडियो | ● गृहकार्य तथा कक्षाकार्यमा सक्रियता तथा सहभागिता,<br>● अभिनय र तत्परता,<br>● परियोजना कार्य,<br>● चित्र, तस्वीर,<br>● समूह छलफल,<br>● अवलोकन,<br>● अध्ययन प्रतिवेदन,<br>● रुजु सूची, श्रेणी मापन,<br>● प्रश्नोत्तर/छलफल, (लिखित, मौखिक),<br>● अभिभावक प्रतिक्रिया,<br>● क्षेत्र भ्रमण ।<br>उदाहरण<br>● तिम्रो घरमा उखु पेल्ने कोल छ कि छैन ? | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | उत्पादिन वस्तुको बारेमा पालैपालो भन्न लगाई टिपोट गर्ने गराउने,<br>● स्थानीय प्रविधि र उत्पादित वस्तुको सूची तयार पार्न लगाउने,<br>● स्थानीय प्रविधि र उत्पादित वस्तुको चित्र कोर्न लगाउने,<br>● स्थानीय प्रविधि र उत्पादित वस्तुका सन्दर्भमा तयार पारिएको अडियो, भिडियोबाट छलफल गर्ने गराउने,<br>● आवश्यकता अनुसार शिक्षकले पृष्ठपोषण दिने । | | ● स्थानीय ढिकी जाँतो के का लागि प्रयोग गरिन्छ ?<br>● धान कुट्न प्रयोग गरिने साधन/प्रविधि कुन हो ?<br>● स्थानीय प्रविधिका कुनै तीन ओटा चित्र कोर ।<br>● स्थानीय प्रविधि र उत्पादित वस्तुहरुसँग सम्बन्धित जोडा मिलाउने, ठिक बेठिक छुट्टयाउने, खाली ठाउँ भर्ने, आदि प्रश्नहरू तयार पारी पारी छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |
| ७. प्राकृतिक सम्पदा तथा वातावरण संरक्षण र विपद् व्यवस्थापन | प्राकृतिक वस्तुहरू<br><br>विपदका क्षेत्रहरू | ● स्थानीय प्राकृतिक वस्तुहरु (ढुङ्गा, माटो, बालुवा, गिट्टी, चुनढुङ्गा) पाइने स्थानको पहिचान गर्न,<br>● स्थानीय स्तरमा हुने विपदका क्षेत्रहरू पहिचान गर्न, | ● स्थानीय प्राकृतिक वस्तुहरु (ढुङ्गा, माटो, बालुवा, गिट्टी, चुनढुङ्गा) पाइने स्थान,<br>● विपदका क्षेत्रहरू पहिचान, | ● स्थानीय प्राकृतिक वस्तुहरू पाइने स्थानको भ्रमण गराई छलफल गर्ने गराउने,<br>● स्थानीय प्राकृतिक वस्तुहरूको चित्र, पोष्टर, चार्ट<br>● स्थानीय प्राकृतिक वस्तुहरू पाइने स्थानको सम्बन्धमा तयार पारिएको अडियो, भिडियोको माध्यमबाट छलफल गर्ने गराउने,<br>● वडा तथा पालिकामा गई स्थानीय प्राकृतिक वस्तुहरू पाइने स्थानका सम्बन्धमा छलफल गर्ने गराउने, | ● स्थानीय प्राकृतिक वस्तुहरु रहेको क्षेत्र<br>● स्थानीय प्राकृतिक वस्तुहरुको नमूना,<br>● स्थानीय प्राकृतिक वस्तुहरुको चित्र/पोष्टर आदि<br>● स्थानीय प्राकृतिक वस्तुहरु सम्बन्धमा तयार पारिएको अडियो, भिडियो,<br>● वन्यजन्तुको संरक्षणका उपायहरुको चार्ट, पोष्टर,<br>● चित्रपत्ती/नामपत्ती<br>● वडा कार्यालय, गाउँपालिका तथा | ● गृहकार्य तथा कक्षाकार्यमा सक्रियता तथा सहभागिता<br>● अभिनय र तत्परता<br>● परियोजना कार्य<br>● चित्र, तस्वीर<br>● समूह छलफल<br>● अवलोकन<br>● अध्ययन प्रतिवेदन<br>● रुजु सूची, श्रेणी मापन<br>● प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>● अभिभावक प्रतिक्रिया<br>● क्षेत्र भ्रमण<br><br><u>उदाहरण</u> | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | ● शिक्षकले स्थानीय प्राकृतिक वस्तुहरु पाइने स्थानका बारेमा तयार पारेको सन्दर्भ सामग्रीबाट आवश्यक छलफल गर्ने गराउने,<br>● विद्यार्थीहरुलाई स्थानीय प्राकृतिक वस्तुहरू पाइने स्थान र वस्तुको सूची तयार पार्न लगाउने,<br>● विद्यार्थीलाई स्थानीयस्तरमा बाढी, पहिरो, भु-क्षय, आगलागी भएका स्थानहरुको अवलोकन गराई स्थानीय विपदका बारेमा छलफल गर्ने गराउने,<br>● स्थानीय विपदका क्षेत्रको चार्ट, पोष्टर, चित्र, आदिबाट छलफल गर्ने गराउने,<br>● स्थानीय विपद्का क्षेत्र सम्बन्धमा तयार पारिएको अडियो, भिडियो मार्फत छलफल गर्ने गराउने,<br>● विपद व्यवस्थापनसँग सम्बन्धित निकाय वा व्यक्तिसँग छलफल गर्ने गराउने,<br>● शिक्षकले तयार पारेको विपदका क्षेत्रसँग सम्बन्धित विभिन्न सन्दर्भ सामग्रीबाट छलफल गर्ने गराउने,<br>● विद्यार्थीलाई विपदका क्षेत्रहरुको सूची तयार पार्न लगाउने । | प्रकृति संरक्षणसँग सम्बन्धित निकाय,<br>● स्थानीय विपदका क्षेत्रहरु,<br>● विपद्का क्षेत्रहरुको चित्र/पोष्टर आदि<br>● स्थानीय विपद्का क्षेत्रस्रग सम्बन्धित अडियो, भिडियो,<br>● चित्रपत्ती/नामपत्ती<br>● विपद् व्यवस्थापनमा संलग्न व्यक्तिहरु, | ● गाउँपालिका भित्र चुनढुङ्गा कुन स्थानमा पाइन्छ ?<br>● तिम्रो गाउँपालिका भित्र बालुवा र गिट्टी उत्पादन हुने स्थान कुन हो ?<br>● विपदका क्षेत्रहरुको सूची तयार पार ।<br>● गाउँपालिका भित्र सबैभन्दा बढी के कारणले जोखिम हुने गरेको छ ?<br>● स्थानीय प्राकृतिक वस्तुहरु र विपद्का क्षेत्रहरुसँग सम्बन्धित जोडा मिलाउने, ठिक बेठिक छुट्टयाउने, खाली ठाउँ भर्ने, आदि प्रश्नहरू तयार पारी छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| ८. ग्रामिण विकास, प्रदुषण तथा सरसफाइ | सहरी विकास<br>ग्रामिण विकास | • स्थानीय तहले सहरी र ग्रामिण विकासमाका लागि निर्वाह गरेको भूमिका बताउन | • सहरी र ग्रामिण विकासमा स्थानीय तहको भूमिका | • स्थानीय सहरहरुको अवलोकन गर्ने गराउने,<br>• सहरी र ग्रामिण विकास सम्बन्धी चित्र, पोष्टर, आदिबाट छलफल गर्ने गराउने,<br>• स्थानीय तहले सहरी र ग्रामिण विकासका लागि गरेको योगदान वा सहयोगको अवलोकन गर्ने र छलफल गर्ने गराउने,<br>• स्थानीय तहसँग समन्वय गरी सहरी विकासका लागि भएका प्रयासहरुको अभिलेख लिई आवश्यक छलफल गर्ने गराउने,<br>• सहरी र ग्रामिण विकासको लागि स्थानीय तहले खेलेको भूमिकाका बारेमा शिक्षकले विभिन्न स्रोत सामग्रीबाट छलफल गर्ने र गराउने,<br>• सहरी र ग्रामिण विकासमा स्थानीय तहको भूमिका सम्बन्धमा तयार पारिएको अडियो भिडियोका माध्यमबाट छलफल गर्ने गराउने,<br>• स्थानीय तहले गरेका सहरी र ग्रामिण विकासका पूर्वाधारहरुको चित्र कोर्न लगाउने,<br>• स्थानीय तहबाट भएका सहरी र ग्रामिण विकासका पूर्वाधारहरुको सूची तयार गर्न लगाउने, | • सहरी र ग्रामिण विकास भइरहेका स्थान,<br>• सहरी र ग्रामिण विकासका चित्र, पोष्टर आदि<br>• सहरी र ग्रामिण विकाससँग सम्बन्धित अभिलेख, चार्ट आदि,<br>• सहरी र ग्रामिण विकाससँग सम्बन्धित अडियो/भिडियो,<br>• पालिका कार्यालय,<br>• सहरी र ग्रामिण विकाससँग सम्बन्धित प्राविधिक वा व्यक्तिहरु, | • गृहकार्य तथा कक्षाकार्यमा सक्रियता तथा सहभागिता,<br>• अभिनय र तत्परता,<br>• परियोजना कार्य,<br>• चित्र, तस्वीर,<br>• समूह छलफल,<br>• अवलोकन,<br>• अध्ययन प्रतिवेदन,<br>• रुजु सूची, श्रेणी मापन,<br>• प्रश्नोत्तर/छलफल, (लिखित, मौखिक),<br>• अभिभावक प्रतिक्रिया,<br>• क्षेत्र भ्रमण ।<br>उदाहरण<br>• तिम्रो घरमा उखु पेल्ने कोल छ कि छैन ?<br>• स्थानीय ढिकी जाँतो के का लागि प्रयोग गरिन्छ ?<br>• धान कुट्न प्रयोग गरिने साधन/प्रविधि कुन हो ?<br>• स्थानीय प्रविधिका कुनै तीन ओटा चित्र कोर ।<br>• स्थानीय प्रविधि र उत्पादित वस्तुहरुसँग सम्बन्धित जोडा मिलाउने, ठिक बेठिक छुट्टयाउने, खाली ठाउँ भर्ने, आदि प्रश्नहरू तयार पारी पारी छलफल गराएर लिखित वा मौखिक र | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ ।<br>• गृहकार्य तथा कक्षाकार्यमा सक्रियता तथा सहभागिता<br>• अभिनय र तत्परता<br>• परियोजना कार्य<br>• चित्र, तस्वीर<br>• समूह छलफल<br>• अवलोकन<br>• अध्ययन प्रतिवेदन<br>• रुजु सूची, श्रेणी मापन<br>• प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>• अभिभावक प्रतिक्रिया<br>• क्षेत्र भ्रमण<br><br><u>उदाहरण</u><br>• गाउँपालिका भित्र चुनढुङ्गा कुन स्थानमा पाइन्छ ?<br>• तिम्रो गाउँपालिका भित्र बालुवा र गिटी उत्पादन हुने स्थान कुन हो ?<br>• विपदका क्षेत्रहरुको सूची तयार पार ।<br>• गाउँपालिका भित्र सबैभन्दा बढी के कारणले जोखिम हुने गरेको छ ?<br>• स्थानीय प्राकृतिक वस्तुहरु र विपद्का क्षेत्रहरुसँग सम्बन्धित | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | जोडा मिलाउने, ठिक बेठिक छुट्टयाउने, खाली ठाउँ भर्ने, आदि प्रश्नहरू तयार पारी छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |
| ९.सामाजिक संघसंस्थाहरू | सामाजिक संघसंस्थाहरूका कार्य तथा भूमिका | • गाउँपालिका भित्र रहेका बालबालिकासँग सम्बन्धित सामाजिक संघ संस्थाहरूको कार्यक्षेत्र बताउन,<br>• गाउँपालिका भित्र रहेका बालबालिकासँग सम्बन्धित सामाजिक संघ संस्थाहरूको भूमिका बताउन, | • गाउँपालिका भित्र रहेका बालबालिकासँग सम्बन्धित सामाजिक संघ संस्थाहरूको कार्यक्षेत्र,<br>• गाउँपालिका भित्र रहेका बालबालिकासँग सम्बन्धित सामाजिक संघ संस्थाको भूमिका | • गाउँपालिका क्षेत्रभित्र रहेका बालबालिकासँग सम्बन्धित सामाजिक संघ संस्थाहरूको अवलोकन गराउने,<br>• गाउँपालिका क्षेत्रभित्र रहेका बालबालिकासँग सम्बन्धित सामाजिक संघ संस्थाहरूको कार्य टिपोट गर्न लगाउने,<br>• बालबालिकासँग सम्बन्धित संघ संस्थाबाट भए गरेका कार्यहरु अवलोकन गराउने, छलफल गराउने,<br>• बालबालिकासँग सम्बन्धित सामाजिक संघ संस्थाहरूका कार्यहरुको चित्र/पोष्टरबाट छलफल गराउने,<br>• त्यस्ता सामाजिक संघ संस्थाको भूमिका बालबालिकाबाटै जानकारी लिई कालोपाटी/सेतोपाटीमा छलफल गर्ने गराउने,<br>• त्यस्ता सामाजिक संघ संस्थाको भूमिका बारेमा चित्र/पोष्टरबाट छलफल गर्ने गराउने, | • बालबालिकासँग सम्बन्धित सामाजिक संघसंस्था र तिनीहरुको कार्य/भूमिकाको नमूना चित्र/तस्वीर/पोष्टर<br>• बालबालिकासँग सम्बन्धित स्थानीय संघ संस्थाहरू<br>• बालबालिकासँग सम्बन्धित स्थानीय सामाजिक संघ संस्थाका कार्यहरू/भूमिकाका चित्रपत्ती/शब्दपत्ती तथा काम/सेवाहरूका वाक्य/शब्दपत्तीहरू<br>• बालबालिकासँग सम्बन्धित स्थानीय सामाजिक संघ संस्थाहरू र तिनीहरूले खेल्ने भूमिकाका बारेमा तयार पारिएको अडियो/भिडियो | • गृहकार्य तथा कक्षाकार्यमा सक्रियता तथा सहभागिता,<br>• अभिनय र तत्परता,<br>• परियोजना कार्य,<br>• चित्र, तस्वीर,<br>• समूह छलफल,<br>• अवलोकन,<br>• अध्ययन प्रतिवेदन,<br>• रुजु सूची, श्रेणी मापन,<br>• प्रश्नोत्तर/छलफल, (लिखित, मौखिक),<br>• अभिभावक प्रतिक्रिया,<br>• क्षेत्र भ्रमण ।<br>उदाहरण<br>• तिम्रो घरमा उखु पेल्ने कोल छ कि छैन ?<br>• स्थानीय ढिकी जाँतो के का लागि प्रयोग गरिन्छ ?<br>• धान कुट्न प्रयोग गरिने साधन/प्रविधि कुन हो ?<br>• स्थानीय प्रविधिका कुनै तीन ओटा चित्र कोर । | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | • त्यस्ता सामाजिक संघ संस्था र तिनीहरूले गर्ने काम तथा भूमिकाका बारेमा तयार पारिएका अडियो/भिडियो सुनाउने/देखाउने र छलफल गराउने,<br>• त्यस्ता सामाजिक संघ संस्था र तिनीहरूका काम तथा भूमिकाका बारेमा तयार पारिएका चित्रपत्ती/शब्दपत्तीबाट खेल खेलाउने,<br>• त्यस्ता सामाजिक संघ संस्थाको कार्यक्षेत्र/भूमिकाको सूची तयार पार्न लगाउने, | | • स्थानीय प्रविधि र उत्पादित वस्तुहरुसँग सम्बन्धित जोडा मिलाउने, ठिक बेठिक छुट्टयाउने, खाली ठाउँ भर्ने, आदि प्रश्नहरू तयार पारी पारी छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ ।<br>• गृहकार्य तथा कक्षाकार्यमा सक्रियता तथा सहभागिता<br>• अभिनय र तत्परता<br>• परियोजना कार्य<br>• चित्र, तस्वीर<br>• समूह छलफल<br>• अवलोकन<br>• अध्ययन प्रतिवेदन<br>• रुजु सूची, श्रेणी मापन<br>• प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>• अभिभावक प्रतिक्रिया<br>• क्षेत्र भ्रमण<br>उदाहरण<br>• गाउँपालिका भित्र चुनढुङ्गा कुन स्थानमा पाइन्छ ?<br>• तिम्रो गाउँपालिका भित्र बालुवा र गिटी उत्पादन हुने स्थान कुन हो ? | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | • विपदका क्षेत्रहरुको सूची तयार पार ।<br>• गाउँपालिका भित्र सबैभन्दा बढी के कारणले जोखिम हुने गरेको छ ?<br>• स्थानीय प्राकृतिक वस्तुहरु र विपद्का क्षेत्रहरुसँग सम्बन्धित जोडा मिलाउने, ठिक बेठिक छुट्टयाउने, खाली ठाउँ भर्ने, आदि प्रश्नहरू तयार पारी छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |
| १०.बाल/पोषण मैत्री स्थानीय शासन | बाल/पोषण मैत्री विद्यालय<br><br>विद्यालय र समुदाय सम्बन्ध | • बाल/पोषण मैत्री विद्यालयको अवधारणा बताउन,<br>• विद्यालय र समुदायबीच सुमधुर सम्बन्धबारे प्रष्ट पार्न, | • बाल/पोषण मैत्री विद्यालयको अवधारण,<br>• विद्यालय र समुदायबिच सुमधुर सम्बन्ध, | • आफ्नो समुदाय वा पालिका भित्र रहेका बालमैत्री विद्यालयको अवलोकन भ्रमण गराई छलफल गर्ने गराउने,<br>• बालमैत्री विद्यालयसँग सम्बन्धित चित्र, पोष्टर वा चार्ट देखाउँदै छलफल गर्ने गराउने,<br>• बालमैत्री विद्यालय सम्बन्धमा तयार पारिएका अडियो, भिडियो मार्फत छलफल गर्ने गराउने,<br>• बालमैत्री विद्यालयको अवधारणा चार्ट वा सूचकहरुको चार्टबाट छलफल गराई पृष्ठपोषण दिने, | • बाल/पोषण मैत्री विद्यालय,<br>• बाल/पोषण मैत्री विद्यालय सम्बन्धमा पारिएको चित्र, पोष्टर, चार्ट,<br>• बाल/पोषण मैत्री विद्यालयका सम्बन्धमा तयार पारिएको अडियो/भिडियो<br>• बाल/पोषण मैत्री विद्यालयका सूचकहरुको तालिका,<br>• बाल/पोषण मैत्री विद्यालयको अवधारणा चार्ट,<br>• विद्यालय र समुदायबीच सहकार्य | • गृहकार्य तथा कक्षाकार्यमा सक्रियता तथा सहभागिता,<br>• अभिनय र तत्परता,<br>• परियोजना कार्य,<br>• चित्र, तस्वीर,<br>• समूह छलफल,<br>• अवलोकन,<br>• अध्ययन प्रतिवेदन,<br>• रुजु सूची, श्रेणी मापन,<br>• प्रश्नोत्तर/छलफल, (लिखित, मौखिक),<br>• अभिभावक प्रतिक्रिया,<br>• क्षेत्र भ्रमण ।<br>उदाहरण<br>• तिम्रो घरमा उखु पेल्ने कोल छ कि छैन ? | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | • बालमैत्री विद्यालयसंग सम्बन्धित व्यक्तित्वहरु मार्फत बालमैत्री विद्यालयको अवधारणा दिन लगाउने,<br>• विद्यार्थीलाई बालमैत्री विद्यालयको अवधारणा लेख्न र भन्न लगाउने,<br>• विद्यालय र समुदायबीच सहकार्य भइरहेको विद्यालयको अवलोकन गराई आवश्यक छलफल गर्ने गराउने,<br>• विद्यालयमा समुदायहरुको सहभागिता र सहकार्य सम्बन्धी चार्ट, पोष्टर, आदिबाट छलफल गर्ने गराउने,<br>• विद्यालय र समुदायको पहलमा विद्यालयमा भएका परिवर्तनहरु विद्यार्थीलाई जानकारी गराई टिपोट गर्न लगाउने,<br>• विद्यालय र समुदायबीचको सुमधुर सम्बन्धका विषयमा तयार पारिएका अडियो, भिडियो मार्फत छलफल गर्ने गराउने,<br>• विद्यार्थीहरुलाई विद्यालय र समुदायबीचको सुमधुर सम्बन्धबाट हुने फाइदा, सहयोग आदिका बारेमा समूहमा छलफल गराई लेख्न लगाउने, | भइरहेको तस्बिर, पोष्टर, आदि,<br>• विद्यालय र समुदाय समन्वय भइरहेको विद्यालयको अवस्था,<br>• विद्यालय र समुदायबिच सुमधुर सम्बन्धको अडियो, भिडियो,<br>• विद्यालय र समुदायबिचको सुमधुर सम्बन्धका फाइदा, तथा सहयोगको चार्ट, आदि, | • स्थानीय ढिकी जाँतो के का लागि प्रयोग गरिन्छ ?<br>• धान कुट्न प्रयोग गरिने साधन/प्रविधि कुन हो ?<br>• स्थानीय प्रविधिका कुनै तीन ओटा चित्र कोर ।<br>• स्थानीय प्रविधि र उत्पादित वस्तुहरुसँग सम्बन्धित जोडा मिलाउने, ठिक बेठिक छुट्ट्याउने, खाली ठाउँ भर्ने, आदि प्रश्नहरू तयार पारी पारी छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ ।<br><br>• गृहकार्य तथा कक्षाकार्यमा सक्रियता तथा सहभागिता<br>• अभिनय र तत्परता<br>• परियोजना कार्य<br>• चित्र, तस्वीर<br>• समूह छलफल<br>• अवलोकन<br>• अध्ययन प्रतिवेदन<br>• रुजु सूची, श्रेणी मापन<br>• प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>• अभिभावक प्रतिक्रिया<br>• क्षेत्र भ्रमण | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| २. सामाजिक संस्कार, धर्म, संस्कृति तथा प्रेरक व्यक्तित्वहरू<br><br>कुलुङ, मेवाहाङ, तामाङ भाषालगायत अन्य भाषाको चिनारी | मौलिक एवम् ऐतिहासिक क्षेत्र प्रेरक व्यक्तित्व<br><br>कुलुङ, मेवाहाङ, तामाङ भाषालगायत अन्य भाषाको परिचय | ● गाउँपालिकाको मौलिकता झल्काउने ऐतिहासिक तथा विशेष क्षेत्रको व्यवस्थापन र संवर्द्धनबारे वर्णन गर्न,<br>● गाउँपालिका भित्रका प्रेरक व्यक्तित्वहरुको योगदानको चर्चा गर्न ।<br>● कुलुङ, मेवाहाङ, तामाङ भाषा लगायतको परिचय दिन । | ● गाउँपालिका भित्रका मौलिक तथा ऐतिहासिक क्षेत्रको व्यवस्थापन र संवर्द्धन,<br>● गाउँपालिका भित्रका प्रेरक व्यक्तित्वको योगदान<br>● कुलुङ, मेवाहाङ, तामाङ भाषा लगायतको सम्मान | ● गाउँपालिका भित्रको मौलिक तथा ऐतिहासिक क्षेत्र वा वस्तुको अवलोकन गराई सोको व्यवस्थापन र संवर्द्धनका लागि गरिएका प्रयासहरुको जानकारी गर्ने गराउने,<br>● मौलिक तथा ऐतिहासिक क्षेत्र वा वस्तुको व्यवस्थापन र संवर्द्धनका लागि स्थानीय तहसँग समन्वय गरी सोको व्यवस्थापन र संवर्द्धनमा गरिएका प्रयासहरुका बारेमा छलफल गर्ने गराउने,<br>● गाउँपालिका भित्रको मौलिक तथा ऐतिहासिक क्षेत्र वा वस्तुको व्यवस्थापन र संवर्द्धनका लागि भएका प्रयासहरुको चार्ट, पोष्टर, आदिबाट छलफल गराउने,<br>● गाउँपालिका भित्रको मौलिक तथा ऐतिहासिक क्षेत्र वा वस्तुको व्यवस्थापन र संवर्द्धन सम्बन्धी अडियो, भिडियोबाट छलफल गर्ने गराउने, | ● एक समुदायले अर्को समुदाय वा यक व्यक्तिले अर्को समुदायबिच समभाव तथा सहिष्णुताको व्यवहार गरिरहेको चित्र, पोष्टर, आदि,<br>● गाउँपालिका भित्रका समुदायहरुबिच धार्मिक, सांस्कृतिक सहिष्णुता कायम गर्ने खालको अडियो, भिडियो,<br>● विद्यार्थी स्वयम्,<br>● दुई वा सो भन्दा बढी मिलेर बसेका समुदायहरु<br>● कला तथा संस्कृतिको सम्मान गरिरहेको चित्र, पोष्टर, आदि,<br>● कला तथा संस्कृतिले भरिपूर्ण स्थान,<br>● भाषाको लागि आबश्यक शैक्षिक सामग्रीहरुको प्रयोग गर्ने । | ● गृहकार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>● अभिनय र तत्परता<br>● परियोजना कार्य<br>● चित्र, तस्वीर,<br>● समूह छलफल<br>● अवलोकन<br>● अध्ययन प्रतिवेदन<br>● रुजु सूची, श्रेणी मापन<br>● प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>● अभिभावक प्रतिक्रिया<br>● भ्रमण<br><br><u>उदाहरण</u><br>● समभावको व्यवहार भनेको कस्तो व्यवहार हो ?<br>● धार्मिक तथा सांस्कृतिक सहिष्णुताको फाइदा लेख ।<br>● हामीले कला तथा संस्कृतिको सम्मान किन गर्नुपर्छ ?<br>● समभाव तथा सहिष्णुताको व्यवहार सम्बन्धमा | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | ● बालबालिकालाई आफ्नो वरपरका मौलिक तथा ऐतिहासिक क्षेत्र वा वस्तुका व्यवस्थापन र संवर्द्धनका लागि गरिएका प्रयासका बारेमा व्याख्या गर्न लगाउने,<br>● शिक्षकले विभिन्न सन्दर्भ सामग्रीका माध्यमबाट छलफल गर्न लगाई पृष्ठपोषण दिने,<br>● विद्यार्थीलाई गाउँपालिका भित्रका ऐतिहासिक क्षेत्र वा वस्तुको व्यवस्थापन र संवर्द्धनका लागि स्थानीय तहसँग समन्वय गरी सोको व्यवस्थापन र संवर्द्धनमा गरिएका प्रयासहरुका बारेमा छलफल गर्ने गराउने,<br>● गाउँपालिका भित्रको मौलिक तथा ऐतिहासिक क्षेत्र वा वस्तुको व्यवस्थापन र संवर्द्धनका लागि भएका प्रयासहरुको चार्ट, पोष्टर, आदिबाट छलफल गराउने,<br>● गाउँपालिका भित्रको मौलिक तथा ऐतिहासिक क्षेत्र वा वस्तुको व्यवस्थापन र | | एउटा संवाद तयार पार ।<br>● समभाव र सहिष्णुता, कला तथा संस्कृतिको सम्मान सम्बन्धमा जोडा मिलाउने, खालीठाउँ भर्ने, ठिक बेठिक छुट्टयाउने जस्ता प्रश्नहरु तयार पारी छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | संवर्द्धन सम्बन्धी अडियो, भिडियोबाट छलफल गर्ने गराउने,<br>● बालबालिकालाई आफ्नो वरपरका मौलिक तथा ऐतिहासिक क्षेत्र वा वस्तुका व्यवस्थापन र संवर्द्धनका लागि गरिएका प्रयासका बारेमा व्याख्या गर्न लगाउने,<br>● शिक्षकले विभिन्न सन्दर्भ सामग्रीका माध्यमबाट छलफल गर्न लगाई पृष्ठपोषण दिने ।<br>● भाषाहरुको सिकाइका लागि विभिन्न तरिकाहरु अपनाइ सिकाइ सहजीकरण गर्ने । | | | |
| ३. चाडपर्व, रीति रिवाज तथा चालचलन | हाम्रा चाडपर्वहरू | ● आ-आफ्नो रीतिरिवाज अनुसार स्थानीय चाडपर्वहरुका असल अभ्यासको वर्णण गर्न,<br>● आ-आफ्नो रीतिरिवाज अनुसार स्थानीय चाडपर्वहरुका मनाउने तरिकाहरुको वर्णन गर्न, | ● स्थानीय चाडपर्वका असल अभ्यास<br>● स्थानीय चाडपर्व मनाउने तरिका | ● विद्यार्थीलाई विभिन्न चाडपर्वहरुको अवलोकन गराई चाडपर्वमा हुने राम्रा कुराहरुको टिपोट गर्न लगाउने,<br>● स्थानीय चाडपर्वले सामाजिक, आर्थिक, साँस्कृतिक विकासमा पारेको सकारात्मक प्रभावका चित्र, पोष्टर, आदिबाट छलफल गर्ने गराउने,<br>● स्थानीय चाडपर्वको असल अभ्यासले समुदाय वा समाजमा पऱ्याउने | ● गाउँपालिका भित्र मनाइने विभिन्न चाडपर्वका असल अभ्यासका चित्र/पोष्टर/चार्ट<br>● स्थानीय चाडपर्व मनाउने तरिका सम्बन्धी तालिका,<br>● फरक फरक समुदायले मान्ने चाडपर्व र असल अभ्यासका शब्दपत्ती/चित्रपत्ती/नामपत्ती,<br>● विद्यार्थी स्वयम् | ● गृह कार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>● अभिनय र तत्परता<br>● परियोजना कार्य<br>● चित्र, तस्बिर<br>● समूह छलफल<br>● अवलोकन<br>● अध्ययन प्रतिवेदन<br>● रुजु सूची, श्रेणी मापन<br>● प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>● अभिभावक प्रतिक्रिया | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | फाइदा सम्बन्धी अडियो, भिडियो बाट छलफल गर्ने,गाराउने,<br>● चाडपर्व र असल अभ्यास सम्बन्धी कार्डपत्ती /चित्रपत्ती/ शब्दपत्ती तयार पारी जोडा मिलाउने खेल खेल खेलाउने,<br>● शिक्षकले चाडपर्वका असल अभ्यासको खोजी गरी छलफल गर्ने गराउने र पृष्ठपोषण दिने,<br>● स्थानीय चाडपर्व मनाउने तरिका सम्बन्धमा विभिन्न चाडपर्वहरुको अवलोकन गराई छलफल गर्ने, गराउने,<br>● फरक फरक चाडपर्व मनाउने तरिकाका पोष्टर वा चित्रहरुबाट छलफल गर्ने, गराउने,<br>● फरक फरक चाडपर्वहरु मनाउने तरिका सम्बन्धी अडियो, भिडियो,<br>● विभिन्न चाडपर्व मनाउने तरिकाको चार्ट निर्माण गरी छलफल गर्ने गराउने,<br>● शिक्षकले विभिन्न चापर्वहरु मनाउने तरिका बारे पृष्ठपोषण दिने, | ● गाउँपालिका भित्र मनाइने स्थानीय चाडपर्वका असल अभ्यास र मनाउने तरिका सम्बन्धमा तयार पारिएका अडियो, भिडियो,<br>● गाउँपालिका भित्र विभिन्न मितिमा मनाइने चाडपर्वहरु र मनाइने स्थलहरु, | उदाहरण<br>● तिमीलाई मनपर्ने कुनै दुई चाडपर्वका राम्रा कुरा टिपी बर्णन गर ।<br>● स्थानीय चाडपर्वले स्थानीय तहको धार्मिक, सांस्कृति महत्व प्रकाश पार ।<br>● गाउँपालिका भित्र मनाइने विभिन्न चाडपर्वहरुका असल अभ्यास र मनाइने तरिका सम्बन्धमा जोडा मिलाउने, खालीठाउँ भर्ने, ठिक बेठिक छुट्टयाउने जस्ता प्रश्नहरु तयार पारी छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| ४. सामाजिक मूल्य मान्यता तथा समस्या र समाधान | अनुशासन धुम्रपान र मध्यपान तथा लागुपदार्थ | • व्यक्तिगत, पारिवारिक र सामुदायिक विकासमा अनुशासनको महत्व तथा भूमिका वताउन,<br>• धुम्रपान, मध्यपान तथा लागुपदार्थले समाजमा पार्ने प्रभाव बर्णन गर्न | • व्यक्तिगत, पारिवारिक र सामुदायिक विकासमा अनुशासनको महत्व तथा भूमिका,<br>• धुम्रपान, मध्यपान तथा लागुपदार्थले समाजमा पार्ने प्रभाव, | • विद्यार्थीलाई अनुशासनको महत्व तथा भूमिकाका बारेमा सोधपुछ गरी टिपोट गर्ने,<br>• अनुशासनको महत्व झल्काउने चित्र, पोष्टर, आदिबाट छलफल गर्ने गराउने,<br>• विद्यार्थीलाई अनुशासनको महत्व तथा भूमिकाको सम्बन्धमा सामुहिक छलफल गराई निष्कर्ष निकाल्न लगाउने,<br>• अनुशासनको महत्व र भूमिका सम्बन्धमा तयार पारिएको अडियो, भिडियो मार्फत छलफल गर्ने गराउने,<br>• विद्यार्थीलाई अनुशासनको महत्व शीर्षकमा निबन्ध वा कविता लेख्न लगाउने,<br>• शिक्षकले अनुशासनको महत्व तथा भूमिकाको सन्दर्भमा आवश्यक पृष्ठपोषण दिने,<br>• विद्यार्थीलाई धुम्रपान, मध्यपान र लागुपदार्थबाट समाजमा पर्ने प्रभाव सोधी कालोपाटी/सेतोपाटीमा टिपोट गर्दै जाने,<br>• धुम्रपान, मध्यपान र लागुपदार्थबाट हुने समाजमा पर्ने प्रभाव सम्बन्धी चार्ट, पोष्टर, | • अनुशासनको महत्व र भूमिका सम्बन्धमा तयार पारिएको चार्ट, चित्र, पोष्टर, आदि,<br>• विद्यार्थी तथा शिक्षक स्वयम,<br>• अनुशासनको महत्व तथा भूमिका सम्बन्धमा तयार पारिएको अडियो, भिडियो,<br>• धुम्रपान, मध्यपान र लागुपदार्थबाट समाजमा परेको प्रभावको चित्र,चार्ट, पोष्टर,<br>• धुम्रपान, मध्यपान र लागुपदार्थबाट समाजमा परेको प्रभावको अडियो, भिडियो,<br>• धुम्रपान, मध्यपान र लागुपदार्थबाट समाजमा परेको प्रभावको शब्दपत्ती/वाक्यपत्ती<br>• धुम्रपान, मध्यपान, लागुपदार्थको कुलतमा फसेर पनि सुध्रिएका व्यक्तिहरु, | • गृहकार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>• अभिनय र तत्परता<br>• परियोजना कार्य<br>• चित्र, तस्वीर,<br>• समूह छलफल<br>• अवलोकन<br>• अध्ययन प्रतिवेदन<br>• रुजुसूची, श्रेणी मापन<br>• प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>• अभिभावक प्रतिक्रिया<br><br>उदाहरण<br>• व्यक्तिगत, पारिवारिक तथा सामुदायिक विकासमा अनुशासनको महत्व लेख ।<br>• अनुशासनको महत्व शीर्षकमा एउटा निबन्ध लेख ।<br>• व्यक्तिगत, पारिवारिक तगा सामुदायिक विकासमा अनुशासनको भूमिका शीर्षकमा एउटा सम्बाद तयार पार ।<br>• धुम्रपान, मध्यपान तथा लागुपदार्थले समाजमा पर्ने प्रभाव वर्णन गर ।<br>• अनुशासनको महत्व तथा भूमिका, | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | आदिबाट छलफल गर्ने गराउने,<br>● धुम्रपान, मध्यपान र लागुपदार्थबाट समाजमा पर्ने प्रभाव सम्बन्धमा तयार पारिएको अडियो, भिडियोबाट छलफल गर्ने गराउने,<br>● शिक्षकले विभिन्न सन्दर्भ सामग्रीका माध्यमबाट धुम्रपान, मध्यपान र लागुपदार्थबाट समाजमा पर्ने प्रभाव बारे प्रष्ट पार्ने,<br>● विद्यार्थीलाई धुम्रपान, मध्यपान र लागुपदार्थबाट समाजमा पर्ने प्रभावको बर्णन गर्न लगाउने, | | धुम्रपान, मध्यपान र लागुपदार्थले समाजमा पारेको प्रभाव सम्बन्धी जोडा मिलाउने, खालीठाउँ भर्ने, ठिक बेठिक छुट्टयाउने जस्ता प्रश्नहरु तयार पारी छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ। | |
| ५. कृषि तथा पशुपालन व्यवसाय | पशुपालन र मत्स्यपालन | ● स्थानीय स्तरमा पशुपालन तथा मत्स्यपालन व्यवसायको सम्भाव्यता खोजी गर्न, | ● पशुपालन व्यवसाय<br>● मत्स्यपालन व्यवसाय | ● पशुपालन व्यवसाय भइरहेको स्थानको अवलोकन गर्ने गराउने,<br>● पशुपालन व्यवसायको लागि आवश्यक अनुकुल वातावरणका सम्बन्धमा पसुपन्छी सम्बन्धी स्थानीय कार्यालय, संघसंस्थासँग छलफल गरी आवश्यक कुराहरु टिपोट गर्ने,<br>● पशुपालन लागि आवश्यक पूर्वाधारहरुको सम्बन्धमा तयार पारिएको चित्र,पोष्टर आदिबाट छलफल गर्ने गराउने, | ● व्यवसायिक रुपमा पशुपालन तथा मत्स्यपालन व्यवसाय गरिएको स्थान,<br>● पशुपालन तथा मत्स्यपालन व्यवसायको लागि अनुकुल वातावरण सम्बन्धी चित्र, पोष्टर, आदि,<br>● पशुपालन तथा मत्स्यपालन व्यवसायमा संलग्न व्यक्तिहरु,<br>● पसुपालन, मत्स्यपालन | ● गृह कार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>● अभिनय र तत्परता<br>● परियोजना कार्य<br>● चित्र, तस्बिर<br>● समूह छलफल<br>● अवलोकन<br>● अध्ययन प्रतिवेदन<br>● रुजु सूची, श्रेणी मापन<br>● प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>● अभिभावक प्रतिक्रिया<br>● क्षेत्र भ्रमण | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | • स्थानीय कृषकहरुसँग छलफल छलफल गर्ने, गराउने,<br>• शिक्षकले आवश्यक पृष्ठपोषण दिने,<br>• मत्स्यपालन व्यवसाय भइरहेको स्थानको अवलोकन गर्ने गराउने,<br>• मत्स्यपालन व्यवसायको लागि आवश्यक अनुकुल वातावरणका सम्बन्धमा मत्स्यापालन सम्बन्धी स्थानीय कार्यालय, संघसंस्थासँग छलफल गरी आवश्यक कुराहरु टिपोट गर्ने,<br>• मत्स्यपालनका लागि आवश्यक पूर्वाधारहरुको सम्बन्धमा तयार पारिएको चित्र,पोष्टर आदिबाट छलफल गर्ने गराउने,<br>• स्थानीय कृषकहरुसँग छलफल छलफल गर्ने, गराउने,<br>• शिक्षकले आवश्यक पृष्ठपोषण दिने, | व्यवसायसँग सम्बन्धित प्राविधिक,<br>• पसुपालन, मत्स्यपालन व्यवसायसँग सम्बन्धित नामपत्ती, शब्दपत्ती,<br>• पशुपालन, मत्स्यपालन व्यवसायसँग सम्बन्धित अडियो, भिडियो आदि, | उदाहरण<br>• पशुपालन तथा मत्स्यपालन व्यवसायका लागि चाहिने अनुकुल वातावरण चर्चा गर ।<br>• तिम्रो गाउँपालिकाको कुन स्थानमा पसुपालन तथा मत्स्यपालन व्यवसाय फस्टाउँछ ?<br>• तिम्रो गाउँपालिकामा व्यवसायिक रुपमा पशुपालन तथा मत्स्यपालन व्यवसाय नहुनुका कारणहरु उल्लेख गर ।<br>• पशुपालन तथा मत्स्यपालन सम्बन्धी जोडा मिलाउने, ठिक बेठिक छुट्टयाउने, खाली ठाउँ भर्ने, आदि प्रश्नहरू तयार पारी पारी छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |
| ६. पेसा, व्यवसाय, उद्योग र सिपहरूको पहिचान तथा प्रवर्द्धन | कृषि उद्योग | • कृषि उद्योगले जनजीवनमा पारेको प्रभाव बताउन, | • कृषि उद्योगले जनजीवनमा पारेको प्रभाव | • विद्यार्थीहरुलाई स्थानीय कृषिसँग उद्योगहरुको अवलोकन, भ्रमण गराई आवश्यक छलफल गर्ने गराउने,<br>• स्थानीय उद्योगीहरुसँग छलफल गरी स्थानीय कृषि उद्योगले जनजीवनमा पारेका | • स्थानीय कृषि उद्योगहरु,<br>• स्थानीय कृषि उद्योगबाट जनजीवनमा परेको आर्थिक तथा सामाजिक प्रभावको चित्र/पोष्टर/चार्ट, | • गृहकार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>• अभिनय र तत्परता<br>• परियोजना कार्य<br>• चित्र, तस्वीर<br>• समूह छलफल<br>• अवलोकन | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रभाव सम्बन्धमा छलफल गर्ने, गराउने,<br>● कृषि उद्योगबाट आर्थिक तथा सामाजिक रुपमा सबल भएका कृषकहरुसँग छलफल गरी आवश्यक कुराहरु टिपोट गर्ने गराउने,<br>● कृषि उद्योगबाट सफल व्यक्तिहरुको बारेमा कृषिसँग सम्बन्धित कार्यालय, संघसंस्थाबाट आवश्यक तथ्याङ्क संकलन गरी छलफल गर्ने गराउने,<br>● कृषि उद्योगबाट जनजीवनमा पारेको प्रभाव सम्बन्धमा तयार पारिएको अडियो, भिडियोबाट छलफल गर्ने गराउने,<br>● आवश्यकता अनुसार शिक्षकले पृष्ठपोषण दिने, | ● स्थानीय कृषि उद्यागकबाट उत्पादित वस्तुहरुको नमूना, चार्ट, तस्विर, सूची आदि<br>● चित्रपत्ती, शब्दपत्ती,<br>● स्थानीय कृषि उद्योगसँग सम्बन्धित व्यक्ति,<br>● स्थानीय कृषि उद्यागले जनजीवनमा पारेको प्रभावको अडियो/भिडियो, | ● अध्ययन प्रतिवेदन<br>● रुजु सूची, श्रेणी मापन<br>● प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>● अभिभावक प्रतिक्रिया<br>● क्षेत्र भ्रमण<br><br><u>उदाहरण</u><br>● स्थानीय कृषि उद्योगबाट आर्थिक तथा सामाजिक रुपले सम्पन्न कुनै ४ जना व्यक्तिहरुको परिचय देऊ ।<br>● स्थानीय कृषि उद्योगका फाइदाहरु बताऊ ।<br>● स्थानीय कृषि उद्योगले मानिसको कुन कुन पक्षमा सहयोग पऱ्याउँछ ?<br>● कृषि उद्योगले जनजीवनमा पारेको प्रभाव सम्बन्धमा जोडा मिलाउने, ठिक बेठिक छुट्ट्याउने, खाली ठाउँ भर्ने, आदि प्रश्नहरू तयार पारी पारी छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| ७. प्राकृतिक सम्पदा तथा वातावरण संरक्षण र विपद् व्यवस्थापन | स्थानीय जडीबुटी<br><br>जनावर र मानवबिच अन्तरसम्बन्ध<br><br>जनावरबाट स्थानीय स्तरमा देखिएका समस्या र समाधानका उपायहरू<br>विपद न्यूनिकरणका उपायहरू | • स्थानीय जडीबुटीको प्रसोधन प्रक्रिया बताउन,<br>• जनावर र मानबबिचको अन्तरसम्बन्ध पहिल्याउन,<br>• जनावरबाट स्थानीय स्तरमा देखिएका समस्या उल्लेख गर्न र समाधानका उपयहरु खेजी गर्न,<br>• स्थानीयस्तरमा हुने विपद न्यूनिकरणका उपायहरु लेख्न, | • स्थानीय जडीबुटीको प्रसोधन प्रक्रिया<br>• जनावर र मानवबिचको अन्तरसम्बन्ध,<br>• जनावरबाट स्थानीय स्तरमा देखिएका समस्याहरु,<br>• जनावरबाट स्थानीय स्तरमा देखिएका समस्याहरुको समाधानका उपायहरु<br>• स्थानीयस्तरमा विपद न्यूनिकरणका उपायहरु, | • स्थानीयस्तरमा जडीबुटीको प्रसोधन भइरहेको स्थानको अवलोकन गराइ छलफल गर्ने गराउने,<br>• स्थानीय जडिबुटीको प्रसोधनसँग सम्बन्धित चित्र, पोष्टर, चार्ट<br>• स्थानीय जडीबुटी प्रसोधनसँग सम्बन्धित व्यक्तिहरु,<br>• वनपैदावर तथा जडीबुटीको प्रसोधनसँग सम्बन्धित संघ संस्थासँग समन्वय र छलफल गर्ने गराउने,<br>• स्थानीय जडीबुटी प्रसोधन सम्बन्धमा तयार पारिएको अडियो, भिडियोको माध्यमबाट छलफल गर्ने गराउने,<br>• स्थानीय जडीबुटीको प्रसोधन प्रक्रिया लेख्न लगाउने,<br>• जनावर र मानवको अन्तरसम्बन्धका विषयमा तयार पारिएको चित्र, पोष्टर आदिबाट छलफल गर्ने गराउने,<br>• जनावरबाट मानव जिवनमा परेको सकारात्मक प्रभावका बारेमा विभिन्न सन्दर्भ सामग्रीबाट छलफल गर्ने गराउने, | • स्थानीय जडीबुटी प्रसोधनको क्षेत्र,<br>• स्थानीय जडीबुटी प्रसोधन गरिरहेको चित्र, पोष्टर, आदि,<br>• स्थानीय जडीबुटी प्रसोधन सम्बन्धमा तयार पारिएको अडियो, भिडियो,<br>• स्थानीय जडीबुटीको प्रसोधनसँग सम्बन्धित व्यक्तिहरु,<br>• स्थानीय जडीबुटी प्रसोधनसँग सम्बन्धित प्राविधिक,<br>• चित्रपत्ती/नामपत्ती<br>• स्थानीय जनावरहरु,<br>• स्थानीय जनावर र मानवबिचको सम्बन्ध देखाउने चित्र, पोष्टर, आदि,<br>• स्थानीयस्तरमा विपद न्यूनिकरणका उपायहरु सम्बन्धी सूची,<br>• स्थानीयस्तरमा विपद न्यूनिकरणका सम्बन्धमा तयार पारिएको अडियो, भिडियो, | • गृहकार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>• अभिनय र तत्परता<br>• परियोजना कार्य<br>• चित्र, तस्वीर<br>• समूह छलफल<br>• अवलोकन<br>• अध्ययन प्रतिवेदन<br>• रुजु सूची, श्रेणी मापन<br>• प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>• अभिभावक प्रतिक्रिया<br>• क्षेत्र भ्रमण<br><br>उदाहरण<br>• मझिटो प्रशोधन गर्ने तरिका लेख ।<br>• जनावर र मानवबिचको सम्बन्ध वर्णन गर्नुहोस् ।<br>• स्थानीयस्तरमा सबैभन्दा बढी कुन कुन जनावरबाट के के कुरामा समस्या देखिएको छ ?<br>• स्थानीयस्तरमा विपद न्यूनिकरणमा उपायहरुको सूची तयार पार ।<br>• स्थानीय जडीबुटी प्रसोधन, जनावर र मानवबिचको अन्तरसम्बन्ध, | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | • जनावरबाट मानिसलाई के फाइदा हुन्छ भनी विद्यार्थीलाई सोधी आवश्यक पृष्ठपोषण दिनु,<br>• जनावरबाट स्थानीयस्तरमा देखिएका समस्याहरु तथा समाधानका उपायहरु सम्बन्धमा विद्यार्थीसँग छलफल गरी आवश्यक कुराहरु टिपोट गर्दै जाने,<br>• जनावरबाट स्थानीयस्तरमा भएका समस्या तथा समाधानका उपायहरु सम्बन्धमा स्थानीय व्यक्तिहरुसँग सोधपुछ तथा छलफल गर्ने, गराउने,<br>• जनावरबाट स्थानीयस्तरमा भएको समस्या र समाधानका उपायहरुको चार्ट, पोष्टर, चित्र, आदिबाट छलफल गर्ने गराउने,<br>• जनावरबाट भएको समस्या र समाधनका उपायहरुको अडियो, भिडियो मार्फत छलफल गर्ने गराउने,<br>• जनावरले पारेका समस्याका बारेमा शिक्षकले पृष्ठपोषण दिने, | | जनावरबाट स्थानीयस्तरमा देखिएका समस्या तथा स्थानीयस्तरमा विपद न्यूनिकरणका उपायसँग सम्बन्धित जोडा मिलाउने, ठिक बेठिक छुट्टयाउने, खाली ठाउँ भर्ने, आदि प्रश्नहरू तयार पारी छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ। | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | • स्थानीयस्तरमा हुने विपद न्यूनिकरणका उपायहरु सम्बन्धमा विद्यार्थीहरुसँग सोधपुछ गरी टिपोट गर्ने,<br>• स्थानीय स्तरमा हुने विपद न्युनिकरणका उपायहरुका चित्र, पोष्टर, आदिबाट छलफल गर्ने गराउने,<br>• स्थानीय स्तरमा हुने विपद व्यवस्थापन सँग सम्बन्धित संघ, संस्था सँग समन्वय र छलफल गर्ने, गाराउने,<br>• शिक्षकले तयार पारेको विपद न्यूनिकरण सम्बन्धी विभिन्न सन्दर्भ सामग्रीबाट छलफल गर्ने गराउने,<br>• विद्यार्थीलाई स्थानीय विपद न्यूनिकरणका उपायहरु लेख्न लगाउने, | | | |
| ८. ग्रामिण विकास, प्रदुषण तथा सरसफाइ | सरसफाई व्यवस्थापन फोहोरमैलाको पुनः प्रयोग | • सरसफाई व्यवस्थापनमा स्थानीय तहले सञ्चालन गरेका कार्यहरु बताउन,<br>• फोहोरमैलाको पुनः प्रयोगबाट हुने फाइदाहरुको सूची तयार पार्न, | • सरसफाई व्यवस्थापनमा स्थानीय तहका कार्यहरु,<br>• फोहरमैलाको पुनः प्रयोगबाट हुने फाइदाहरु, | • स्थानीय तहले सरसफाई कार्यक्रम सञ्चालन गरेका स्थानहरुको अवलोकन गर्ने गराउने,<br>• सरसफाई व्यवस्थापनमा स्थानीय तहले सञ्चालन गरेका कार्यहरुको चित्र, पोष्टर, सूची, आदिबाट छलफल गर्ने गराउने,<br>• सरसफाई व्यवस्थापनमा स्थानीय तहले गरेका | • सरसफाई व्यवस्थापनमा स्थानीय तहले कार्यक्रम सञ्चालन गरेका स्थान,<br>• सरसफाई व्यवस्थापनका चित्र, पोष्टर आदि<br>• सरसफाई व्यवस्थापनसँग सम्बन्धित अडियो, भिडियो, | • गृहकार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>• अभिनय र तत्परता<br>• परियोजना कार्य<br>• चित्र, तस्वीर<br>• समूह छलफल<br>• अवलोकन<br>• अध्ययन प्रतिवेदन<br>• रुजु सूची, श्रेणी मापन | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | कार्य सम्बन्धमा स्थानीय तहसँग समन्वय तथा छलफल गर्ने गराउने,<br>• सरसफाई व्यवस्थापनमा स्थानीय तहले सञ्चालन गरेका कार्यहरुको अडियो, भिडियो मार्फत छलफल गर्ने गराउने,<br>• शिक्षकले विभिन्न सन्दर्भ सामग्रीबाट सरसफाई व्यवस्थापनमा स्थानीय तहले सञ्चालन गरेका कार्यहरु छलफल गर्ने गराउने,<br>• सरसफाई व्यवस्थापनमा स्थानीय तहले सञ्चालन गरेका कार्यहरुको वर्णन गर्न लगाउने,<br>• फोहोरमैलाको पुनः प्रयोग भइरहेको स्थानको अवलोकन गर्ने गराउने,<br>• फोहोरमैलाको पुनः प्रयोगका चित्र, पोष्टर, आदिबाट छलफल गर्ने गराउने,<br>• फोहोरमैलाको पुनः प्रयोगबाट हुने फाइदाहरुको चार्टबाट छलफल गर्ने गराउने,<br>• फोहोरमैलाको पुनः प्रयोगबाट हुने फाइदाको अडियो, | • सम्बन्धित स्थानीय तह,<br>• सरसफाई व्यवस्थापनसँग सम्बन्धित संघ संस्था वा व्यक्तिहरु,<br>• फोहोरमैलाको पुनः प्रयोग भइरहेको स्थान,<br>• फोहोरमैला पुनः प्रयोगका फाइदाको चार्ट,<br>• फोहोरमैला पुनः प्रयोगमा संलग्न व्यक्तित्वहरु,<br>• फोहोरमैला पुनः प्रयोगका फाइदा सम्बन्धमा तयार पारिएको अडियो, भिडियो, | • प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>• अभिभावक प्रतिक्रिया<br>• क्षेत्र भ्रमण<br><br>उदाहरण<br>• सरसफाई व्यवस्थापनमा स्थानीय तहले सञ्चालन गरेका कार्यहरुको वर्णन गर ।<br>• फोहोरमैला पुनःप्रयोगबाट हुने फाइदाहरुको सूची तयार पार ।<br>• सरसफाई व्यवस्थापनमा स्थानीय तहले सञ्चालन गरेका कार्यहरु र फोहोरमैलाको पुनःप्रयोगबाट हुने फाइदा सम्बन्धमा जोडा मिलाउने, ठिक बेठिक छुट्ट्याउने, खाली ठाउँ भर्ने, आदि प्रश्नहरू तयार पारी पारी छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| | | | | भिडियो मार्फत छलफल गर्ने गराउने,<br>● फोहोरमैलाको पुनः प्रयोगबाट हुने फाइदाहरुको सूची तयार गर्न लगाउने, | | | |
| ९.सामाजिक संघसंस्थाहरू | सामाजिक संघसंस्थाहरूका कार्यमा स्थानीय तह तथा सरोकारवालाहरुको भूमिका | ● गाउँपालिकाभित्र क्रियाशील सामाजिक संघ संस्थाहरुले सञ्चालन गर्ने कार्यमा स्थानीय तह तथा सरोकारवालाहरुको भूमिका वर्णन गर्न, | ● सामाजिक संघ संस्थाका कार्यमा स्थानीय तह तथा सरोकारवालाहरुको भूमिका, | ● सामाजिक संघ संस्थाहरूले सञ्चालन गरेका कार्यहरुको अवलोकन गराउने,<br>● सामाजिक संघसंस्थाले गरेका कार्यहरु टिपोट गरी छलफल गर्ने गराउने,<br>● सामाजिक संघ संस्थाहरुले गरेका कार्यमा स्थानीय तहले गरेको सहयोग वा खेलको भूमिका सम्बन्धी चित्र, पोष्टर, आदिबाट छलफल गर्ने गराउने,<br>● सामाजिक संघ संस्थाले गरेका काममा स्थानीय तह तथा सरोकारवालाहरुले खेलेको भूमिका सम्बन्धमा तयार पारिएका अडियो/भिडियो सुनाउने/देखाउने र छलफल गराउने,<br>● सामाजिक संघ संस्थाहरुले गरेका कार्यमा स्थानीय तहले गरेको सहयोग वा खेलको भूमिका सम्बन्धमा शिक्षकले | ● सामाजिक संघ संस्थाका कार्यमा स्थानीय तह तथा सरोकारवालाहरुको भूमिका चित्र/तस्विर/पोष्टर<br>● गाउँपालिका भित्र क्रियाशील सामाजिक संघ संस्था,<br>● गाउँपालिका भित्र क्रियाशील सामाजिक संघ संस्थाको कार्यमा स्थानीय तह तथा सरोकारवालाहरुको भूमिकाका चित्रपत्ती/शब्दपत्ती तथा काम/सेवाहरूका वाक्य/शब्दपत्तीहरू<br>● स्थानीय निकाय तथा सरोकारवालाहरु,<br>● गाउँपालिका भित्र क्रियाशील सामाजिक संघ संस्थाका कार्यमा स्थानीय तह तथा सरोकारवालाहरुको | ● गृहकार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>अभिनय र तत्परता<br>परियोजना कार्य<br>चित्र, तस्बिर<br>समूह छलफल<br>अवलोकन<br>अध्ययन प्रतिवेदन<br>रुजु सूची, श्रेणी मापन<br>प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>अभिभावक प्रतिक्रिया<br>विद्यार्थी पोर्टफोलियो<br>क्षेत्र भ्रमण<br>उदाहरण<br>● गाउँपालिका भित्र क्रियाशील सामाजिक संघ संस्थाको कार्यमा स्थानीय तह तथा सरोकारवालाहरुको भूमिकाको वर्णन गर ।<br>● गाउँपालिका भित्र क्रियाशील सामाजिक संघ संस्थाको कार्यमा स्थानीय समुदायले कसरी सहयोग | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | आवश्यक पृष्ठपोषण दिने,<br>● सामाजिक संघ संस्थाहरुले गरेका कार्यमा स्थानीय तह तथा सरोकारवालाले खेलेको भूमिकाको वर्णन गर्न लगाउने, | खेलेको भूमिका सम्बन्धी अडियो, भिडियो, | पुऱ्याएको छ, वर्णन गर ।<br>● गाउँपालिका भित्र क्रियाशील सामाजिक संघ संस्थाको कार्यमा स्थानीय समुदायले खेलेको भूमिका सम्बन्धमा जोडा मिलाउने, ठिक बेठिक छुट्टयाउने, खाली ठाउँ भर्ने, आदि प्रश्नहरू तयार पारी पारी छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |
| १०.बाल/पोषणमैत्रीस्थानीय शासन | बाल क्लब<br><br>बाल अधिकार<br><br>पोषण | ● बालक्लबको अवधारणा बताउन,<br>● बाल अधिकार सम्बन्धी कानून तथा दस्तावेजहरुको बर्णन गर्न,<br>● पोषणको उद्धेश्य बताउन । | ● बालक्लबको अवधारणा,<br>● बालअधिकार सम्बन्धी कानुन र दस्तावेजहरु<br>● पोषण सम्बन्धी कानूनी व्यवस्थाहरु | ● स्थानीय तहमा बालक्लबले गरेका गतिविधिका विषयमा अवलोकन र छलफल गर्ने,<br>● विद्यालयमा बालक्लबले गरेका क्रियाकलापहरुको अवलोकन गराई छलफल गर्ने गराउने,<br>● बालक्लवको अवधारणा सम्बन्धी चित्र, पोष्टर, आदि,<br>● बालक्लबको अवधारणा सम्बन्धमा तयार पारिएका अडियो, भिडियो मार्फत छलफल गर्ने गराउने,<br>● बालक्लबको अवधारणाको चार्टबाट छलफल गराउने, | ● विद्यालय तथा स्थानीय बालक्लब,<br>● बालक्लब पोषणको अवधारणा सम्बन्धी चित्र, पोष्टर, चार्ट,<br>● बालक्लब पोषणको अवधारणा सम्बन्धमा तयार पारिएको अडियो/भिडियो<br>● बालक्लब पोषणको अवधारणा चार्ट,<br>● बाल अधिकार र षोषण सम्बन्धी कानुन तथा दस्तावेज,<br>● बाल अधिकार र पोषण सम्बन्धी कानुन तथा दस्तावेज सम्बन्धको अडियो, भिडियो, | ● गृहकार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>● अभिनय र तत्परता<br>● परियोजना कार्य<br>● चित्र, तस्बिर<br>● समूह छलफल<br>● अवलोकन<br>● अध्ययन प्रतिवेदन<br>● रुजु सूची, श्रेणी मापन<br>● प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>● अभिभावक प्रतिक्रिया<br>● क्षेत्र भ्रमण<br><br><u>उदाहरण</u><br>● बालक्लबको अवधारणा देऊ । | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | ● बालक्लबसँग सम्बन्धित व्यक्तिहररुसँग छलफल गरी बालक्लको अवधारणा दिन लगाउने,<br>● बालक्लबको अवधारणा लेख्न र भन्न लगाउने,<br>● बाल अधिकारका क्षेत्रमा क्रियाशील संघ संस्थाको अवलोकन गराई छलफल गर्ने गराउने,<br>● बाल अधिकारसँग संलग्न व्यक्तिहरुसँग छलफल गर्ने गराउने,<br>● बाल अधिकारसँग सम्बन्धित कानुन तथा दस्तावेजहरु खोजी गरी अध्ययन गर्न लगाउने,<br>● बाल अधिकारसँग सम्बन्धित कानुन तथा दस्तावेजहरु सम्बन्धी अडियो, भिडियो मार्फत छलफल गर्ने गराउने,<br>● बाल अधिकारसँग सम्बन्धित कानुन र दस्तावेजहरुको विषयमा शिक्षकले आवश्यक पृष्ठपोषण दिने,<br>● विद्यार्थीलाई बाल अधिकारसँग सम्बन्धित कानुन र दस्तावेजहरुको वर्णन गर्न लगाउने, | ● बाल अधिकार र पोषणसँग सम्बन्धित संघ संस्थाहरु, | ● बालक्लब भनेको कस्तो क्लब हो ?<br>● बाल अधिकार सम्बन्धी महासन्धीमा उल्लेख गरिएका मूख्य मूख्य बुँदाहरु टिपोट गर ।<br>● नेपालमा सर्वप्रथम बालबालिका सम्बन्धी ऐन कहिले बनेको थियो ?<br>● बालक्लबको अवधारणा तथा बाल अधिकार सम्बन्धी कानून तथा दस्चावेजहरु सम्बन्धमा जोडा मिलाउने, ठिक बेठिक छुट्ट्याउने, खाली ठाउँ भर्ने, आदि प्रश्नहरू तयार पारी छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |
| ११. सूचना तथा सञ्चार प्रविधि | सूचना तथा सञ्चार प्रविधि | ● ईन्टरनेटको परिचय दिन, | ● कम्पयुटरको परिचय,<br>● कम्प्युटरको आवश्यकता, | ● कम्प्युटरको चित्र, पोष्टर मार्फत छलफल गर्ने, गराउने, | ● कम्प्युटरको चित्र, पोष्टर,<br>● कम्प्युटरको नमूना, | ● गृहकार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | • कम्प्युटरको आवश्यकता बताउन,<br>• कम्प्युटरमा MS Excle program को अभ्यास गर्न, | • MS Word Programm को अभ्यास, | • कम्प्युटरको परिचय बारे विद्यार्थीहरुलाई सोधी टिपोट गर्दै जाने,<br>• कम्प्युटरको परिचय चार्टबाट छलफल गर्ने गराउने,<br>• कम्प्युटरको परिचय सम्बन्धमा तयार पारेका अडियो/भिडियो सुनाउने/प्रदर्शन गराउने,<br>• कम्प्युटरको परिचय सम्बन्धी विभिन्न सन्दर्भ सामग्रीबाट शिक्षकले पृष्ठपोषण दिने,<br>• कम्प्युटरले गर्ने विभिन्न काम तथा त्यसबाट हुने फाइदाका चार्ट, पोष्टर आदिबाट छलफल गर्ने गराउने,<br>• कम्प्युटरको उपयोग तथा आवश्यकताका बारेमा विद्यार्थीलाई सोधी आवश्यक कुराहरु टिपोट गर्ने, गराउने,<br>• कम्प्युटरको आवश्यकता सम्बन्धमा तयार पारिएको अडियो, भिडियो मार्फत आवश्यक छलफल गर्ने गराउने,<br>• कम्प्युटरको आवश्यकता सम्बन्धी विभिन्न सन्दर्भ सामग्री मार्फत विद्यार्थीलार्य पृष्ठपोषण दिने, | • वाक्यपत्ती, परिचय चार्ट,<br>• कम्प्युटरको आवश्यकताको सूची,<br>• कम्प्युटरको परिचय र अवश्यकता सम्बन्धी अडियो/भिडियो<br>• माइक्रोसफट् वर्डको विभिन्न Menu तथा sub menu हरुको चार्ट,<br>• कम्प्युटर प्रयोगशाला,<br>• कम्प्यूटरसँग सम्बन्धित विज्ञ (उपलब्ध भएमा) | • अभिनय र तत्परता<br>• परियोजना कार्य<br>• चित्र, तस्वीर<br>• समूह छलफल<br>• अवलोकन<br>• अध्ययन प्रतिवेदन<br>• रुजु सूची, श्रेणी मापन<br>• प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>• अभिभावक प्रतिक्रिया<br>• क्षेत्र भ्रमण<br><br><u>उदाहरण</u><br>• कम्प्युटरको परिचय देऊ ।<br>• कम्प्युटरको आवश्यकताको सूची तयार पार ।<br>• Ms-Word Program मा file menu भित्र कुन कुन Sub-menu हुन्छन् ? सूची तयार पार ।<br>• Ms-Word Program मा file menu भित्र रहेको Print, Sub-menu को कार्य के हो ?<br>• कम्प्यूटरको परिचय, आवश्यकता तथा MS-Word Program सँग | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | • विद्यार्थीरुलाई कक्षाकोठामा MS word Program का सम्बन्धमा जानकारी दिई शुरुमा कम्प्यूटर खोल्ने, बन्द गर्ने कुराहरुको अभ्यास गराउने,<br>• विद्यार्थीलाई MS Word Program का menu तथा त्यस भित्र रहेका Sub-menu हरुको जनकारी गराउँदै | | सम्बन्धित जोडा मिलाउने, ठिक बेठिक छुट्टयाउने, खाली ठाउँ भर्ने, आदि प्रश्नहरू तयार पारी पारी छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |
| १२. पर्यटन प्रवर्द्धन | हाम्रा पर्यटकीय स्थलहरू | • गाउँपालिका भित्रका पर्यटकीय स्थलको संरक्षणमा समुदायको भूमिका बताउन,<br>• गाउँपालिका भित्रका पर्यटकीय स्थलको संरक्षणमा सहभागिता जनाउन, | • पर्यटकीय स्थलको संरक्षणमा समुदायको भूमिका,<br>• पर्यटकीय स्थलको संरक्षणमा सामुदायिक सहभागिता, | • समुदायले संरक्षण गरिरहेको गाउँपालिका भित्रको पर्यटकीय स्थलको अवलोकन भ्रमण गराई आवश्यक छलफल गर्ने गराउने,<br>• गाउँपालिका भित्रका पर्यटकीय स्थलको संरक्षणमा समुदायको भूमिकाको चित्र, पोष्टर, आदि देखाउँदै छलफल गर्ने गराउने,<br>• गाउँपालिका भित्रका पर्यटकीय स्थलको संरक्षणमा समुदायले के कस्तो भूमिका निर्वा गर्न सक्छन् ? भनी विद्यार्थीलाई सोधी टिपोट गर्दै जाने,<br>• विद्यार्थीलाई पुनः तिमीले वा तिम्रो समुदायले पर्यटकीय स्थलको संरक्षणमा के | • स्थानीय पर्यटकीय स्थलहरूको संरक्षणमा समुदायको भूमिका झल्कने चित्र/पोष्टर,<br>• स्थानीय पर्यटकीय स्थलहरू,<br>• स्थानीय समुदाय,<br>• चित्रपत्ती/नामपत्ती,<br>• पर्यटकीय स्थलहरुको नक्सा,<br>• स्थानीय पर्यटकीय स्थलहरूको संरक्षणमा समुदायको भूमिका र सहभागिता सम्बन्धमा तयार पारिएको अडियो/भिडियो, आदि । | • गृहकार्य तथा कक्षा कार्यमा सक्रियता तथा सहभागिता<br>• अभिनय र तत्परता<br>• परियोजना कार्य<br>• चित्र, तस्वीर<br>• समूह छलफल<br>• अवलोकन<br>• अध्ययन प्रतिवेदन<br>• रुजु सूची, श्रेणी मापन<br>• प्रश्नोत्तर/छलफल (लिखित, मौखिक)<br>• अभिभावक प्रतिक्रिया<br>• क्षेत्र भ्रमण<br><br><u>उदाहरण</u><br>• गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलको संरक्षणमा स्थानीय समुदायको भूमिका लेख । | |

| क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण कार्यकलाप | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया/साधन | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | के सहयोग गरेका छौ ? भनी सोधी पालेपालो छलफल गर्ने गराउने,<br>● पालिका भित्रका पर्यटकीय स्थलको संरक्षणमा स्थानीय समुदायको भूमिका सम्बन्धमा तयार पारिएका अडियो, भिडियो मार्फत छलफल गर्ने गराउने,<br>● शिक्षकले पालिका भित्रका पर्यटकी स्थलहरुको संरक्षणमा समुदायको भूमिका के के हो ? भन्नेबारे विद्यार्थीलाई आवश्यक पृष्ठपोषण दिने,<br>● पर्यटकीय स्थलमा समुदायको सक्रियताको चित्र, पोष्टर, अडियो, भिडियो, आदि मार्फत स्थानीय समुदायलाई संरक्षण कार्यमा सहभागी हुन अभिप्रेरित गर्ने, | | ● गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरुको संरक्षणमा स्थानीय समुदायले के के गर्न सक्छन् ?<br>● गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरुको संरक्षणमा तिमीले के गऱ्यौ ? व ागर्न सक्छौ ?<br>● गाउँपालिका भित्र रहेका पर्यटकीय स्थालहरुको संरक्षणमा समुदायको भूमिका र सहभागिता सम्बन्धमा जोडा मिलाउने, ठिक बेठिक छुट्टयाउने, खाली ठाउँ भर्ने, आदि प्रश्नहरू तयार पारी छलफल गराएर लिखित वा मौखिक र प्रयोगात्मक मूल्याङ्कन गर्न सकिन्छ । | |

## ८. स्थानीय पाठ्यक्रमको अङ्कभार र मूल्याङ्कन प्रक्रिया

### क) सैद्धान्तिक पक्ष

यो परीक्षा **५०** पूर्णाङ्कको हुनेछ । पाठ्यक्षेत्र तथा विषयवस्तुको प्रकृति एवम् पाठ्यघण्टा समेतको आधारमा ज्ञान र बोध तहका ४५ प्रतिशत, सिप/प्रयोग तहका ३५ प्रतिशत र उच्च दक्षताका २० प्रतिशत पर्ने गरी प्रश्न निर्माण गर्नुपर्ने छ ।

### (ख) प्रयोगात्मक पक्ष

प्रयोगात्मक पक्षका लागि देहायका आधारहरूमा देहाय बमोजिम अङ्कभार तोकिएको छ :

| क्र.सं. | विषय क्षेत्र | अङ्कभार |
|---|---|---|
| १ | सोधखोज गरी प्रतिवेदन तयारी तथा प्रविधि उपयोग सहितको प्रस्तुति | १२ |
| २ | प्रयोगात्मक कार्यको अभिलेख | ८ |
| ३ | स्थानीय ऐतिहासिक, भौगालिक,वातावरणीय लगायतका क्षेत्रका वस्तु सङ्कलन, अभिलेखीकरण | ४ |
| ४ | लघु परियोजना कार्य (योजनाको खाका निर्माण ) | ४ |
| ५ | मौखिक परीक्षा | ४ |
| ६ | चेतनामूलक कार्य सञ्चालन | ४ |
| ७ | शिष्टाचार,अनुशासन,सरसफाइ व्यवस्थापन, अभिनय लगायतका व्यक्तित्व विकासका कार्यमा गरेको सक्रिय सहभागिता र सो को अभिलेख | १० |
| ८ | सहपाठी तथा सिकाइ समूहबाट मूल्याङ्कन | ४ |
| | जम्मा | **५०** |

## ९. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनोट गर्दा ध्यान दिनुपर्ने पक्षहरू:

सम्बन्धित विषय क्षेत्रमा प्रयोग हुने शिक्षण विधि तथा प्रविधि चयन गर्दा ध्यानदिनुपर्ने केही महत्त्वपूर्ण पक्षहरू यहाँ उल्लेख गरिएका छन् :

१. **सक्षमता तथा सिकाइ उपलब्धिहरू**: पाठ्यक्रममा उल्लेखित लक्ष्य तथा उद्देश्यहरू अनुसारका सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने शिक्षण विधि छनोट गर्नुपर्छ ।

२. **विषयवस्तुको स्वरूप**: विषयवस्तुको स्वरूप अनुसार शिक्षण सिकाइका रणनीति, विधि तथा प्रक्रिया छनोट गर्नुपर्दछ ।

३. **बाल मनोविज्ञान**: सिकारुको इच्छा, रुचि, क्षमता तथा योग्यता, प्रवृत्ति, पूर्वज्ञान आदिलाई ध्यानदिई शिक्षण विधि छनोट गर्नुपर्दछ । त्यस्ता विधिले विद्यार्थीलाई उत्प्रेरित गर्न सक्नुपर्छ ।

४. **स्रोत साधनहरूको उपलब्धता**: शिक्षण विधि तथा रणनीति आर्थिक, मानवीय, भौतिक आदि दृष्टिले उपयुक्त र स्थानीय स्रोत साधनको अधिकतम प्रयोग हुन सक्ने हुनुपर्छ ।

५. **विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थिति**: शिक्षण विधि तथा रणनीति छनोट गर्दा विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थितिसँग मेल खाने हुनुपर्दछ ।

६. **समय र विद्यार्थी सङ्ख्या**: उपलब्ध समय र विद्यार्थी सङ्ख्याले पनि शिक्षण विधि तथा रणनीति छनोटमा प्रभाव पर्दछ ।

## १०. शिक्षण सिकाइ क्रियाकलाप देहायका विविधतायुक्त विधि तथा रणनीतिहरूको उपयोग गरी सञ्चालन गर्नुपर्दछ:

१.**कथाकथन एवम् गीत**: यस विधिमा विषयवस्तुलाई कथाको रूपमा प्रस्तुति तथा अवधारणालाई गीतका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ ।

२.**आगमन विधि**: यसमा सूचनाहरूको सङ्कलन, अवलोकन, विश्लेषण, अनुमान, पुष्टि तथा निष्कर्षको प्रक्रिया प्रयोग गरिन्छ ।

३.**भूमिका निर्वाह/अभिनय**: यसमा सन्दर्भ र भूमिकाको बारेमा छलफल तथा निर्धारण, भूमिका बहन, छलफल र निष्कर्ष निकाल्ने कार्य गरिन्छ ।

४. **निर्माणात्मक कक्षा**: यस विधिमा मष्तिस्क मन्थन, पाठसम्बन्धी पूर्वज्ञानको पहिचान, अन्तरक्रियात्मक कार्य (जस्तै : वैयक्तिक चिन्तन, समूहकार्य, प्रश्नोत्तर), आवश्यकता अनुसार टेवा प्रदान र विचार आदानप्रदान गरी निष्कर्ष

निकालिन्छ ।

**५. सहयोगात्मक कक्षा**: यसमा सामान्यतया समूह विभाजन, समस्या र विषयवस्तु प्रस्तुति, समूहमा छलफल र निष्कर्ष वा समाधान निकालिन्छ ।

**६. परियोजना कार्य**: विद्यार्थीको उमेर र स्तर अनुसारका विभिन्न परियोजना कार्य दिई विद्यार्थीले आफैँ खोज्ने तथा गरेर सिक्ने अवस्था सिर्जना गर्न सकिन्छ ।

**७. छलफल र प्रश्नोत्तर**: यसमा शिक्षक विद्यार्थी, विद्यार्थी शिक्षक, विद्यार्थी विद्यार्थी बीचमा प्रश्न र उत्तर गर्न सकिन्छ । प्रश्नहरूले स्मरणको प्रत्याह्वान भन्दा पनि विद्यार्थीलाई सोच्न, कारण खोज्न, सिर्जनात्मक तथा रचनात्मक सोचाइलाई प्रोत्साहन गर्न सक्नुपर्छ । त्यसै गरी प्रश्नोत्तर र छलफलमा कक्षामा सबैका अगाडि प्रश्न सोध्ने, एकछिन पर्खने, कुनै पनि विद्यार्थीलाई तोकेर उत्तर दिन लगाउने, उत्तर राम्रोसँग सुन्न र अन्तमा छलफल र मूल्याङ्कन गर्ने प्रक्रिया प्रयोग गर्न सकिन्छ ।

**८. अन्वेषण, अनुसन्धान तथा खोज**: यसमा समस्या वा प्रश्नको प्रस्तुति, गर्नुपर्ने र खोज कार्य र तरिकाको बारेमा छलफल गरी विद्यार्थीहरूद्वारा खोज गरी निष्कर्ष प्रस्तुति र पृष्ठपोषण दिइन्छ ।

**९. प्रविधियुक्त कक्षा**: मोबाइल, कम्प्युटर, प्रोजेक्टर, मोबाइल, रेडियो आदिको उपयोग गरी धारणाहरूको दृश्याङ्कन गर्न सकिन्छ ।

**१०. सिर्जनात्मक कार्य**: यसमा चित्र निर्माण, रङ भर्ने, कागज काट्ने र पट्याउने, सम्बन्ध स्थापना जस्ता कार्यहरूद्वारा सिकाइ गर्न सकिन्छ ।

**११. समस्या समाधान विधि**: यस विधिमा समस्यालाई बुझ्ने, योजना निर्माण, योजना कार्यान्वयन, पछाडि फर्केर हेर्ने र परिणामलाई जाँच्ने प्रक्रियाद्वारा समस्या समाधान गरिन्छ ।

**१२. खेल विधि**: यसमा विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी अभ्यास गराइन्छ ।

**१३. प्रयोगात्मक विधि**: यसमा कक्षाकोठा भित्र र बाहिर प्रयोगात्मक कार्यका माध्यमबाट सिकाइ कार्य गराइन्छ ।

**१४. भ्रमण**: विभिन्न स्थानको भ्रमण गराई त्यहाँका अनुभव र सिकेको कुरा छलफल तथा प्रत्यावर्तन गराइन्छ ।

**१५. प्रदर्शन विधि**: विषयवस्तुसँग सम्बन्धित तस्बिर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्री प्रदर्शन गरिन्छ ।

**१६. स्वाध्ययन तथा छलफल**: विभिन्न किसिमका सामग्रीका अध्ययनको माध्यमबाट सिकाइ गर्दा सामग्री छनोट, अध्ययन र धारणा वा विचार निर्माण गरिन्छ र यसलाई आवश्यकतानुसार विद्यार्थी बिच छलफल गराउन सकिन्छ ।

**१७. अन्तरक्रिया**: यसमा छलफलको योजना र तयारी, बृहत् समूहमा छलफल सञ्चालन वा समूह विभाजन, कार्यसूची बाँडफाँड तथा कार्य सञ्चालन, प्रस्तुतीकरण, तुलना, विश्लेषण तथा मूल्याङ्कन र निष्कर्ष निकालिन्छ ।

**१८. विद्यार्थीहरूमा व्यवहार कुशल सीपहरूको प्रयोग**: जस्तै सहयोगी सीपहरू, वैयक्तिक सीपहरू, समालोचनात्मक तथा सिर्जनात्मक सोचाइ सिपहरू, नवप्रवर्तन र व्यवसायिक सीपहरूको विकासलाई प्राथमिकतामा राखी विभिन्न क्रियाकलापहरू निर्माण गरिनुपर्छ ।

## ११. शिक्षण सिकाइका क्रममा विद्यार्थीको नियमित मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरू निम्नअनुसार छन्:

१. **कक्षा सहभागिता**: नियमित रूपमा कक्षामा नआउँदा शिक्षण सिकाइकार्य कमजोर हुने भएकाले नियमित रूपमा हाजिरी र कक्षामा सहभगितामा पनि ध्यान दिनुपर्छ । विद्यार्थीको कक्षाकार्यमा सहभागिताको परीक्षण गर्ने विभिन्न साधनहरू तयार गरी विद्यार्थीको उपलब्धि र सक्षमताको मूल्याङ्कन गर्न सकिन्छ ।

**२. लिखित तथा मौखिक कार्य**: अध्ययन अध्यापनका क्रममा कुराकानी तथा छलफल लगायत लिखित तथा मौखिक प्रश्नहरू गरेर पनि सिकाइ अवस्थाका बारेमा जानकारी लिन सकिन्छ । सबै कक्षामा छोटा छोटा कक्षा परीक्षा सञ्चालन गरी विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । यस्ता परीक्षाहरू औपचारिक किसिमका र लामा नभई अनौपचारिक स्वरूपका छोटा हुनु उपयुक्त हुन्छ । विषयवस्तुको स्वरूप तथा परीक्षण गरिने सिकाइउपलब्धिलाई विचार गरेर लिखित वा मौखिक प्रतिक्रिया प्राप्त हुने परीक्षाहरू सञ्चालन गर्न सकिन्छ । त्यस्तै, कक्षामा गर्न दिएका कार्य नियमित रूपमा सक्रियतापूर्वक गरे नगरेका, यदि गरेको भए सही रूपमा गरे वा नगरेको हेरी विद्यार्थीको मूल्याङ्कन गर्नुपर्छ । विद्यार्थीले सही रूपमा कक्षाकार्य नगरेको भए आवश्यक पृष्ठपोषण दिनुपर्दछ । कक्षामा गर्न नसकिएका कार्यहरू र थप अभ्यास गर्न केही गृहकार्य पनि दिन सकिन्छ । गृहकार्य गराइको मूल्याङ्कन गरी थप पृष्ठपोषण दिन सकिन्छ ।

**३. परियोजना तथा प्रयोगात्मक कार्य**: विद्यार्थीको क्षमता, स्तर र पाठ्यवस्तुसँग मिल्दा परियोजनाकार्य गर्न दिनुपर्छ । यसमा चरणबद्ध र व्यवस्थित रूपमा पूरा कार्य गरे वा नगरेको अवलोकन तथा अध्ययन गरी आवश्यक भए थप सुझाव दिनुपर्दछ ।

**४. अवलोकन**: सिकेका कुरा व्यवहारमा प्रयोग गरे वा नगरेको, कार्यसम्पादन गर्न सके वा नसकेको अवलोकन गरी पृष्ठपोषण दिन सकिन्छ ।

**५. विद्यार्थीका कार्यको प्रदर्शन**: विद्यार्थीले गरेका कार्यहरूको प्रदर्शन गराई उनीहरूको कार्यको मूल्याङ्कन गर्न सकिन्छ । यसमा सिर्जनात्मक कार्य (कविता निबन्ध, कथा लेखन, चित्र बनाउने आदि)को प्रदर्शन पनि गराउन सकिन्छ ।

**६. घटनावृत्त अभिलेख:** विद्यार्थीले कुनै घटनामा प्रदर्शन गरेका व्यवहार तथा कार्यको विवरण सङ्कलन तथा व्याख्या गरी विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ ।

**७. छोटा परीक्षा:** कुनै विषयवस्तुको सिकाइपश्चात् विषयवस्तुको प्रकृतिअनुसार लिखित तथा मौखिक परीक्षाहरू सञ्चालन गर्न सकिन्छ । यस्ता परीक्षाहरू अनौपचारिक रूपमा सञ्चालन गर्नुपर्छ । यस्तो अनौपचारिक रूपमा सञ्चालन गरिने परीक्षाले विद्यार्थीहरूलाई परीक्षाको त्रासबाट मुक्त गर्न सहयोग पुग्नाका साथै सहज ढङ्गबाट सिकाइ मूल्याङ्कन गर्न सकिन्छ ।

**८. स्वपाठ र सहपाठी मूल्याङ्कन**: विद्यार्थीले आफूले के कति सिक्न सके भनी सिकाइसँग सम्बन्धित विभिन्न कार्य सम्पादन लगायत अन्य माध्यमबाट सिकाइ अवस्थाको मूल्याङ्कन गरी स्वःपृष्ठपोषण प्राप्त गरी सिकाइ सुधारको अवसर सिर्जना गर्न सकिन्छ । विद्यार्थीले आफ्नो सिकाइ तथा कार्यबाट अनुभव तथा सिकाइको प्रत्यावर्तन गर्ने विभिन्न नमुनाहरूमा विद्यार्थीलाई प्रत्यावर्तन लेख्न लगाई त्यसका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । त्यसैगरी कक्षामा सहपाठीहरूले एकअर्काका कार्यको मूल्याङ्कन गर्ने, सँगै बसेर गरिएका कार्यको मूल्याङ्कन गर्ने गरी पृष्ठपोषण प्राप्त गर्ने अवसर प्रदान गर्न सकिन्छ ।

**९. अभिभावकको प्रतिक्रिया:** विद्यार्थीले कार्यसम्पादन, व्यवहारमा भएको परिवर्तन र विशिष्ट तथा समग्र सिकाइका बारेमा अभिभावकको राय तथा प्रतिक्रियाबाट पनि विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । यसमा शिक्षक र अभिभावक छलफल गर्ने वा शिक्षक, अभिभावक र विद्यार्थीबिच छलफल गरेर विद्यार्थीलाई आवश्यक पृष्ठपोषण दिन सकिन्छ भने शिक्षकले पनि यसबाट शिक्षण सिकाइ प्रक्रियामा सुधारका लागि आधार पनि प्राप्त हुन सक्छ । विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने उल्लिखित कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ । कक्षाकार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धि सहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमी कमजोरी रहेका छन् र ती कमी कमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

## सन्दर्भ सामागीहरू

कानूनी किताव व्यवस्था समिति(२०७२), नेपालको संविधान,बबरमल, काठमाण्डौः नेपाल सरकार
कानूनी किताव व्यवस्था समिति(२०७४), स्थानीय सरकार सञ्चालन ऐन ,बबरमल, काठमाण्डौ
पाविके (२०६२), प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ (कक्षा १–३), सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र
पाविके (२०६३), राष्टिय पाठ्यक्रम प्रारुप, २०६२  सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र
पाविके (२०६५), प्राथमिक शिक्षा पाठ्यक्रम, २०६५, (कक्षा ४–५) सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र
पाविके (२०६९), आधारभुत तह पाठ्यक्रम, २०६९, (कक्षा ६–८), सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र
पाविके (२०७१), स्थानीय पाठ्यक्रम प्रारुप, २०७१ , (कक्षा ६–८), सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र
पाविके (२०७६), राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ , (कक्षा ६–८), सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र
पाविके (२०७६), स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६, सानोठिमी भक्तपुर
स्थानीय पाठ्यक्रमः बिभिन्न नमूना स्थानिय पाठ्यक्रमहरु

## अनुसूची १

स्थानीय पाठ्यक्रमको ढाँचा

१. स्थानीय पाठ्यक्रमको शीर्षक : **हाम्रो सिलीचोङ**

२. पाठ्यक्रमको प्रकृति : सैद्धान्तिक र प्रयोगात्मक

३. तहः आधारभूत तह (कक्षा ६–८)

४. पूर्णाङ्क : १००

५. साप्ताहिक कार्य घण्टा :  कक्षा ६-८ मा ४ कार्य घण्टा

६. जम्मा कार्य घण्टा : क) कक्षा  ६-८ मा वार्षिक १२८ घण्टा

# अनुसूची २
## प्रयोगात्मक मूल्याङ्कन फाराम

विषयको नाम : ................................ कक्षाः............

| क्र. सं. | विद्यार्थीको नाम | मूल्याङ्कनका क्षेत्र | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रतिवेदन तथा प्रविधि सहितको प्रस्तुति | प्रयोगात्मक कार्यको अभिलेख | स्थानीय ऐतिहासिक, भौगालिक, वातावरणीय लगायतका क्षेत्रका वस्तु सङ्कलन, अभिलेखीकरण | लघु परियोजना कार्य (योजनाको खाका निर्माण) | मौखिक परीक्षा | चेतनामूलक कार्य सञ्चालन | शिष्टाचार,अनुशासन, सरसफाइ व्यवस्थापन, अभिनय लगायतका व्यक्तित्व विकासका कार्यमा गरेको सक्रिय सहभागिता र सोको अभिलेख | सहपाठी तथा सिकाइ समूहबाट मूल्याङ्कन | |
| | | १२ | ८ | ४ | ४ | ४ | ४ | १० | ४ | ५० |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| ६ | | | | | | | | | | |
| ७ | | | | | | | | | | |
| ८ | | | | | | | | | | |
| ९ | | | | | | | | | | |
| १० | | | | | | | | | | |

**शिक्षकको नाम :** **प्रअको नाम :**
**दस्तखतः** **दस्तखतः**

**मितिः**